साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ५७, साउन–असोज २०६९

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**कार्यकारी सम्पादक**
शर्मिला खड्का (दाहाल)

**उपसम्पादक**
पाण्डवराज कार्की

**सहायक सम्पादक**
यशु श्रेष्ठ

**व्यवस्थापक**
गणेशराज रिजाल

**विशेष सहयोगी**
निर्मोही व्यास
राममणि दुवाडी
हरि खनाल
बैरागी जेठा
पुष्करराज भट्ट
गंगा पौडेल
राजनप्रसाद सिलवाल

**प्रतिनिधि**
रमेशमोहन अधिकारी
राममणि पोखरेल
शिरोमणि अर्याल
लक्ष्मी कणेल
गोविन्द ढकाल 'ढुङ्गेली'
शान्ता अजनवी
सुशील मुडभरी
अस्मिता शर्मा
भक्त कार्की
मिलन समीर
लीलाराज दाहाल
जनार्दन खनाल

**आवरण/लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
डंगोल प्रिन्टर्स,
लगन, काठमाडौं

**मूल्य : रु. २५।-**

**कार्यालय :** स्वाभिमानवस्ती डुमरवाना–७, बारा, फोन नं. : ९८४५०९४८५५
**काठमाडौं सम्पर्क :** पो.ब.नं. ९१०९, काठमाडौं, फो.न : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com

## वरिष्ठ एवं आजीवन सदस्यहरू

१. माया ठकुरी, धोबिघाट ललितपुर
२. विश्वराज अधिकारी, वीरगञ्ज पर्सा
३. रुकु कार्की, हेटौंडा मकवानपुर
४. रामप्रसाद अधिकारी, सिमरा बारा
५. ध्रुवकुमार घिमिरे, निजगढ बारा
६. वीणा पोखरेल, चावहिल काठमाडौं
७. पीताम्बरा 'पीयूष', कलङ्की काठमाडौं
८. ललिता दोषी, बुद्धनगर काठमाडौं
९. डा. सुषमा आचार्य, मानभवन ललितपुर
१०. निर्दोषकुमार, स्वाभिमानबस्ती बारा
११. भद्रकुमारी घले, मैतीदेवी काठमाडौं
१२. हरिप्रसाद पाण्डेय, बालाजु काठमाडौं
१३. वासुदेव अधिकारी, सुनौलाबजार धादिङ
१४. दीपेन्द्रसिंह थापा, महादेवस्थान धादिङ
१५. ईशा शाह, पकनाजोल काठमाडौं
१६. भगीरथ मिश्र, दमक झापा
१७. लक्ष्मी शर्मा, बालाजु काठमाडौं
१८. शर्मिला खड्का दाहाल, इटहरी सुनसरी
१९. अनन्तप्रसाद वाग्ले, बासडोल, काभ्रे
२०. छविरमण सिलवाल, मेथिनकोट काभ्रे
२१. अर्जुन पाण्डे, जीवनपुर, धादिङ
२२. कार्तिकेय घिमिरे, हरिवन, सर्लाही

## अनुरोध

- भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा यथाशक्य योगदान गर्नु पत्रिकाको उद्देश्य हो ।
- साहित्यका विविध विधाका रचनाहरूलाई यहाँ स्थान दिइनेछ ।
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनाको सधैं स्वागत गरिन्छ ।
- रचना पठाउँदा कागजको एकापट्टि स्पष्टसँग लेखिएको वा टाइप गरिएको हुनुपर्ने छ ।
- शुद्धसँग प्रिती फन्टमा टाइप गरेर पठाएका रचना मात्र स्वीकार्य हुन सक्नेछन् ।
- रचनामा नाम, ठेगाना र परिचय स्पष्ट हुने गरी लेखिएको हुनुपर्नेछ ।
- प्रकाशनार्थ प्रेषित रचनाहरू चार अङ्कभित्र प्रकाशित नभए अन्यत्र पठाउन सकिनेछ ।
- रचना स्वीकृत-अस्वीकृत गर्ने तथा काँटछाँट गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहीत रहने छ ।
- अस्वीकृत रचना फिर्ता नगरिने हुँदा एकप्रति आफूसँग राखेर मात्र पठाउन सूचित गरिन्छ ।
- प्रकाशित रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुने भएकाले सिर्जनाप्रति गम्भीर हुन पत्रिका सपरिवार आग्रह गर्दछ ।
- पुस्तक समीक्षाका लागि दुई प्रति कृति अनिवार्य रुपमा पठाउनु पर्नेछ ।
- हाम्रो साहित्य कर्मप्रति तपाईं आश्वस्त हुनुभएको खण्डमा संरक्षक सदस्य, वरिष्ठ सदस्य, आजीवन सदस्य, वार्षिक सदस्य, प्रतिनिधि वा सहयोगी बनेर सहभागी बन्न सक्नुहुनेछ ।

# सम्पादकीय

हाम्रो नेपाल । किसानहरूको देश । बहुसङ्ख्यक जनता । कृषिमा निर्भर । खेतीपातीको याम । विचरा किसान । भारी आँखा । असहज मानसिकता । मल पाउँदैनन् । बिउ पाउँदैनन् । पानी पाउँदैनन् । औजार पाउँदैनन् । बजार पाउँदैनन् । सुझाउ पाउँदैनन् । सल्लाह पाउँदैनन् । परम्परागत पद्धति । बोकेर काँधमा । थुमथुम्याएर छाति । डुल्छन् यत्रतत्र । खियाएर पैंताला । पाउँदैनन् उपलब्धि । त्यसैले छरिन्छन् । दर्फरिन्छन् हत्केला । अन्त्यमा निरासा । च्यापेर काखी । फर्कन्छन् घर । धिक्कारेर कर्म । सरापेर आफैंलाई । बाँच्ने बाध्यता । भैरहेछ निरन्तर । नमीठो विडम्बना । बाँचिरहेछ हिजोदेखि ।

उनीहरुका अगाडि । सपनाको थुप्रो । उभिएको ठिङ्ग । देखाएर दाँत । हाँस्छ यदाकदा । विचरा किसान । बोकेर सपना । राखेर विश्वास । एउटा संसार । उमारेर छातिमा । कहिल्यै नबढ्ने । कहिल्यै नफस्टाउने । लक्ष्यमा पुग्न । नसक्ने कहिल्यै । तथापि मनले । नछाड्ने अभिलाषा । नफर्कने पछाडि । अगाडिको बाटो । खोज्ने हिंड्न । लडेकाको लाम । पन्छाउँदै क्रमशः । दुःखेको घाउ । पार्दै पछाडि । खोज्ने हिंड्न । गन्तव्यको आस । बोकेर हरहमेसा । हिंड्दै जाने । जाँदै हिंड्ने ।

धिक्कार्दै आफूलाई । थुक्दै पुर्पुरो । हिंडिर हेछन् पाइला । बाँचिरहेछन् विश्वास । साँच्चै भोलि । हुनेछ सुदिन । हाँसौला त्यसपछि । नाँचौला पूर्णता । बनौला सिङ्गो । खोजौंला अस्तित्व । पहिरिएको बाटो । बनाउँला सफा । कुहिएको विचार । गरौंला गोडमेल । साँचेर सपना । आफैंमा विश्वास । बोकिरहेछन् निरन्तर । हिंडिरहेछन् एकोतार । कल्पनाको डोरी । लगाउँदै पोयो । बनाइरहेछन् बलियो ।

पाएका सपना । सजाएर छातिमा । गर्दैछन् सङ्कल्प । फुलाउँदै लालुपाते । उमार्दै पारिजात । गोडमेलमा चुहिएर । उठ्दैछन् सिंगो । तिनीहरुका नाम । भजाउनेहरू अचेल । सत्तामा छन् । शक्तिमा छन् । सामर्थ्यमा छन् । बलमा छन् । बहादुरीमा छन् । किसान पैताला । केवल माटो । माटोको कुरा । माटोको विचार । माटोको मूल्य । तिनीहरु सुन्दैनन् । अँह बुझ्दैनन् । साँच्चै हेर्दैनन् । ती भरेङ । भरेङको काम । पर्छ आवश्यकतामा । पुगेपछि माथि । चढेपछि शिखरमा । किन सम्झनु । बिना अर्थ । किन बोक्नु । बस, त्यति ।

मल माग्नेहरू । बिउ माग्नेहरु । पानी माग्नेहरु । बजार माग्नेहरु । मुर्च्छित छन् । सडक सडकमा । दुःखित छन् । गल्छेडामा छन् । गल्लीमा छन् । समग्रमा भन्दा । पीडामा छन् । सत्ताका स्वादीहरु । खाइरहेछन् सत्ता । गरिरहेछन् मोज । जनताको नाममा । आफ्नाको प्रगति । आफ्नाको उन्नति । सोचिरहेछन् सदैव । तिनीहरुकै राजस्व । बटुलेर एकएक । थपिरहेछन् सुविधा । कसलाई सहायता । कसलाई सहयोग । दिन सक्नेमा । लम्बिन्छ सत्ता । सोचिरहेछन् हरदम ।

लाजको प्रसङ्ग । सरमको बात । किसान सडकमा । मलका निम्ति । बिउका निम्ति । बहिरो सिंहदरबार । देखाइरहेछ दाह्रा । कुन्तीको भेषमा । च्यापेर राजस्व । सुतेको उघ्राउँदै । सत्ता ठूलो । जनता भच्याङ । स्वार्थ स्वादिलो । पाटी खुड्किलो । फेरि सपना । सकेमा बाँड्न । पाइन्छ सत्ता । बहिराहरुको राज । अन्धाहरुको साम्राज्य । कुम्भकर्ण निद्रा । सुतिरहेछन् मस्त । घुरिरहेछन् निरन्तर ।

तपाई हामी । जम्मै लाटा । जम्मै बहिरा । जम्मै खोरन्डा । जम्मै अन्धा । जागरुक समाज । विदेशी पैसा । उनीहरुका स्वार्थ । मारुनी नाच । नाच्ने हामी । गाउँने हामी । थुइय हामी । उठ्न नसक्ने । हैन भने । बोल्दैनौं किन । किन निरीह । प्रयास गरौं । प्रयत्न उमारौं । केको भद्रो । कस्तो विवेक । केको जागरुक । कसरी सचेत । केबल स्वार्थी । शून्य विवेकी । तपाई–म । सबै–सबै ।

## slj tf÷uLt÷uhn÷dQms


केदारनाथ सिंह/५
प्रभाती किरर्ण/६
कृष्ण कुसुम/६
नारायण निरासी/७
दीपेन्द्रसिंह थापा/१२
सदाशिव के.सी./२३
रेनुका गुरागाईं/३९
असफल गौतम/४७
सरु जर्गाली/४८
दुर्गाप्रसाद  पोखरेल/५०
शर्मिला खड्का दाहाल/५१
उमेश चौलागाईं/५५


## syf÷n3'syf


इशा शाह/४०
पार्वती शाही/४३
इन्द्रकुमार श्रेष्ठ 'सरित्'/४७
इन्द्रकुमार श्रेष्ठ/४८


## n]v÷lgofq÷Jo aNo÷ufyf


विद्याप्रसाद घिमिरे/८
शीतल गिरी/१३
गङ्गा पौडेल/१७
बाबुराम लम्साल/२४
बद्रीप्रसाद दाहाल/४९
राममणि दुवाडी/५३


## cgej / cgel't


मोदनाथ प्रश्रितसँग– यशु श्रेष्ठ/२९


## ; dfnf]rgf


ऋषि देवकोटा/३४


## s[t kl/qdf


मिना पौडेल/५६

• sljtf

# ढुङ्गो

**– केदारनाथ सिंह**

(सन् १९३४ मा भारतको उत्तरप्रदेशमा जन्मेका केदारनाथ सिंह समकालीन हिन्दी कविताका बेजोड हस्ती हुन् । विम्ब र प्रतीकसित खेल्ने उनको कविता लेखनमा एउटा अनौठो जादूगरी छ । विलक्षण कलाका प्रस्तोता सिंह सांस्कृतिक बहुलतालाई अर्थ प्रदान गर्दै मान्छेलाई सभ्यतासित एकाकार गराउनुलाई आफ्नो अभीष्ट ठान्दछन् ।

पेशाले प्राध्यापक रहेका सिंहका आधादर्जन जति कविता सङ्ग्रहहरु प्रकाशित छन् भने केही कविता विषयक वैचारिक समालोचनात्मक कृतिहरु पनि पाठकसमक्ष आएका छन्। साहित्य अकाडमी जस्तो पुरस्कारबाट सम्मानित उनी अङ्ग्रेजी, स्पेनी, जर्मन तथा रुसी भाषामा समेत अनुदित भएका छन् । भारतीय कविताको मानक 'तिसरा सप्तक' का सहयोगी कविमध्येका एक सिंहको प्रस्तुत कविता उनको नवीनतम कृति तालस्ताय और साइकिलबाट साभार गरी अनुवाद गरिएको हो । यसका नेपाली अनुवादक नीलकमल हुनुहुन्छ)

ढुङ्गालाई सोध
उसले सत्यतथ्य भन्छ
किनभने बिर्सिने बानीको
ठूलो अभिशापबाट मुक्त छ ढुङ्गो ।

केही प्रयास त गर
कहिल्यै छोएर त हेर ढुङ्गालाई
तिमीलाई आश्चर्य लाग्छ उसित कुरा गर्दा
उसितको बातचित
तिम्रो छिमेकीसितको वाचतचितभन्दा सरल हुन्छ ।

कुनै देवताको जन्म हुनुभन्दा धेरै अघि
पृथ्वीमा आएका हुन् ढुङ्गाहरु
सारा तारामण्डल समेत अचम्ममा छन्
उनीहरु आजसम्म रातभरि नसुती
ढुङ्गा हेरिरहेका छन्

मृत्युको डरले ढुङ्गालाई सताउँदैन
तर, कहिलेकाहीँ उसलाई डरलाग्छ
कसैले आफूलाई
सुन्दर र चमकदार मूर्तिमा बदल्ला भनेर ।

# समय-प्रलाप

– प्रभाती किरण

जगतको गतमा खति देखियो
किरण नै रणमा रवि छेकियो ।
पवनमा वनमा मन त्रस्त छ
सगुनको गुनमा पनि अस्त्र छ ।

कदममा दमको पनि भार छ
उदरको दरमाथि प्रहार छ ।
तखतको खत हेर गनाउने
कुमतिको मतिदेखि रमाउने ।

शपथको पथ फेर्न हतार छन्
सहरका हर द्वार उदास छन् ।
अबधमै बध हुन्छ कि रामको ?
विषय छन् सय माम र कामको ।

महलका हलमा कति बस्दछन् ?
कुलतका लतमा कति फस्दछन् ।
जघनमा घनको कति चोट छ ।
कदर खै कदको कि त खोट छ ?

नजर जो जर भो छवि धुम्म छ
वतनमा तनमा भय घुम्दछ ।
सकसले कसले कर थाम्छ र ?
निधनमा धनको वश चल्छ र ?

पटकथा र कथा अरु लेख्दछन्
निखुर त्यो खुरमा छल देख्दछन् ।
खनिजमा निजको हक खोसियो
सबलको बलले घर भासियो ।

विरहको रहमा दिन ढल्दछ
कमलमा मलमा विष फल्दछ ।
सुमनको मन फेरि उजाड छ
निरस थ्यो रस भर्न हतार छ ।

प्रलयको लयमा पनि टेक्नु छ
मन परे नपरे पनि लेख्नु छ ।
प्रगतिको गतिमा तरबार छ
विमतिको मतिमा सरकार छ ।

अहितमा हित सोच्न सकिन्न र ?
यकिनमा किन बस्न सकिन्न र ?
अशुभमा शुभको भर खोज्नु छ
अभय भै भयको पथ रोक्नु छ ।

●

# गजल

– कृष्ण कुसुम

घृणा भित्र पनि सधैं प्यार खोज्नुपर्छ भन्छु
साँच्चै चोखो माया गर्ने यार खोज्नुपर्छ भन्छु

ढुङ्गालाई माटोको रे माटोलाई ढुङ्गाको भर
जिन्दगीमा त्यस्तै पक्का आधार खोज्नुपर्छ भन्छु

धेरै हुन्छन् नचाहिने चाहिनेको मात्रा थोरै
र त सानैकुरा बारम्बार खोज्नुपर्छ भन्छु

सम्पत्तिमा मात्रै कहाँ हुन्छ सुख माया भन्ने
झुप्रोमा नि आनन्दी सङ्सार खोज्नुपर्छ भन्छु

अर्थहीन बनिदिन्छ विना लक्ष्य जिन्दगी हो यो
के हो आफ्नो जिन्दगीको सार खोज्नुपर्छ भन्छु

· sljtf

# प्रकृति महिमा

– नारायण निरासी

हाँसो छर्दै रवि किरणले पोतिँदा टाकुरामा
सिङ्गो धर्ती धपधप गरी बल्न थाल्छे उषामा ।
माछापुच्छ्रे मुकुट शिरमा काखमा हाँस्छ फेवा
सैलुङ्गेको बुइभरि सधैँ देख्छु चौँरी डुलेका ।

सेतो फेटा पहिरिरहने स्वाभिमानी हिमाल
भोटो भिर्दा हरित जहिल्यै बन्छ सिङ्गो पहाड ।
आँखा लाग्ने समतल हुने फाँट राम्रो तराई
चौतारीमा थकित बटुवा हेर बस्छन् रमाई ।

घोरेपानी, फिकल, ककनी स्वर्गको मुक्तिक्षेत्र
आओआओ भनिकन सधैँ डाक्छ गोसाइँकुण्ड ।
चोखो पानी कलकल गरी बग्छ इन्द्रावतीमा
मीठो हावा सिरसिर गरी चल्छ पाखाहरूमा ।

मीठो बास्ना वरपर छरी फुल्छ लाली गुराँस
चिप्लो खेल्छन् दिनहुँ हिउँमा हेर डाँफे मुनाल ।
वासन्तीमा कुहुकुहु गरी कोइलीले सुसेल्छे
प्राणीको यो सुख सयलको जिन्दगी मात्र देख्छे ।

उफ्री उफ्री हरिण वनमा नृत्य देखाउँदै छन्
गोठालाले वनचहुरमा गीत गुन्जाउँदै छन् ।
रुप्से झर्ना अनि बुलबुले तालमा स्वर्ग देख्छु
झर्नाको यो तुमुल ध्वनिको गान निःशुल्क सुन्छु ।

तामाकोसी, अरुण, लिखुमा जून राती फदाल्छे
डाँडापाखा रनबन सबै चाँदनीले सिँगार्छे ।
गोडा चाल्दा मृदुल हिउँमा डोब नै देखिँदैन
नेपालीको जति चहकिलो भाग्य नै भेटिँदैन ।

हाँसीखेली प्रकृतिपुरमा देख्छु सारा भुलेको
आहा ! कस्तो प्रकृति कसको शिल्पले हो कुँदेको ?
मीठो हाँसो प्रकृति नभए हाँस्न सक्दैन कोही
यो धर्तीमा प्रकृति नहरे बाँच्न सक्दैन कोही ।

●

# कठै बिचरा म र मेरा शूरवीरहरू

– विद्याप्रसाद घिमिरे

प्रसङ्ग केही वर्ष पहिलाको हो । मैले एउटा लेख पढेको थिएँ । लेखक र लेखको शीर्षक भने अहिले मलाई राम्रो हेक्का छैन, तापनि त्यस लेखमा लेखिएका कुराहरूले मलाई बेलाबखत दुखाउने गर्दछ । “विदेशस्थित एक विश्वविद्यालयमा मानवशास्त्रसम्बन्धी अध्यापन भइरहेको थियो, वृत्तचित्र (Documentry) को माध्यमबाट । विद्यार्थीहरूलाई बुझ्भाउने प्रयत्न भइरहेको थियो–मानवसभ्यताको इतिहासका बारेमा । मानवसभ्यताको विषयमा प्रदर्शन गरिएको उक्त वृत्तचित्रमा नेपालका गाउँबस्तीको जनजीवनमा आधारित दृश्य थिए । विद्यार्थीलाई उनीहरूका पचासौं पुस्ताअघिका पूर्खाहरूको जीवनपद्धति कस्तो थियो भन्नेबारे प्रस्ट पार्न खोजिएको थियो, त्यस वृत्तचित्रका माध्यमबाट । तर, अनौठो के भने त्यस वृत्तचित्रमा छायाङ्कन गरिएको दृश्यचाहिँ वर्तमानका एक्काइसौं शताब्दीमा बाँचिरहेका हाम्रै दाजुभाइ दिदीबहिनीका थिए ।” यो पढ्दा मलाई नमीठो अनुभूति भएको थियो–त्यतिबेला । तर वास्तविकता त्यही नै हो–हामी आजपनि विदेशीका शदीयौंअघिका पुर्खा कस्ता थिए भन्ने जिज्ञासुहरूका उत्तर बनिरहेका छौं । हामी अरूको पचासौं पुस्ताअघिका जनजीवनसँग मिल्दोजुल्दो अनुहार र जीवनशैली लिएर बाँचिरहेका छौं, अनि विदेशीका लागि खोजको विषयवस्तु बनिरहेका छौं । अझै पनि हाम्रा जीवनभित्र कैयौं मुलुकका विद्यार्थी तथा शोधकर्ताहरूबाट मानवसभ्यताका विषयमा अनुसन्धान, शोध र खोज भइरहेको छ । हाम्रो भूमि मानवसभ्यताका बारेमा शोध गर्नेहरूका लागि प्रख्यात थलो मानिएको छ । तर विडम्बना ! हामी आफ्नो बारेमा आफैं खोज गर्दैनौं । अरूले आफ्नो स्वार्थका लागि खोज गर्छन् । हामी त्यसै विषयलाई लिएर गर्व गर्छौं र भन्छौं–“हाम्रो भूमि अन्तर्राष्ट्रियस्तरको अनुसन्धान गन्तव्य बनेको छ ।” अनि गर्व गर्छौं विदेशीहरूले ‘शूरवीर’ गोर्खाली भनेकोमा ।

शताब्दीयौंदेखि संसारभरमा ‘शूरवीर’ को विशेषणबाट प्रख्यात छौं, हामी नेपाली । ‘वीर गोर्खाली’ को शब्दले सम्बोधन गर्दा गर्वानुभूति हुन्छ हामीलाई । हाम्रो इतिहासको प्रारम्भदेखि यस एक्काइसौं शताब्दीसम्मको लामो यात्रामा हामीले आफ्नो मौलिक परम्परा, साँस्कृतिक रीतिरिवाज, धार्मिक सहिष्णुता, सामाजिक भाइचारा जस्ता कैयौं पहिचान गुमाइसकेका छौं । जति गुमाए पनि रत्तिभर बिथोलिन नदिई अत्यन्त जतनका साथ जोगाएर राखेको एउटै मात्र चिज छ, त्यो हो हाम्रो ‘वीरताको परम्परा ।’ हाम्रा जीवनका प्रत्येक पक्षलाई विदेशी विकृत परम्पराले गाँजेको भएपनि हालसम्म अछुतो र शुद्ध छ, यो हाम्रो ‘वीरताको परम्परा’ ।

विदेशीका मुखबाट ‘नेपालीहरू बुद्धिमान छन्, विवेकी छन्,’ भनेको सुन्यौं भने हाम्रो खिसिट्युरी गरेको वा व्यङ्ग्य गरेजस्तो लाग्छ हामीलाई । हामी स्वीकार गर्दैनौं कसैले

बुद्धिमान भनेको । किनकि हामीलाई अरूले पनि शूरवीर' भनिदिएकोमा खुसी लाग्छ र आफूपनि 'शूरवीर' बन्न नै रूचाउँछौं । शूरवीर, मूर्ख वा मूढ एउटै पाटाका शब्दहरू हुन् । जे जस्तो व्याख्या गरेपनि शूरवीर, मूर्ख वा मूढले उस्तैउस्तै भाव जनाउँछ । भनिन्छ– "हाम्रा पूर्खा शूरवीर थिए, तोपगोला र बन्दुकको अगाडि खुकुरीको भरमा युद्ध लडे ।" जीत हुनु नहुनु आफ्नै ठाउँमा छ । कहिले जिते, कहिले हारे । गोर्खालीतर्फ के कति क्षति भयो त्यसको पनि चर्चा त हुनै पर्ने हो । तर यसबारे इतिहासमा स्पष्ट व्याख्या पाइँदैन । लडाकुको कमान्डर वा त्यसताकाका ठूलाठालुको बारेमा प्रशस्त व्याख्या छ इतिहासमा । उनीहरूलाई राष्ट्रिय व्यक्तित्व र विभूतिको स्थानमा राखिएको पनि छ । तर खुकुरीको भरमा तोपको सामना गरेर युद्ध लड्दालड्दै शाहदत प्राप्त गर्ने आमसिपाहीका बारेमा खासै कतै चर्चा पाइँदैन । तोप लिएर बसेका अङ्ग्रेजसँगको लडाइँमा खुकुरी लिएर अघि बढ्दा र डाँडाको टाकुरामा ढुङ्गा थुपारेर त्यही ढुङ्गा गुडाउँदै अङ्ग्रेजविरूद्ध गरिएको ढुङ्गे युद्धमा नेपाली पक्षको के कति मानवीय क्षति भयो होला ? त्यसको कुनै लेखाजोखा छैन । हाम्रो इतिहास त केवल आफूलाई 'शूरवीर' बनाउन नै केन्द्रित छ । तर हामी अहिले अनुमान लगाउन सक्छौं कि–तोपको अगाडि खुकुरी र ढुङ्गा लिएर गरिएको युद्धमा हाम्रा पूर्खाको हवीगत कस्तो भएको थियो होला ? इतिहासमा अत्यन्त ठूला पीडा र विडम्बना लुकेको हुन्छ, दबिएर रहेको हुन्छ । हामीले पढ्ने इतिहासका पाना केवल पढ्नकै लागि सीमित छन् । लेख्नेहरूले इतिहास लेख्दा र हामी इतिहास पढ्नेहरूले इतिहासमा अंकित स्वर्ण अक्षरहरू पढ्दा त्यहाँका पात्रहरूका पीडा र बाध्यतालाई कहिल्यै बुझ्ने प्रयत्न गरेनौं । सायद बुझ्ने सामर्थ्य छैन हामीसँग । हामीहरू केवल पढ्नकै लागि मात्र इतिहास पढिरह्यौं । हामीलाई परीक्षामा प्राप्त हुने अङ्कको चिन्ताले पिरल्यो । या आफ्नो जिज्ञासा मेटाउने भोक । केवल यत्तिका लागि नै पढिरह्यौं । सायद त्यसभन्दा बाहिर गएर तर्क गर्नु हाम्रो कसरतको काम होइन भनेर पन्छायौं । हाम्रा इतिहास लेख्नेहरूलाई भिमसेन, बलभद्र अमरसिङ्हले झेलेको, भोगेको पीडाबारे चिन्ता छ, तर उनीहरूका पछिपछि हिँड्ने र भिड्दा अघिअघि भिड्ने सयौं सैनिकको चिन्ता छैन । न त्यस्ता अनगिन्तीले भोगेको पीडा छ, इतिहासमा । उनीहरूले केवल अरूका नाम राख्न दुःख पीडा भोगे, मरेर गए, सिद्धिए, कहीँ नाम निशान भेटिँदैन ।

एक्काइसौं शताब्दीमा बाँचेका, दुई/चार अक्षर पढेका हामी त राष्ट्र र राष्ट्रियता केही जान्दैनौं; केवल अरूको नाम, इज्जत, प्रतिष्ठाका लागि आफ्नो जीवन उत्सर्ग गरिरहेका हुन्छौं, भने के विवेक थियो होला, कठै ! त्यस बेलाका ती निरिहहरूको । के थाहा होला ! राष्ट्र र राष्ट्रवाद ती गाउँजत्रो देशमा बस्ने अनपढ, मूर्ख हाम्रा जिजुबाजेहरूलाई । परिचालन गर्नेले आफ्नै नाम, इज्जत र प्रतिष्ठाका लागि हामीलाई परिचालन गऱ्यो । हामी आफू मरेर उसलाई बचायौं । ऊ सधैँ बाँच्यो, प्राण रहँदासम्म बाँच्यो र मरेपछि पनि उही नै बाँचिरह्यो । हामी मरिरह्यौ, ज्यूँदैमा मऱ्यौं । मरेपछि मऱ्यौ र सधैँका लागि मऱ्यौं । हामी कुकुर मरेजस्तो गरी, नालीको किरा मरे जस्तो गरी मऱ्यौं । यही कुरो अहिले आएर बन्दुकको राजनीति गर्नेहरू र अग्रपङ्तीमा रही न्यूरोडका ईंटा, ढुंगा तह लगाउने बहुसङ्ख्यक जमातले बुझ्नु जरूरी छ । अनि म कसको स्वार्थका लागि काम गरिहरेको छु, भोलि आफ्नो र सन्ततिको हविगत के होला ! भनेर बन्दुक समाउनु र ढुँगा, ईंटा उठाउनुपूर्व एकपटक सोच्न जरूरी छ ।

हाम्रा पूर्वजले पनि मुर्खताकै कारण तोपको सामु खुकुरीले युद्ध लडेका हुन् । त्यो उनीहरूको अल्पबुद्धि र अबुझपन थियो, विडम्बना थियो ।

मातृभूमि रक्षाका लागि उनीहरू लडेका हुन् भनेर अहिलेका बुद्धिजीवीहरूले व्याख्या गरेता पनि त्यो लडाइँ बुद्धिमत्तापूर्ण लडाइँ छँदै थिएन। बरू मुर्खताको लडाई भने पक्कै थियो। वास्तविकता लुक्न सक्दैन; किनभने बुद्धिमान व्यक्ति मुर्खताको लडाइँ लड्दैन । अरू विकल्पको खोजी गर्छ, सोच्छ। कुटनैतिक तवरले भए पनि शत्रुपक्षसँग बन्दुक तोप बनाउने कला सिक्छ । आफ्नै पक्षभित्र त्यस्ता व्यक्ति छन् कि भन्ने खोजी गर्छ। नभए बुद्धिको युद्ध लड्छ। तर पनि त्यस्तो मुर्खता प्रदर्शन गर्दैन । हाम्रा पूर्वज वर्मामा गएर पनि खुकुरीकै लडाइँ लडे । न सन्ततिका लागि न मातृभूमिका लागि। केका लागि लडे, कसका लागि लडे, सायद उनीहरूलाई थाहा छैन । अरूले शूरो छ भनेर उक्स्याइदियो, पराकाष्टा नाघेर मुर्खता प्रदर्शन गरे । त्यसैले भनिन्छ– "विद्वान मूर्ख हुँदैन। मूर्ख नभई 'शूरवीर' होइँदैन", त्यस्ता मूर्खलाई विद्वान पनि कसैले भन्दैन। हाम्रा यस्तैयस्तै प्रशस्त नमूनाहरू देखेर होला ! अरूले चिच्याइचिच्याई हामीलाई 'शूरवीर' अर्थात् ' पटमूर्ख' को उपनामबाट सम्बोधन गरिरहेका छन्, अविवेकी भनिरहेका छन् । हामी यसैमा गर्व गरिरहेका छौं । लाज लाग्नु पर्ने हो हामीलाई, तर पनि हामी गर्वित छौं । यो मुर्खताको थप पक्ष हो । विवेकी हुनुपर्ने तर्फ हाम्रो ध्यान कहिल्यै गएन। हामी अविवेकीपनमै रमाइरह्यौं। संसारभरका मान्छेभन्दा फरक ढङ्गले पृथक पहिचान बोकेर दुनियाँमा प्रस्तुत हुन सकेकोमा हामी गौरवान्वित छौं ।

सम्पन्न, धनी र बुद्धिमानहरू बसोवास गर्ने मुलुक यो धर्तीमा प्रशस्त छन्, हाम्रो बाहेक । त्यसैले होला ! हामीमा अलिकति विवेक, बुद्धि, ज्ञान पलाउनासाथ यो अविवेकीहरूको बस्ती त्यागेर बुद्धिमानहरू वसोवास गर्ने मुलुकमा बसाइँ सर्ने चाँजोपाँजो मिलाउन थाल्छौं । यहाँ बस्नेलाई तुच्छ मान्न थाल्छौं र आफूलाई अरूभन्दा अब्बल ठान्न थाल्छौं। मूर्खैमूर्खको जमातमा आफूलाई पाउँदा 'कागको जमातको बकुल्ला' ठान्छौं । अनि देश छोडेर विदेसिनै पर्ने सोचले गाँज्छ हामीलाई । जब अलिकति बुद्धि पसेकाहरू यो मुलुक छाडेर विदेश पलायन हुन्छन् । अनि यहाँ रहन्छौं हामी 'शूरवीर' मात्र, शूरवीरको देश भन्ने पहिचान कायम राख्न ।

अन्य मुलुकका राजनीतिज्ञहरूले आफ्नो राष्ट्र समुन्नत बनाउन, विश्वभरमा आफ्ना नागरिकको शिर उँचो बनाउन राजनीति गर्छन्। उनीहरूको राजनीतिको प्रमुख एजेण्डा भन्नु नै वैदेशिक नीतिलाई कसरी अघि बढाउने, शत्रुराज्यलाई के कसरी कमजोर पार्ने र आफू कसरी मजबुत हुने भन्ने हुन्छ । हाम्रो यहाँको राजनीति त्यसको ठीक विपरीत हुने गरेको छ। बाहिरी राज्यको इशारामा कसरी आफ्नो राज्य कमजोर पार्ने, आफ्ना नागरिकलाई नै कसरी दुःख दिने, कति दिन नेपाल बन्द गर्ने, ठूलाठूला आयोजनासँग कति चन्दा माग्न सके त्यो बन्द हुन्छ र भएका संरचना ध्वस्त पार्न के के विधि अपनाउनु पर्छ आदि आदि । विदेशी पक्षलाई कमजोर पार्न कतिपय मुलुकहरूले अनेक हतकण्डा, दाउपेच र प्रपञ्च रचेका हुन्छन् । देखावटी रूपमा औषधी, खाद्यान्नलगायतका आर्थिक सहयोग गरिरहेका हुन्छन् भने भित्रभित्र त्यहीँका जनता जनताबीच फूटको राजनीति लादिरहेका हुन्छन्, अनि हतियारको बिक्री बितरण गरिरहेका हुन्छन् । हामीजस्ता शूरवीरहरू तिनैका कठपुतली बन्छौं, अनि वीरताको परम्परालाई अक्षुण्ण राख्दै आफैं कमजोर बन्ने खेलमा लागि पर्छौं । उनीहरूले पठाएको खाद्यान्न र औषधी खाएर हतियारको सदुपयोग गर्छौं, आफू-आफू लड्छौं र 'शूरवीर' भएको प्रमाणित गरी छाड्छौं उनीहरूको सामुन्ने ।

बोलीचालीको भाषा नै छ कि–'बल हुनेको बुद्धि हुँदैन, बुद्धिहुनेको बल हुँदैन ।' साँच्चै हो बल र बुद्धि भएको मान्छे विरलै भेटिन्छ । कुनैपनि ठाउँमा बलियो मान्छेलाई

नेतृत्व तहमा नराखी तल्लो तहमा लड्ने, भिड्नेजस्ता शारीरिक कार्यमा लगाइन्छ र दुर्बल भएपनि बुद्धिमान छ भने निर्णय गर्ने उच्च तहमा राखिन्छ । राजनीतिमा नै हेरौं बुद्धि हुने व्यक्ति नेता बन्छ, निर्णय गर्छ, शूरवीरहरूलाई परिचालन गर्छ र आफ्नो स्वार्थ पूरा गर्छ । अनि बलिया जति कार्यकर्ता हुन्छन् । लाठी खाने, गोली खाने व्यक्तिहरू यही वर्गका हुन्छन् । यिनको आफ्नो स्वार्थ हुँदैन, भइहाले पनि ज्यादै तुच्छ स्वार्थहरू हुन्छन् । तर वास्तवमा नेताले अत्यन्त ठूलो स्वार्थका लागि यस्ता शूरवीरको जमात जम्मा गरी परिचालन गरिरहेका हुन्छन् । हामी शूरवीरहरू कोही हातभरि इँटा र ढुङ्गा बोकेर पूर्खाले लडेजस्तो वीरता प्रदर्शन गर्छौं भने कोही बन्दुक नै बोकेर मर्ने मार्ने खेलमा सामेल हुन्छौं । हाम्रो दिमागमा 'देश र मुक्तिको लागि लड्नु पर्छ' भन्ने सुगारटन्ते शब्द भरिदिन्छन् बाठाटाठाहरूले । अनि टाँगाको घोडा जस्तो दाहिने बाँया केही नहेरी कोही मर्न तयार हुन्छौं, कोही मार्न । जङ्गलजङ्गल घुम्छौं । आफ्नै दाजुभाइ मार्छौं । के-के गर्छौंगर्छौं । परम्परादेखि चलिआएको हाम्रो नियति यही हो । आखिर संसारभरका नामी 'शूरवीर' नै त ठहरियौं ।

हामी 'शूरवीर'हरूको एउटा खराब बानी के छ भने कुनै पनि कार्यको प्रतिफल हामी चाँडोभन्दा चाँडो खोज्छौं । हुन त हाम्रो नियति नै यस्तै छ । सबै भोका, नाङ्गा र निमुखा छौं । भोकाको त उखानै छ "तातै खाऊँ जली मरौं" । त्यो उखान हामीबाटै निस्किएको हो र उखानभित्र पनि हामी नै छौं । त्यसैले त कुनै पनि कार्यको प्रतिफल चाँडो चाहन्छौं । यहाँनेर एउटा यात्रा संस्मरणको सम्झना आयो-

हाम्रो विकट पहाडी जिल्ला डोल्पास्थित अत्यन्त दुर्गम गाउँको चित्रण गरिएको छ यस यात्रा संस्मरणमा । कैलाश भ्रमणको लागि ट्रेकिङ्ग अनुमति खुल्ला भएपछि सुरूका दिनमा कैलाश भ्रमण गरी फर्केको विदेशी नागरिकको यात्रा संस्मरण हो यो । यस प्रसङ्गका लेखक समेत सम्मिलित भएको भ्रमण दल जब पैदलयात्राको क्रममा डोल्पाको दुर्गम गाउँमा पुग्यो । त्यहाँका आदिवासी जस्ता देखिने बासिन्दाहरूले उनीहरूलाई घेरे । कुनै नयाँ ग्रहबाट झरेको प्राणीलाई देखेजस्तो । अद्भूत चमत्कार देखेजस्तो । अनेक प्रकृया अपनाएर ती आदिवासी जस्ताहरूको जनजीवनबारे बुझ्ने प्रयत्न भयो । भाषाको समस्या भएतापनि इशारा गरेर बुझ्ने क्रममा उनीहरूको जानकारीमा आएको अचम्मको कुरो थियो– बच्चा र सम्भोगबीचको अन्तरसम्बन्ध । उनीहरूलाई बच्चा जन्मनु र सम्भोगको बीचमा कुनै सम्वन्ध छ भन्ने जानकरीसम्म थिएन । बुझ्ने क्रममा यो कुरो पनि पत्ता लाग्यो कि उनीहरू कुनै पनि कार्यको परिणाम तत्काल चाहन्थे, एक दुई हप्ताभित्रै । अहिले देखिएको परिणाम, अहिले जन्मेको बच्चा नौ महिना पहिला भएको कार्यको प्रतिफल हो भन्ने कुरा उनीहरू कुनै हालतमा पनि मान्न तयार थिएनन् । विश्वास गर्नसक्ने कुरो पनि त थिएन । त्यसैले होला पटकपटक सम्झाउँदा पनि विश्वास गरेनन् तिनीहरूले, केवल हाँसीमात्र रहे । फेरि नौ महिनाअघि एकदिनमात्र सम्भोग हुने भए त मान्न पनि सक्ने थिए होलान् । वर्षौं पहिलादेखि नै निरन्तर सम्भोग त भइरहेकै थियो र बच्चा जन्मनु दुईचार घन्टापहिला पनि । अबुझहरूको त्यस बस्तीमा विश्वास दिलाउनेले के भनेर दिलाउने ? विश्वास गर्नेले कसरी गर्ने । कस्तो अप्ठ्यारो परिवेश ।

हामी पनि त्यही देशका बासिन्दा हौं । हामीलाई पनि कार्यको परिणाम चाँडै नै चाहिन्छ । ढिलो हुने परिणाममा विश्वास छैन । सातसालको परिणाम पनि तुरून्तै चाहेका थियौं हामीले । त्यसैकारण सब विथोलियो । ठूलो स्वरमा करायौं, चाँडै नै सत्र सालको परिवर्तन आयो । सत्र सालको नतिजा पनि चाँडै खोजियो । पटकपटक

विरोध भयो मुस्किलले टिक्यो तीस वर्ष त्यसबेलाको सत्ता । कहिले अट्ठाइस साल कहिले छत्तीससालको उग्ररूप त पार भयो तर छयालीस साल आइछाड्यो । त्यसको नतिजा पनि तत्काल खोजियो । रातारात धनी बन्नु र आफ्ना मान्छे भनाउँदाहरूलाई देशभर दाइँ हाल्ने वातावरण बनाउन हतारियौं । दलगत र व्यक्तिगत स्वार्थका लागि बलिया पार्टीहरू फुट्नु, विभिन्न पार्टीसँगको गठबन्धनमा सरकार बन्नु, अनि त्यही सरकार ढाल्न अर्को दल आतुर हुनु । जनताका प्रतिनिधिबाटै महिनौंसम्म सदन बहिष्कार गरी जनताको भावना र मतको घोर अवहेलना गर्नु । मध्यावधि चुनावका लागि हतारिनु । सधैं बाटोमा अवरोध हुने गरी टायर बाल्नु । बार-पर्खाल भत्काउनु, हामी अधिर र शूरवीरको फेहरिस्त फिँजाएर साध्य छैन । परिणाम स्वरूप धैर्य गर्न नजान्ने अधिरहरू मिलेर पुनः ताण्डवनृत्यहरू सुरू गरिरहेछौं, मृत्युको । बल्लबल्ल हामी अहिलेको अवस्थामा आइपुगेका छौ । हामीले अझैं पनि कार्य हुनु र परिणाम आउनुबीचको सेतुलाई जोड्न जानेका छैनौं । कार्य भइसकेपछि परिणाम नआउँदासम्मको अवधिमा धैर्यतासाथ प्रतिक्षा गर्नुपर्नेमा विद्रोह, विरोध र आन्दोलनरूपी बज्रको प्रहार गर्दै आफू बस्ने घर नै भत्काई जिर्ण बनाइछाडेका छौं ।

प्रत्येक कालखण्डको थपेडो हाम्रै विवेकमा बज्रिएको छ । हामीभन्दा पनि हाम्रो बाटो देखाउने, हामीलाई डोहोऱ्याउने शीर्षस्थ नेतृत्वहरूबाट शूरता र वीरताको प्रदर्शन भइरहेको छ । यो देख्दा आफैंलाई विचरा भन्न मन लागेर आउँछ । कठै विचरा म र मेरा "शूरवीर"हरू ।

· sljtf

# बिन्दु

**– दीपेन्द्रसिंह थापा**

एउटा आभास भएर बाँच्नुको अर्थ
एउटा आयाम भएर बाँच्नुको अर्थ
कतै सुरक्षित हुन्छ
कुनै बिन्दुमा ।

आदिदेखि अनादिसम्म
अनन्तदेखि अनन्तसम्म
बिन्दुहरूमै त हिँडेको हुन्छ समयरेखा
बिन्दुहरूमै त गतिशील बनेको हुन्छ
जीवनको गीता ।

सत्यसँग सत्य सम्मुख हुनु मात्र पर्छ
जीवनसँग जीवन उन्मुख बन्नु मात्र पर्छ
एउटै बिन्दुबाट आरम्भ भएको यात्रा
एउटै बिन्दुबाट सुरुवात भएको सम्भावना
काफी बन्छ –
एउटा सिङ्गो आकृति बन्न
एउटा सिङ्गो कृति बन्न ।

· n]v

# ज्ञान र सृष्टि

– शीतल गिरी

मूर्तिया नामबाटै अन्दाज लगाउन सकिन्छ, थुप्रै मूर्तिहरू होलान् भनेर ।

सर्लाही जिल्लाको प्रसिद्ध हाट बरथवाको उत्तरतर्फ छ यो ।

त्यहाँ ढुङ्गा र माटोको रुपमा प्राचीन देवस्थलको भग्नावशेष छ । भग्नावशेषको छेउमा दक्षिणपट्टि स्यानो मन्दिर बनाइएको छ । यातायातको सुधिा छ, पुग्न सकिन्छ, हेर्न सकिन्छ । प्राचीन अबशेष अबलोकन गर्न सकिन्छ । रुची छ भने विस्तृत अध्ययन गर्न सकिन्छ । तर बाहिरी सौन्दर्यमात्र नियाल्ने आँखाले भने देखेर पनि बुझ्न सकिन्न ।

सहजै बुझ्न सकिने कुरो पनि होइन यो । मन्दिरका पुजारी र योगीहरूलाई बस्न मन्दिरको पश्चिमतिर एउटा घर छ । आँगनमा धुनी छ ।

योगी र गाँउलेहरूको जमघट त्यहीँ हुने गर्छ , गाँजाको धूवाँ उड्ने गर्छ ।

मूर्तिया क्षेत्रमा राजनीति पीडितलाई जग्गा बाँडदाका बखत त्यहाँ एकजना योगी हुनुहुन्थ्यो । मैले पनि देख्न पाइन । चर्चा सुनेको भरमा लेख्न थाल्दैछु ।

उहाँको जन्म पूर्वी पहाडको ओखलढुङ्गामा भएको हो भन्नेसम्म सुनेको हुँ ।

उहाँ बडो शुद्धसँग नेपाली, हिन्दी र अंग्रेजी बोल्नु हुन्थ्यो ।

उहाँ धुनीमा रमण गर्न आएका गाँउलेहरूलाई ज्ञानगुनका कुरा सुनाउने गर्नुहुन्थ्यो ।

उहाँ दिवङ्गत हुनु भएको पनि अहिले निकै बर्ष बितिसकेको छ ।

बर्तमान पुस्तालाई योगी मोहनदासको बारेमा थाहा पनि छैन ।

धेरै अघि मूर्तियाको भ्रमण गर्दा सुनाएको कुरो म यहाँ राख्न खोज्दै छु ।

थाहा छ मूर्तियामा योगी मोहनदासको बारेमा कस्तो आदर थियो । भन्दथे उहाँको बोलीमा मिश्री घोलिएको समान अठास थियो । उहाँलाई जडी बुटीको बारेमा राम्रो ज्ञान थियो ।

मैले सुने अनुसार बरोबर औषधी बनाइरहनु हुन्थ्यो । गाँउलेहरूलाई जडीवुटीको पहिचान र औषधी बनाउने विधिका बारेमा पनि प्रवचन दिने गर्नुहुन्थ्यो ।

उहाँ साठी बर्षको उमेर पार गर्दा पनि हट्टाकट्टा नै हुनुहुन्थ्यो । उहाँले राम्रा खालका पन्द्रवटा जति दुधालु गाई पनि पाल्नु भएको थियो । वर्तमानमा मूर्तिया हेरेको भरमा यस कुरोमा विश्वास गर्न सकिन्न । झन मोहनदास बाबाको अस्तित्वको बारेमा दावा गर्नु त निकै गाह्रो कुरा हो । जे भए पनि सत्य त उल्लेख गर्नै पर्छ ।

योगी मोहनदासको कुरो झूठो र आग्रह होइन, किनभने उहाँले आफ्नो ज्ञानलाई सत्य ठानेर उपयोग गर्नुभयो । भूगोलको काम त्यस रेखा नभएमा बन्दैन । रेखा त्यहाँ धेरै महत्वपूर्ण हुन्छ । यसकारण नक्शामा सधै मोटो धर्सोले त्यसलाई जनाउने गर्दछ । होइन भने भूगोलको ज्ञान हुन सक्दैन । त्यस रेखाको महत्वको बारेमा बुझ्नेगरी सिकाउने गरिन्छ । सत्तरी बर्ष उमेर पार गर्दा पनि योगी ज्यू कर्मशील हुनुहुन्थ्यो, एकछिन पनि चुपचाप बस्न नसक्ने र आफ्नो कामप्रति एकदम दृढ । सेतै दारी सुहाएको, चाउरी परेको मुखमा चमक थियो जसमा उहाँको सरल हृदयको

भाव झल्किरहेको हुन्थ्यो । जो कसैलाई पनि आफूतिर आकर्षित गर्दथ्यो ।

उहाँको मुख गोलो थियो । आँखा केही स्याना थिए मानौं केही खोजिरहेका होऊन् ।

उहाँको नाक अपेक्षकृत स्यानो र नाकको टुप्पो बाटुलो थियो । उहाँ योगी मोहन दासको नामबाट प्रसिद्ध हुनुहुन्थ्यो । हामी बिर्सिने गर्दछौं ज्ञान हाम्रो अज्ञान पनि हो । हामीसँग छ यो बिर्सिने गर्छौं , ज्ञानमात्र छ यो मान्ने गरिन्छ । र जब पाउँदछौ आफ्नो मानसिकता भन्दा फरह खुल्ला जीवनमा यो रहदैन, रहन सक्दैन तब रिसाउछौं र रिसाउँन थाल्दछौं । तब पनि हामी अज्ञानले रिसाएको कुरो मान्दैनौं, बरु अझ हठ गरेर अडिरहन्छौं । बहस गर्ने गर्छौ, जीवन झूठो हो, ज्ञान एकदम सत्य हो र विभिन्न तर्कले पुष्टि गर्न खोज्छौं ।

उहाँको आश्रममा थुप्रै मानिसको भीड हुन्थ्यो, धेरै जसो मानिसहरू योगीजीबाट औषधी लिन आउने गर्थे ।

योगीजी जङ्गली जडीबुटीबाट आफैले बनाएको अर्क, गुर्जोको लहराको रसबाट र मेवाको दूधबाट बनाएको पाउडर, केराको थामभित्र छत्तिस घण्टा राखेको सुपारीको टुक्रा, गानो गुर्जोको कुडका, त्रिफला चूर्ण इत्यादि निशुल्क बाड्नु हुन्थ्यो । बिहान जंगल जानु, रुखको बोक्रा ल्याउनु र त्यसलाई उमालेर अर्क बनाउनु, दिउसो विरामी जाच्नु र औषधि वितरण गर्नु, बेलुकी तरकारी बारीमा काम गर्नु र त्यसपछि गाईको सेवा गर्नु नै उहाँको दिनचर्या थियो । उहाँको जीवन अखण्ड र समग्र थियो । तर ज्ञान अखण्डलाई कसरी लिने ? ज्ञान त विभाजन गरेर थाहा पाइन्छ र विभागमा रहन्छ । यो नै यसको सुविधा हो । फरक थाहापाउनु थाहापाउनेको शर्त हो । पृथ्वीलाई हामी थाहा पाउन चाहन्छौं यसरी कि त्यो आकाश होइन । यो होइन, त्यो होइन, यसै गरीकन इन्कारमा हिड्दा हिडदै हामी त्यसको स्वीकारसम्म पुग्न चाहन्छौं जुन हो । यो तरिका ज्ञानको हो । न इति, न अति ।

यस्तो विभाजन ज्ञानको अस्त्र हो । यो अस्त्र बाहिर चलाउने गरिन्छ तब मानिसले धेरै कुरो प्राप्त गर्ने गर्दछ । बिज्ञान यसैमा पाइने गर्दछ । आफ्नो बारेमा चलाउँदा पनि धेरै कुरो पाइन्छ । मनोविज्ञान यसबाट नै प्राप्त भएको हो । योगीका तिनओटा शिष्य थिए गाई हेर्ने , तरकारी बारीमा कामगर्ने र औषधी बनाउने काममा सघाउने । एकदिन योगीजीले शिष्य गजब बहादुरलाई भन्नुभएको रहेछ,– जसलाई हामी भगवान भन्छौं , उनीहरू साधारण मानिसहरूकै वीचमा जन्मिएका साधारण मनुष्यनै थिए , यसमा कुनै शंका छैन तर उनीहरूको भावना साधारण स्तरका मानिसहरूको भन्दा धेरै माथि उठेको थियो र साथै हृदयको असाधारण गहराइसम्म पुगेको थियो । उनीहरूको देवत्व (देवताको शक्ति) को जुन प्रचार अहिले छ त्यो भ्रमात्मक हो ।

झूठो के कारणले होइन भने जुन ऋषि मुनि र ज्ञानी पण्डितहरूले उनको देवत्वको प्रचार गरेका थिए तिनीहरू भगवानको असाधारण भावना-शक्तिद्वारा कति हदसम्म प्रभावित भएका थिए भने देवत्वको अतिरिक्त अर्को कुनै कल्पानानै गर्न सक्दैनथे । त्यस बखत आजको जस्तो उन्नति भएको थिएन । भगवान सर्वगुण सम्पन्न भएको सत्यता स्वीकार गरे । जस्तो सृष्टिमा तीन गुणको तीन स्तर छ । जीवन तीन खण्डमा बाँडिएको छ– तम बीचमा, रज तल, सत्व सबभन्दा माथि । जिन्दगीको यो तिनतलो नक्सा सत्य र वैधानिक लाग्दछ । तर मानीलिउँ त्यस जिन्दगीको घरमा हामी पनि वस्नु पर्छ । तब घरले काम दिनसक्दछ , त्यसमा बस उठ गर्न सकिन्छ , जब ती तलामा आपसमा आवत जावत होस् । एउटा भरेङ होस् जसले तीनओटालाई ख्याल राखेर व्यवस्थित पारोस् । तब यो तीनतले जीवनको घरको सफल स्वामी त्यो हुन सक्ने छ जसले तलको तलाको ध्यान त्यतिकै हेरोस् जति माथिको । तलसँग खास नफरत नहोस् उसलाई, न त माथीको विशेष मोह ।

यो कुरो सृष्टिलाई निगुणात्मक भन्ने ऋषिको चित्तमा उपस्थित थिएन , यो मान्ने कुरो होइन । कारण उसले यस्तो भनेको थियो,

गुणहरूमा निवास छ , निवासी स्वयं निर्गुण हो । बास खण्डमा होस् , बासी अखण्ड हो , व्याप्त छ । यो टुक्राउन र बाँड्न सकिदैन । तल माथि छैन । कुनै तलाले यसलाई छेकेको र अपनानएको छैन । सर्ववासी जुन आत्मा छ त्यो निख्खर सत्वगुणभएको होइन न त अरु नै गुणभएको छ । सङ्ख्या त्यसको सामु आफ्नो गणना छाड्ने गर्दछ । पहिलेका मानिसहरू आ-आफ्नै गोत्रका साथ समूहमा बस्थे । पूर्वज आर्य, जो अहिले भगवान (असिम शक्तिका मालिक) बन्न पुगेका छन्, उनीहरूले समाजमा एउटा राम्रो चलन चलाएका थिए ।

त्यो कुरा हामी वेदमा पाउँछौं, त्यस बेला नारीहरू युवा भएपछि पुरुषबाट आफै आफ्ना पति चुन्न पाउँथे (ऋग्वेद- १० ।२७ ।२२ ) । यसको अर्थ त्यहाँ नारी पूर्ण स्वतन्त्र थिए । उनीहरूको जीवन बिसर्जित थियो । आरम्भदेखि अन्तसम्म स्वार्थ त्यस जीवन नाममात्रको पनि थिएन । चिन्तन र कर्मको त्यो अजस्र साधनाशील जीवन थियो । थाहा भए अनुट थियो । सात्विकको लागी पुरुषार्थ र प्रयत्न पनि अटुट थियो । यसमा राजसिक हादि भावको भय धेरै रहन्छ सतत् सम्झौताको डर । उनीहरूको साधनामा जस्तो पापको हल्लाले हरहमेशा घेरिराखेको हुन्छ ।

त्यस बेलाको नारी आजको जस्तो दासी थिइनन् । नारीहरूले आफै आफ्ना पति रोजेपछि सबै मिलेर उत्सब मनाउने चलन थियो । ठूला ठूला मूढा जोडेर आगो बाल्दथे, पूर्णिमाको रातमा त्यस धुनीको वरिपरि नाचेर, गाएर, खाएर, पिएर उत्सब मनाउने चलन थियो ।

नव जोडीले अग्नि र गणका मानिसहरूलाई साक्षी राखी दुबै एक अर्काको पूरक बन्ने (ऋग्वेद ) बाचा गर्थे । त्यहाँ गणका सबै मानिसको मित्रता, मुटुको धुकधुकी पनि साझा थियो (ऋग्वेद) । यी सब तथ्यहरूबाट के प्रमाणित हुन्छ भने हाम्रा पूर्वज आर्य भगवान धार्मिक नेतामात्र नभएर साम्यवादका पोषक, महान क्रान्तिकारी र चिन्तक पनि थिए । प्रवृत्ति सौम्य थियो, सौम्यबाट सौम्यतर, सौम्यतरबाट सौम्यतम । सौम्यतमको भूमिकामा पुगेर, भगवान बँा पुग्छ । यसकारण प्रतिकार, विरोध, चुनौती, हाँक यस्ता कुराहरू स्थगित हुने गर्दछ ।

नैतिक साधना, प्रायः पाउनेगरिएको छ, यस किसिमबाट हामीलाई मानवताको त्यो नमूना दिनेगर्दछ, जो पवित्र छ । राम्रो छ, तर सरल छ । भगवान र वैदिक आर्यधर्मलाई लिएर केवल ऋषि, मुनि र पुरोहितहरूले मात्रै हैन, बरु कविहरू र रहस्यवादीहरूले पनि अनौठो भावुकतापूर्ण विचारहरू जनसाधारणको मनमा भर्न पछि परेनन् । भगवानहरूलाई एकदम सरल शान्त, विनयी, विनम्र, दीन, करुण र धर्मरक्षकको रुपमा प्रचार गरियो तर वास्तविकता यसको बिपरीत थियो । जुन भगवानहरूले गणका सम्पूर्ण मानिसहरूको साझा श्रम लगाएर खेतिपाती गर्नु, अन्न उव्जाउनु र पक्षपात नगरी बाँडेर खानु (अथर्ववेद) भनेका थिए ती भगवान मानिसहरूलाई दास र मालिकको रुपमा कसरी हेर्न सक्थे र ? त्यसैले हाम्रा पूर्वज आर्यहरूले भन्ने गर्थे, छुवाछुत नगरी, कसैलाई सानो ठूलो नमानी, समानताको भावना राखी एउटै संघमा रही, एउटै विचार बनाई, सबको उन्नतिको आकाङ्क्षा राखेमा सबको कामना पूरा हुन्छ ( ऋगवेद १० । १९१ । ३ ) ।

योगी मोहनदासको मनमा संसारमा कम्युनिज्मको सबैभन्दा ठूलो र पहिलो प्रचारक हाम्रा पूर्वज आर्य भगवान नै भएको कुरो गहिरो गढेको थियो ।

मोहनदासको भनाइमा आफ्नै किसिमले कम्युनिज्मको प्रचार गर्दै आर्य भगवानहरूले भनेकाछन् – ‘धर्ती सबको आमा हो १ आमा सबैको साझा हुन्छ । आमाले आफ्ना सन्तानमा पक्षपात गर्दिनन् । साझा धर्तीमा बस्ने सबै मानिसहरू समानै छन्, कोही ठूला कोही साना छैनन्’(ऋग्वेद) । यस किसिमबाट जिंदगी एउटा बस्तु हो र त्यसको प्रत्येक जीवन कणमा

सत्व, रज, तम मिसिएको हुन्छ । दिशाहरूका पृथक्करण उचित छ जिन्दगीमा । तर हामी बहकिनु भने हुँदैन । यस किसिमबाट न धरती टुक्रिन्छ, न जिंदगी यथार्थमा बाडिन्छ । मात्र यस्तो काम सधै गरीरहन्छ । कामको कारणले हाम्रो मानसिकता सत्यसँग एउटा नाता कायम गर्नसक्दछ र यस किसिमबाट आफ्नो उपयोग सत्यलाई दिन सक्दछ र त्यसको उपयोग आफ्नो लागि लिन सक्दछ । त्यसैले भगवानहरूले समानताको एउटा मूल मन्त्र बनाएका थिए जो उनीहरूले पालन गर्दथे– 'संगै हिडौं, संगै बसौं, बाँडी खाऔं , मिलेर सब बाँचौं' (ऋग्वेद) ।

योगी मोहनदासको भनाइमा यस्तो पवित्र विचार थियो हाम्रा भगवानहरूको, तर यता आएर भगवानहरूको पवित्र विचारलाई आफ्ना ढंङ्गले तोड मरोड गरेर, आ-आफ्नै किसिमले व्याख्या गर्न थालियो । स्वर्ग नर्कका कुरा, पुनर्जन्मका कुरा, जातपातका कुरा, छुवाछुतका कुरा यी सब यता आएर बनेका हुन् । सामन्त र पुरोहित वर्गको स्वार्थका लागी भगवानहरूलाई अति शक्तिमान भनियो र शोषक वर्गको हित हुने कुरो धर्म र अकित हुने कुरो पाप भन्न थालियो । पनलाई पथभ्रष्ट बनाउन मनगढन्ते कथा जोडेर पुराण आदि लेखिए । यस्ता कथाले मानब जीवनमा राम्रो गरेन, खराब गऱ्यो भनेर भन्न सक्ने अवस्था पनि छैन । मानव प्रगतिमा तगारो तेर्सियो, एकाग्रको नाममा । यसले वासना र भावनालाई पृथक ठानेन । यसको वसमा परेको व्यक्ति आफूमा पूर्ण अंगीकार गर्दछ र अनि अरुमा निछावर गर्न थाल्दछ । जहाँ आफू कुनै अंशको रुपमा रहिन्न र सर्वांशलाई स्वाहा पारेर धन्य ठान्दछ ।

जसले इतिहासमा सृष्टि गऱ्यो, तीर्थको सृष्टि, धर्मको सृष्टि, साहित्य र प्रकाशको सृष्टि, ती कहाभाग भीत्रबाट टुक्रिएका व्यक्तित्व थिएनन् । मानौं तिनीहरू समस्त थिए । एउटा आगोमा जे पनि तिनीहरूसँग थियो, कालो अथवा मैलो, राम्रो या नराम्रो, सबै खारियो र दीप्त बन्यो । शरीरसँग जुन मैलो रहन्छ , तर ज्वालाबाट त्यो उज्ज्वलमा बदलियो । जीवनको सन्दर्भ बदलियो, केही पनि हराएन, सबै रुपान्तरण भयो । जड ज्वल्न्त बन्यो, मंद त्यस ज्वालाको संसर्गले भित्रको आगोमा दिव्य भयो । क्रोध तेज बन्यो । एक-दुई व्यक्तिबाहेकका अधिकांश व्यक्तिहरू देवत्व (भगवानको शक्ति) को भ्रममा परी अनेक कुराहरू लेख्न पुगे । आज हाम्रो अगाडि जुन 'हिन्दू धर्म' छ रहस्य नै रहस्यले जेलिएको छ । कतिसम्म जेलिएको छ भने यो कटु सत्य बुझेर पनि योगीजीले जनताहरूका अगाडि प्रष्टसँग भनेका थिएनन् । योगीजीले त्यसो गरेको भए 'नास्तिक' भनि दुःख दिने थिए धर्मका ठेकेदारहरूले ।

हो, योगी मोहनदासले आफ्नो खास मान्छे गजब बहादुरको अगाडि यो कुरो भन्न हिचकिचाएनन् बर्तमान परिप्रेक्षमा देश, जनता र सम्पूर्ण मानवजातिको मुक्तिको एकमात्र मार्ग भनेको जनताको सेवा गर्नु, संगठित बन्नु र कम्युनिज्मको प्रचार गर्नु हो । मार्क्सले बताएअनुसार संगठित भएर संगठनात्मक पद्धतिमा बाँधिएर कम्युनिज्मको प्रचार गर्न त म सक्दिनँ तर कुनै न कुनै रुपबाट भने म जनताको सेवा गर्दैछु । भाई, तिमी कम्युनिष्ट बन्नुपर्छ, जनतालाई सत्यको प्रकाशद्धारा सचेत गराउनुपर्छ । अन्यायको विरोध गर्नुपर्छ र सदिऔदेखिको अन्यायी परिपाटी हटाई न्यायको र समानताको परिपाटी बसाउनुपर्छ । गजब बहादुरको मुखबाट मैले योगी मोहनदासको बारेमा गजबको कुरो सुन्न पाए । गजब बहादुरको हृदयमा आजसम्म योगीजीको त्यो रुप बसेकै छ । योगी मोहनदास अन्य योगी जस्तै कट्टर र हठधर्मी नभएर महान मानबतावादी-मार्क्सवादी महात्मा रऐछन् ।

# पाल्पाको रमाइलो बालसाहित्यिक कार्यक्रम र होमस्टेको मज्जा

**– गङ्गा पौडेल**

हाम्री आमा भन्नुहुन्थ्यो “नयाँ वर्षको नयाँ दिनमा गरिएका कार्यहरू त्यो वर्ष भित्रमा पुनः दोहरिन सक्छन् । त्यसकारण उक्त दिन कुनै शुभ कार्यको थालनी गर्नु पर्दछ ।”

पहिला म आमाको कुरामा त्यति ध्यान दिँदैनथेँ । शब्दको अर्थ पनि खोज्दैनथें । कुनै पनि कुरालाई गम्भीरतापूर्वक सोच्दैनथेँ तर अहिले आएर ती कुराहरूले मेरो जीवनमा सार्थकता पाउन थालेको विस्तारै चाल पाउँदै छु ।

म आमाको कोखबाट यस धरतीमा पदार्पण गर्दा नयाँ वर्ष आधा पुरानो भइसकेको थियो । त्यसपछिका ५५ वटा नयाँ वर्षले मलाई छोएर अघि बढ्दै गए तर ती वर्षहरूको कुनै अभिलेख राखिन न त कहिल्यै लेखाजोखा नै गरें । यसपालिको नयाँ वर्ष अर्थात २०६७ ले भने मेरो मन, मस्तिष्कमा बेग्लै प्रकारका छापहरू छोडेर गएको छ, जसलाई म बाँचुन्जेल विर्सन सक्ने छैन । ती छापहरूका बारेमा यहाँ उल्लेख गर्न चाहन्छु ।

नयाँ वर्ष २०६७ को दिन सर्वप्रथम, म मुक्तिक्षेत्र पुगेर हिन्दु, बुद्धिष्टहरूको आस्थाको केन्द्रबिन्दु मुक्तिनाथको दर्शन गरेँ । त्यस दिन मैले आफूलाई स्वर्ग पुगेको अनुभव गरेँ । किनभने हिमाल पारीको देश भनेर चिनिने मुस्ताङ जिल्लाको अति विकटस्थानमा अवस्थित मुक्तिनाथको जस्तो सौन्दर्य जीवनमा कतै देख्न पाएकी थिइन । त्यहाँको अकल्पनीय प्राकृतिक छटाको दृश्यावलोकन गर्न पाउँदा मन औधी रमायो ।

त्यसैगरी असार २८ गते स्याङ्जा साहित्य प्रतिष्ठानका अध्यक्ष विश्वप्रेम अधिकारीको निमन्त्रणामा स्याङ्जा जाने अवसर मिल्यो । २९ गते भानुजयन्तीको अवसर पारेर “तीलाकुमारी साहित्य” पुरस्कारबाट मलाई सम्मान गरियों । तीन दशक लामो समयसम्म साहित्यदेखि टाढीएकी मलाई फेरि यो क्षेत्रमा फर्किएको पाँच वर्ष भित्रै त्यस्तो गरिमामय पुरस्कार पाउँला भन्ने आस नै थिएन । उक्त पुरस्कारले मेरो लेखनीमा थप ऊर्जा थपिदियो ।

त्यसको ठीक तीन महिना पछि २०६७/६/३० गते सुनकोशी साहित्य प्रतिष्ठानद्धारा ‘आमा’ सम्मानबाट सम्मानित गरिएँ । उक्त सम्मानले साहित्यमा निरन्तर लागिरहन थप प्रेरणा मिल्यो ।

२०६७ माघ २१ गते साझा शिक्षा ई-पाटीको आयोजनामा किशोर साहित्य लेखन कार्यशालाको निम्ति नगरकोट जाने अवसर मिल्यो । प्रौढ साहित्य र बालसाहित्यमा मात्र कलम चलाएकी मैले किशोर साहित्यजस्तो नयाँ विषयमा पनि लेख्न पाउने भएँ भनि दङ्ग परें । अहिलेसम्म साहित्यका कुनै विधामा पनि प्रशिक्षण नपाएकी मलाई यो किशोर साहित्य लेखन तालिमले एउटा नयाँ अनुभव प्राप्त भयो । त्यसरी एकपछि अर्को सम्मान, पुरस्कार, नौलो अनुभव र अनुभुति बटुल्न पाउँदा हर्षको सीमा रहेन । खुसीले बुर्लुक्कै उफ्रियो मन । एकदिन त्यस्तैमा नेपाल बालसाहित्य समाज (नेवासास) बाट पाल्पा जाने निमन्त्रणा पाउँदा

त भुईमा खुट्टा रहेन । त्यसपछि मैले आमाको भनाई, अर्ति, बुद्धि साँच्चिकै हाम्रो लागि जीवनपयोगी हुन्छ भन्नेमा विश्वस्त भएँ । खासगरि यहाँ ऐतिहासिक नगरी पाल्पा जाँदाको केही प्रमुख अनुभव र अनुभूतिलाई लिपिबद्ध गरि प्रस्तुत गर्ने जमर्को गर्दैछु ।

नेबासासको पत्र बमोजिम २०६७ फागुन १३ गते बिहान सात बजे नै म र हेम पौडेल (श्रीमान्) घरबाट प्रस्थान गऱ्यौं । भृकुटी मण्डपमा अवस्थित पर्यटनबोर्डमा पुग्दा कोही पनि आईपुगेका थिएनन् ।  हामी सबैभन्दा पहिला भयौं । विस्तारै अरु स्रस्टाहरू आउने क्रम बाक्लियो । आठ बजेपछि दुईवटा टुरिष्ट लक्जरी कोच सरर्र गुड्दै आएर हाम्रो अगाडि टक्क रोकियो । राम्रो सिट ओगट्न स्रष्टाहरू तँछाड-मछाड गरी गाडीमा उक्लिए । जस्तै अरु सर्वसाधारण यात्रुहरू दशैंको बेला घरजान गाडीमा चढि हाल्न आतुर हुन्छन् । एकछिन त ढोकामा ठेलमठेल नै भयो । भित्र छिरेपछि आफु र आफ्नो साथीलाई सीट सुरक्षित पारेर केही स्रष्टाहरू फेरि ओर्लिए अनि टवाईलेट खोज्दै पर्यटन बोर्डभित्र पसे । पहिलो ग्रुपका ७/८ जना गएर फर्के पछि दोस्रो ग्रुपमा म लगायत ५/६ जना पनि गयौं तर पालेले मुल ढोकामै ताल्चा ठोकेर हामीलाई छिर्नै दिएन । ढोका खोल्न अनुरोध गऱ्यौं उसले मान्दै मानेन । भिजेको बिरालोको जस्तो मुख पारेर फर्किनु पऱ्यो किनभने विहानको चिसो र घरमा खाएका चियाले आफ्नो पराक्रम देखाइरहेको बेला स्रष्टाहरूसँग चुपचाप सहनु वाहेक अर्को उपाय थिएन । सबै जना फर्केर गाडीमै उक्लियौं । सँगैको सीटमा हेरैं पौडेलजीलाई देखिन, चारैतिर आँखा डुलाएं अँह उहाँको अत्तोपत्तो लागेन, गाडी गुडिहाल्यो । मोवाईल सम्पर्क भयो तर “म पुरानो बस पार्कको शौचालयमा लाईन बस्याछु भन्नुभयो ।”

अब पऱ्यो फसाद, ठूलो गाडी जहाँ पायो घ्याच्च रोकी राख्न पनि मिलेन, तुरुन्त सकड जाम भईहाल्छ । पौडेलजी छुट्नु भो भनेर एकछिन होहल्ला नै भयो । गाडी रोक्नुपऱ्यो भन्दा भन्दै भद्रकाली, सहिदगेट हुँदै त्रिपुरेश्वर पुगियो । नेवासासका अध्यक्ष रामबाबु सुबेदी, कोषाध्यक्ष रामबहादुर पाहाडी, महासचिब डा. शैलेन्दुप्रकाश नेपाल हामीसँगै हुनु भएकोले म चाहिँ ढुक्कै थिएँ । सुवेदी सरले कलङ्कीमा पर्खने भनेपछि सबैजना चुप लागे । मैले मोवाइलमा हामी कहाँनेर पुग्यौ भन्दै पौडेलजीलाई खबर दिइरहें । कलङ्की पुगेर पेट्रोल पम्प अगाडी रोकिएर दुईवटै गाडीमा तेल भर्दा केही समय लाग्यो त्यहि बेला उहाँ पनि ट्याक्सि चढेर आईपुग्नु भयो अनि बल्ल सबै जना खुसी भयौं ।

मनमा विभिन्न कुराहरू खेल्न थाले । काठमाडौं नगरपालिका मात्र हुँदा बरु मानिसहरूको चाप कम थियो । थोरै साधन सुविधाले पनि पुग्थ्यो तर अहिले महानगरपालिका भए पनि मानिसहरूको चाप बढेअनुसार साधन सुविधा थपिन सकेन । साँझमा बल्न विजुली छैन । धारामा पानी छैन । खाना पकाउन ग्यास सजिलै उपलब्ध हुँदैन । बाटो-घाटोको उस्तै बेहाल छ । घरि कता खनिराछन् घरि कता पुरिराछन् । खन्नु र पुर्नुमै अल्मलिएर कहिल्यै सफा हुन सकेन । त्यसमा पनि फोहर व्यवस्थापन गर्न नसक्दा जताततै डङ्गुर देखिन्छ । शौचालय पायक पर्ने ठाउँमा छैन मानिसहरू सडकको भित्ता, रुखको फेद कुनो काप्चा जाँहा पनि मलमुत्र त्यागी दिन्छन् । बाटो हिंडी नसक्नु दुर्गन्ध छ । केही सीमित शौचालयमा लाइन बस्नु पर्ने हुँदा पौडेलजीको जस्तो नियति अरुले पनि नभोगेका होलान् भन्न सकिन्न ।

कलङ्की छोड्नु अगाडि सुवेदी सरले स्रस्टाहरू आईपुगे नपुगेको निरीक्षण गर्नुभयो । अनि मात्र हामी अगाडि बढेर नैकाप, थानकोट

हुँदै नागढुङ्गा पुग्यौं । नागढुङ्गामा एकछिन जाम भयो दुई जना स्रष्टाहरू बाहिर निस्कन ढोकासम्म पुग्नुभयो । त्यो देखेर एकजनाले प्वाक्क भनिहाले "हैन यी बालसाहित्य लेख्ने स्रष्टाहरूको स्वभाव पनि केटाकेटी जस्तै चुलबुले हुन्छ कि क्या हो, एकछिन स्थिर भएर बस्नै नसक्ने ।"

कुरा सुनेर सबै गलल हाँसे । सुनेर सबैजना गलल हाँसें । एकछिनसम्म हाँसोले गुञ्जायमान नै भयो । स्रष्टाहरूलाई उक्त वाक्यले घत पनि पऱ्यो किन भने बाल साहित्य लेख्ने ति चुलबुले स्रष्टाहरू रातो मुख लाएर फरक्क फर्किए अनि आ-आफ्नो सिटमा थुपुक्क बसे ।

नागढुङ्गाको ओरालो पछि हाम्रो वाहनले आफ्नो गति लियो । एकजोडी सेता वाहन सँगैसँगै गुडेर घुम्तीका थुम्का थुम्कीलाई परिक्रमा गरेको दृश्य बडो मनमोहक देखिन्थ्यो त्यसमा पनि सुवेदी सरले मीठा मीठा कविताहरू पस्किदिंदा स्रष्टाहरूले बडो स्वाद मानेर आनन्द लिईरहेका थिए । विभिन्न स्रष्टाहरूको रचना रसपानमा लठ्ठ परेको बेला एक्कासी घ्याच्च वाहन रोकिंदा म त झसङ्ग भएँ यसो बाहिर हेर्दा हेभन रिसोर्ट लेखिएको देखें । स्रष्टाहरू धमाधम ओर्लिए र खानाको लाइनमा उभिए त्यतिबेला सबैसँग अभिवादन साटासाट गरियो । मैले सरर आँखा घुमाएर मनमनै गन्न भ्याएँ दुईवटा वाहनका जम्मा गरि ८० जना स्रष्टाहरू रहेछन् । यति ठूलो सङ्ख्यामा साहित्यकारहरूसँगको यो यात्रा मेरो लागि विल्कुलै नयाँ अनुभव थियो ।

अरुसँगै म पनि लाइनमा बसेर थालमा प्रसादी थापेँ । त्यसपछि मनलागे जति पेटपूजा गरें । सबै एकै ठाउँमा बसेर भोजन गरेको देख्दा यो एउटा साहित्यिक बनभोज जस्तै देखिएको थियो । आफ्ना विचार मिल्ने स्रष्टासँग बसेर हाँसि मजाक गर्दै आनन्दले भोजन गरे स्रष्टाहरूले किनभने अघि पछिको यात्रामा जस्तो गाडी छुट्ला भन्ने डर थिएन ।

"नखाँदा बोल्न नसक्ने, खाएपछि चल्न नसक्ने" भने झै पेटमा टन्न दाना भरेका स्रष्टाहरू अघाएका अजिङगर सरह हलचल नगरी कोही सिटमै घुर्न थाले । कोही चुपचाप बसिरहे म भने झ्यालको सिसा छिचोलेर सडकका दायाँ वायाँका हरिया डाँडापाखा चाहर्न थालेँ । म यो बाटो घर माइती (स्याङ्जा) गर्दा धेरै पटक ओहर दोहर गरि सकिके छु । तर पनि आज मलाई यहि बाटो नौलो आनन्द लागिराछ । किनभने सार्वजनिक वाहनमा यात्रा गर्दा जस्तो कोचाकोच छैन । ठाउँ कुठाउँ घ्याच्च घ्याच्च रोकेर यात्रु हुलिदैन, मान्छेहरूको सास गन्हाएर बान्ता आउने स्थिति छैन । सँगैको यात्रुले नाकको प्वालमा औंला घुसारेर सिङ्गानक पाप्रा कोट्याएको वाक्क लाग्ने दृश्य हेर्नु परेको छैन, खाल्टा खुल्टीको जोल्टिङ्गमा गाडी उफ्रेर घ्याङ्च्याङ्ग घुङ्चुङ्ग गरी उफ्रेर गानो जाने स्थिति पनि छैन । अनि किन आनन्द नलाग्नु त ?

दुःखको एकपल पनि बिताउन कठिन पर्छ तर सुखका दिन, महिना वर्षौ बितेपनि थाहा नै हुँदैन, । त्यस्तै भयो मलाई पनि यो यात्रा बाटो कटेको पत्तै पाइन । कति छिटो नारायणी नदीको पुल तरेर गैडाकोट हुँदै बुटवल पुगिसकेछौं । ल खाजासाजा खाउँ भनेको सुनें । दिनको पाँच बजि सकेको थियो । माहुरीहरू फूलको रस बटुल्न घारबाट बाहिर निस्के जस्तै दुईवटा बाहनका स्रष्टाहरू एकपछि अर्को गर्दै फुत्त फुत्त ढोकाबाट बाहिर निस्किए । त्यसपछि चिया पसल खोज्दै यताउता छरिए ।

हाम्रो जम्बो टोलीलाई एउटै चिया पसलमा ठाउँ पुगेन त्यसैले कोही कता त कोही कता लागे । आफ्नो रुचि अनुसारको परिकार खाएर हामी आफ्नो गन्तव्य तर्फ लाग्यौं । बुटवल छोडेर शिद्धबाबा थान हुँदै तिनाउ खोलाको तिरैतिर प्रवास पुग्दा झमक्कै

साँझ परिहाल्यो । दायाँ वायाँका हरियाली दृश्य हेर्न नपाए पनि वस्तीहरूमा बलेको बत्तीले रमाइलो अनुभूति गरायो त्यसमा पनि पाल्पाको डाँडाको झिलिमिलीले त झन् मनै लोभ्यायो । दार्जिलिङ् देखेका स्रष्टाहरूले त्यससँग तुलना गर्दै भने पाल्पा नेपालको दाजिलिङ् हो । मैले चाहिँ पाल्पा स्वर्ग हो भने । किनभने नदेखेको दाजिलिङ्सँग तुलना गर्नुभन्दा बरु स्वर्गको बारेमा सुनेको आधारमा पाल्पा स्वर्ग हो भन्ने आँट गरे । बाटोबाट हेर्दा पाखै झलल उज्यालिएको हुँदा पनि मैले यसो भन्ने धृष्टता राखे । राती आठ बजे पाल्पा बजारमा अवस्थित होटल हवाईट लेक अगाडि पुगेर हामी सबै जना गाडीबाट ओर्लियौं । कोठाको साँचो लिन काउण्टरमा स्रष्टाहरूको भिड लाग्यो । मलाई मलाई भन्दै तँछाड मछाड गरी हात तन्काएको देख्दा बुद्धिजिवी भए पनि सामान्य मानिसको जस्तो व्यवहार देखेर आश्चर्य लागेर हेरिरहें । बिहानको कुरा सम्झेर हाँसो पनि उठ्यो । बाल साहित्यका लेखकहरू बेला बेलामा बाल बालिकाको जस्तो स्वभाव प्रदर्शन गर्न पछि परेनन् ।

एट्याच टवाईलेट वाथरुम तातो चिसो पानीको व्यवस्था सहितको होटलका कोठा सुविधा सम्पन्न थियो । लुगा फेरी हात खुट्टा धोएर डाईनिङ्ग हलमा जम्मा भयौं । सुवेदी सरले कसले खाए खाएनन् सरर निरिक्षण गर्नुभयो । त्यति बेला मलाई लाग्यो उहाँ हाम्रा अभिभावक हुनुहुन्छ । जतिबेला पनि मुसुमुसु हाँसी रहने अरु समक्ष नरम भई पेश हुने उहाँका विशेषता हुन् । दिनभरको यात्रा थकान उहाँलाई पनि त लागेको होला तर रत्ती पनि त्यस्तो देखिएन । नेवासासले गत वर्ष घान्दुकमा कार्यक्रम गरायो । यसपाली पाल्पामा त्यसरी देशका विभिन्न रमणीय र ऐतिहासिक स्थलमा स्रष्टाहरूलाई पुऱ्याएर कार्यक्रम गराउनु सजिलो छैन । यो एक प्रकारको अपजसी कार्य पनि हो । एउटै घरका परिवारसदस्यको चित्त बुझाउन सकिदैन भने विभिन्न परिवेश र विचारधाराका यति धेरै स्रष्टाहरूको चित्त बुझाउनु पक्कै पनि कठिन कुरा हो ।

चौध गते विहान चिया, नास्ता खाएर कार्यक्रम स्थल पाल्पाको टुडिखेल छेउमा अवस्थित नगरपालिका भवन तिर लाग्यौ । एक ठाउँमा बाटो साह्रै ओरालो रहेछ । हाम्रो ग्रुपमा गीताकेशरी दिज्यु, हिरण्य कुमारी पाठक, भुवनेश्वरी सत्याल र सुशीला प्रधानाङ्ग हुनुहुन्थ्यो । म प्रधानाङगको सहयोग लिएर विस्तारै तल ओर्लिएँ । पाल्पाको उचाइमा रहेको टुँडिखेल साँच्चिकै फराकिलो छ । तलबाट हेर्दा त्यहाँ पनि फराकिलो ठाउँ होला भनेर सोच्न पनि सकिँदैन । नगरपालिका भवन अगाडि धातुबाट बनेको एउटा ठूलो करुवा (पाल्पाको प्रतिक) सजाएर राखिएको छ । त्यो मानव निर्मित करुवा पर्यटकहरूको आकर्षक बनेको छ ।

सभा हलमा पसिसकेपछि कार्यक्रमको सुरुवात गर्दै धवल पुस्तकालय अध्यक्ष युवराज पौडेलले भन्नु भयो "पाल्पाले यो बाल साहित्य सम्मेलनलाई ऐतिहासिक घटनाका रुपमा लिनेछ ।" मञ्चमा आसिन प्रमुख अतिथि प्रज्ञा प्रतिष्ठानका उपकुलपति गङ्गाप्रसाद उप्रेती, प्राज्ञ महादेव अवस्थी, डा. चुडामणी बन्धु, भारतीय बाल साहित्यकार श्याम कुर्ले, रावबाबु सुवेदी लगायत उपस्थित सम्पूर्ण स्रष्टाहरू पौडेलको न्यानो आतिथ्य र सारगर्भित भाषणबाट पुलकित भयौ । साना साना भाइबहिनीहरूले राष्ट्रिय गान गाए । किशोर किशोरी भाइबहिनीहरूले पाल्पाको लोकगीत "सालेजो भाकामा गीत गाएर" नृत्य प्रस्तुत गरी हामी सबैलाई रोमाञ्चित तुल्याए ।

पूर्व योजना अनुसार त्यहाँ सम्मान र पुरस्कार वितरण कार्यक्रम रहेकोले सर्वप्रथम बाल साहित्यका अग्रणी शान्त दास मानन्धरलाई

दोसल्ला ओढाई सम्मान गरियो । त्यसपछि लामो समयदेखि चित्राङ्क गर्दै आउनु भएका वरिष्ट कलाकार टेकबिर मुखियालाई पनि सम्मान गरियो । २०६६ सालको उत्कृष्ट बाल साहित्य पुस्तक लेखन पुरस्कार गङ्गा पौडेल (म स्वयं) र उत्कृष्ट चित्राङकनका तर्फ गोपाल कृष्ण श्रेष्ठलाई प्रदान गरियो । स्नेहा श्रेष्ठ र वोध नारायण अनुपस्थित रहे ।

त्यस दिन उत्कृष्ट पुरस्कार पाउँदा खुसी लाग्नु स्वभाविकै हो तर पनि जिम्मेवारी वोधले गर्दा बुर्लुक्क उफ्रेन मन । भुईमा खुट्टा नटेकिने गरि उचालिएन गोडा किनभने अब झन् मैले मेहनत गर्नु पर्ने भयो भन्ने मलाई लाग्यो । कार्यक्रम समापन हुँदा दिनको बाह्र बजी सकेको थियो त्यसैले हामी पुनः होटल तर्फ लाग्यौं ।

दोस्रो सत्रको कार्यक्रम धवल पुस्तकालयमा राखिएकाले बिहानको जस्तो ठाडो ओरालो झर्नुपर्ने थिएन । त्यसमा पनि विनय कसजु सरले आफ्नो गाडीमा पुऱ्याइ दिंदा सजिलै पुगें । त्यसको लागि कसजु सरलाई मनमनै धन्यवाद भनैं । धवल पुस्तकालयमा भर्खर तला थपेर कोठाहरू थपिएको रहेछ । करिब १०० जना जति अटाउने हल, पुस्तकालय कक्षाहरू भएको उक्त पुस्तकालयले पाल्पाकै गौरब बोकेर उभिएको मान्न सकिन्छ ।

हामी ढोकाबाट छिर्ना साथ फूलमाला लाएर स्वागत गरियो । पुस्तकालय प्राङ्गणमा पाल टाँगिएर बस्ने व्यवस्था मिलाइएकोले फराकिलो, आरामदायी र न्यानो पनि थियो । पाल्पा अग्लो ठाउँमा भएकोले सिरीसिरी हावा लागि रहने क्षेत्रमा यो तरिका अति नै उपयुक्त लाग्यो । पहिलो सत्रमा कार्यक्रम गर्ने क्रममा प्राज्ञ महादेव अवस्थीबाट “पुस्तकमा बालसाहित्य”, लोक साहित्यमा डा. चुडामणी बन्धु, कथा वाचन र वाल साहित्यमा धुव्र घिमिरे, भारतमा मराठी वाल साहित्यमा श्याम कुरले, त्यसैगरि सौरभ किरण श्रेष्ठको किशोर साहित्य, नेपाली वाल गीत, कुसुमाकार न्यौपाने लगायत २०६६ सालमा प्रकाशित नेपाली बालसाहित्यको अध्ययनमा अनन्त वाग्लेजीले कार्यपत्र प्रस्तुत गर्नु भयो । पुस्तकालयमा बाल साहित्यका पुस्तकहरू प्रर्दशन गर्नुको साथै विनय कसजु र गङ्गा कसजुको सौजन्यमा एउटा बाल कक्षको पनि उद्घाटन गरियो । स्थानीय बालबालिकाहरूलाई चित्रकला, निवन्ध प्रतियोगिता गराई पुरस्कृत समेत गरिएको थियो । दुईदिने उक्त कार्यक्रम बडो ज्ञानवर्द्धक र उपलब्धीमुलक भएको मैले अनुभव गरें । नेपाली बालसाहित्यको अलावा भारतका लेखकहरूको समेत कार्यपत्रले थप जानकारी मिल्न सक्यो ।

पाल्पाबाट बिदा भएर निस्कँदा साँझ पर्न आँटेको थियो । बुटवलबाट विश्व (छोरा) दिउँसो आएकोले उसैले टुडिखेलसम्म पुऱ्याएर गाडीको सिटमा बसाई फर्कियो । हामी होमस्टेका लागि मदन पोखरा गयौं । रात छिप्पिदै गयो । दायाँ वायाँ केही देखिएन । अँधेरोले गर्दा तर बाटो ओरालो र साँघुरो भएको गाडीका आवाजबाट थाहा पाउन सकिन्थ्यो । किनभने घरि घरि कोइयूय कोइयूय र ब्रेक लाउँदा निस्कने आवाज सुनिन्थ्यो र गति पनि धिमा थियो । बडो जतनले लैजाँदा पनि एक ठाउँमा विपरित दिशाबाट आएको मोटरसाईकललाई चालक सहित खोल्सामा झारिदियो हाम्रो गाडीले । झण्डै मानिसलाई केही भएन । यदी उसलाई सुरक्षित ठाउँमा नखसालेर दायाँ तर्फ च्यापेको भए हामीसबै परमधाम पुग्ने थियौं । त्यो सम्झेर अहिले पनि आङ् सिरिङ्गै हुन्छ । ओरालो बाटो कटी सकेपछि भने बल्ल ढुक्क भइयो ।

मदन पोखरा दामकडा पुग्दा रातको आठ बजिसकेको थियो । हामीलाई स्वागत गर्ने स्थानीय बासिन्दाहरू हातमा फूलका माला र

गुच्छाहरू लिएर दिनभरी पर्खिएका थिए रे । अधिकांशले आफ्नो इच्छा पूरा नगरी फर्कनु परेको भए पनि २०, २५ जना जति पर्खिएरै बसेका रहेछन् । थुप्रै मइन्टुलहरू बालेर बाटो उज्यालो पार्दै दामकडा उच्च मा.वि.मा लगियो पाहुनाहरूलाई । त्यहाँ दृष्टिविहिन भाई बहिनीहरूले बडो मार्मिक गीत गाएर सुनाए । बासुदेव मुनाल दाजु मञ्चमै गएर तिनीलाई साथ दिनुभयो । त्यसपछि हामी रिभर भ्याली स्कुलमा जाँदा स्थानीय भद्रभलादमीहरूले हाम्रो बाटो हेरिरहनु भएको रहेछ । परिचय आदान प्रदान गरियो । स्कुलको फराकिलो प्राङ्गणमा ठाउँ ठाउँमा दाउरा बालेर "फायरिङ्ग" गरिएको थियो । फागुनको महिना जाडो गई नसकेकाले मजासँग आगो तापियो । जिउ तातेपछि स्थानीय उत्पादन चामल, दाल, तरकारीबाट बनाईएको स्वादिलो खाना यति खाईयो कि पेट भरियो तर मन भरिएन । आलु तामाको रस, काउलीको तरकारी, गोलभेडाको अचार सम्झिदा त अहिले पनि मुखबाट सर्रर पानी रसाउने गर्छ ।

खाई सकेपछि स्थानीय युवाहरू र काठमाडौंबाट गएका युवा स्रष्टाहरू लगायत पाको उमेरका स्रष्टाहरू पनि गीतको भाकासँगै कम्मर भाँची भाँची नाँचे । रातको १० बजी सकेकोले अझै नाँच हेर्ने इच्छा भए पनि हामी (गीताकेशरी, हिरण्य कुमारी पाठक, भुवनेश्वरी सत्याल, सुशीला प्रधानाङ्ग र म) स्थानीय विनोद अधिकारीको अगुवाईमा राधाजीको घरमा बास बस्न गयौं । होमस्टे भएकोले पनि त्यहाँका घरै पिच्छे छरियौ हामी कोही कता कोही कता परियो ।

राधाजीको घर बाटोको छेवैमा रहेछ । उहाँ एकल महिला हुनुहुँदो रहेछ । त्यसैले पनि विनोदजीले हाम्रो महिला ग्रुपलाई त्यहाँ बस्ने व्यवस्था मिलाउनु भयो सायद । दुई तले घर ठिक्कका कोठाहरू पानी, शौचालयको व्यवस्था भएको सुविधा सम्पन्न थियो घर । गाउँमा भए पनि यत्तिको सुविधा जुट्नुलाई राम्रै मान्न सकिन्छ । गोरो वर्णकी उज्यालो मुहार भएकी राधाजीको व्यवहार पनि उत्तिकै उज्यालो रह्यो हामी प्रति । १२ वर्ष पहिलेदेखि पति वियोग खपेर पनि दुईवटी छोरीलाई पढाएर सक्षम बनाउनु उहाँको खुबी मान्न सकिन्छ । दुईवटी छोरीहरू हाल काठमाडौंकै अस्पतालमा नर्स भई सेवा पुऱ्याइरहेका रहेछन् । उहाँसँग केही घरायसी कुरा भएपछि रात छिप्पिदै गएकोले उहाँले भन्नुभयो "तपाईंहरू थाक्नुभयो होला आराम गर्नुहोस" सुत्न जानु पहिले तातो कफि पनि ख्वाउनु भयो । हामी सुत्ने कोठा उहाँको बैठक जस्तो थियो । एकातर्फ सोफाहरू थिए अर्कोतर्फ डवल बेडको पलङ् थियो भने टि.भी. र केही सजावटका सामानहरू पनि सजाईएका थिए । भुईमा बेल्जीयन कार्पेट ओछ्याइएको थियो । ओढ्नलाई कम्मल, सिरक दिनुभयो । उहाँ आफ्नो कोठामा पसेपछि हामी पाँचैवटीले उहाँको खुलेर प्रशंसा गऱ्यौं । मध्यरात हुन आधा घण्टा मात्र बाँकी रहयो त्यसपछि गीता केशरी दिज्यूले ए सुतौं है भोलि चाडै उठ्नुपर्छ नत्र हामीलाई यही छोडेर जालान् भनेर उहाँ शोफामै ढल्किनु भयो । हिरण्य कुमारी दिज्यू र शुसिला प्रधानाङ्ग भुइको कार्पेट माथि पल्टिनु भयो । मलाई र भुवनेश्वरी सत्याललाई पलङमा पठाएर आफुहरू भुईमा पल्टेको देखेर मलाई असजिलो लाग्यो र भने "उमेर हिसावदेखी लेखनका हिसावले पनि म यहाँ सबैभन्दा जुनियर छु त्यसैले म भुईमा सुत्छु भन्दा कोही मान्नु भएन । त्यतिखेर मैले उहाँहरूको म प्रतिको अपार माया र स्नेहदेखि कृतज्ञ भएँ । त्यति बेला मलाई लाग्यो अरु भन्दा पनि यो साहित्यक नाता झन्, मजबुत र गाढा हुदोरहेछ ।

पर्यटन वर्षको बेला छापामा होमस्टेका बारेमा छ्यापछ्याप्ती लेखिएका लेखहरू

पढ्न पाएको थिएँ तर अनुभव थिएन । एउटा व्यवसायिक भावना बोकेर खोलिएका होटल, लज रेस्टुराँ भन्दा बेग्लै हुने रहेछ । कहिले देखाभेट चिनापर्ची नभएकी राधाजीले हाम्रो निम्ति आफ्नै सम्झेर ओछ्यानै छोडिदिनु भयो । वास्तवमा उहाँको श्रद्धा, शुद्ध भावनाको सराहना गर्नै पर्छ । शहरमा बस्नेहरू आफ्नो नातापाता बसाबस्ने गरि आउँदा पनि नाक खुम्च्याउने गर्छन् भने त्यस्ताको अगाडि राधाजी साँच्चीकै उदाहरणीय हुनुहुन्छ भन्ने लाग्यो मलाई । भोलिपल्ट मदन पोखराको अर्गानिक खेती, कफी बगैचा हेर्ने भनिएपनि समयाभावले गर्दा त्यो मौका चाहीँ मिलेन ।

मदन पोखराबाट बिदा हुने बेलामा दामकडा उच्च मा.वि.का दृष्टिविहिन विद्यार्थी भाई बहिनीहरूका लागि सबै स्रष्टाहरूले केही आर्थिक सहयोग गर्नु सिवाय त्यस ठाउँको लागि केही गर्न सकिएन । बिहान ९ बजे हामी अघिल्लो दिन आएकै बाटो भएर उकालो उक्लियौं । घ्वाई घ्वाई आवाज निकालेर दुईवटा बाहन उकालो चढ्यो । उकालो बाटो देखेर मनै सिरिङ्ग भयो । मैले मनमनै भने "झण्डै ज्यान जोगियो ।"

बर्तुङमा पुग्दा थाहा भयो गायक नरहरि प्रेमी बास बसेकै ठाउँमा छोडिनु भएछ । एकछिन सबै जना हाँसो ठट्टा चल्यो आउँदा पौडेलजी जाँदा नरहरिजी छुट्नु भो भनेर । स्थानीय एक जना युवाले मोटरसाइकलमा उहाँलाई त्यहीं पुऱ्याइदिए । त्यसपछि भने झन् नरहरिजी हौसिएर गाडीभित्र गाउन थाल्नु भयो । डा. शैलेन्दु प्रकाश नेपाल सरले साथ दिनुभयो । शैलेन्दु सर लेखनमा मात्र हैन गाउन पनि सिपालु हुनुहुँदोरहेछ । स्वरमा माधुर्य पनि उत्तिकै रहेछ । उहाँहरूको अन्ताक्षरी सुन्दै भरपूर मनोरञ्जनका साथै पाल्पाको रमाइलो बाल साहित्य कार्यक्रम र होमस्टेको मजा लिएर जीवनमा कहिलल्यै बिर्सन नसकिने अनुभव र अनुभूतिहरू बटुली म काठमाडौं फर्किएँ ।

# गीत

– सदाशिव के.सी.

**टाढा हुनेको के कुरा भो र, आफ्नैले घात गर्दोरै'छ**
**दुःख वियोग आपत पर्दा, सबै नै टाढा सर्दोरै'छ**

**गाली गर्नेसँग भन्दा, साउती मार्नेसँग डर हुन्छ**
**त्यो भन्दा नि धेरै, मनैले रेट्नेसँग डर हुन्छ**
**रुप सुन्दर भए पनि, मन कस्तो छ देखिँदैन**
**जति खोजे नि गुणको भण्डार, खोज्दैमा भेटिंदैन**

**कोही बेला त घोच्ने बिझ्ने, काँडा पनि प्यारो हुन्छ**
**कोही बेला फूल नै पनि, धारिलो र अप्ठ्यारो बन्छ**
**कस्को नै के भर र यहाँ, विपत्तिमा साथ पाइँदैन**
**इर्ष्या हुन्छ बरु भलो गर्नेको, तर गुनगान गाइँदैन ।**

**– पनौती, काभ्रे**

# आख्यानतत्त्वका आधारमा मनकोइला रानी गाथा

– बाबुराम लम्साल

१. विषयपरिचय

लोकसाहित्य लोक र साहित्यबाट बनेको शब्द हो । त्यसैले यसलाई लोकको साहित्य भनिएको हो । लालित्यपूर्ण तरिकाले भावपूर्ण भाषिक कलामा व्यक्त गरिने कला लोकसाहित्य हो । लोकसाहित्यलाई विभिन्न विद्वान्हरूले विधागत रूपमा वर्गीकरण गरेका छन् । त्यही वर्गीकरणमध्ये एक हो लोकगाथा । सामान्यतया लोकसाहित्य व्यक्तिद्वारा निर्मित भए पनि लोकद्वारा मुखपरम्परामा सुरक्षित र हस्तान्तरित् हुँदै आएका हुन् भन्न सकिन्छ (बन्धु, २०५८ : २००) । गाथा शब्द गाथिन् शब्दबाट बनेको हो । गाथिन् शब्दको अर्थ हो गाउनु । वैदिक साहित्यमा गाउने सन्दर्भमा गाथा शब्दको प्रयोग भएको पाइन्छ । पौराणिक साहित्यमा आख्यानात्मक वर्णनका निमित्त पनि गाथा शब्दको प्रयोग भएको छ (पराजुली, २०४८ : २८) । लोकसाहित्यका विज्ञहरूले लोकचिन्तनलाई मध्यनजर गर्दै लोकगाथाको परिभाषा गरेका छन् । केही प्रतिनिधि परिभाषाहरू निम्न लिखित छन् :

– डा कृष्णदेव उपाध्याय, जन साधारणका मुख परम्परामा प्रचलित कथात्मक गीतलाई लोकगाथा भनिन्छ ।

– क्रिटिज, लोकगाथा कलात्मक गीत अथवा गीत कथा हो ।

– फेन्क सिजविक, लोकगाथा लोकको सम्पत्तिका रूपमा रहेका सरल आख्यानात्मक गीत हो र यसको हस्तानतरण मौखिक रूपमा गरिन्छ ।

उपरोक्त परिभाषालाई हेर्दा गीति शैलीमा मौखिक परम्परामा गाइँदै आएको आख्यानयुक्त गीतकथालाई गाथा भनिन्छ भन्ने कुरा बुझ्न सकिन्छ ।

मनकोइला रानीको गाथा पश्चिम नेपालको गण्डकी अञ्चलमा प्रचलित गाथा हो । यसमा पाँच वर्षकी मनकोइला रानी सङ्ग १२ वर्षका राजा उदयचन्द्रको विवाह भएको प्रसङ्ग उल्लेख गरिएको छ । सामाजिक विषयवस्तुमा आधारित रहेको मनकोइला रानीको गाथा गद्य लयमा प्रस्तुत छ । यसमा विप्रलम्भ शृङ्गारको चरम प्रयोग गरिएको पाइन्छ भने पिकदूतका माध्यमबाट सन्देश पठाइएको कुरा उल्लेख छ । यिनै विषयवस्तुलाई केन्द्र मानी आख्यान तत्वका आधारमा मनकोइला रानीको गाथा विश्लेषण गरिएको छ । यस लेखमा डा. मोतीलाल पराजुलीद्वारा लिखित नेपाली लोकगाथा पुस्तकलाई आधार मानिएको छ । उक्त पुस्तकमा तीसवटा गाथाहरू सङ्कलित छन् । तीमध्ये मनकोइला रानीको गाथा पनि एक हो । यसैलाई सामग्रीको मुख्य आधार मानिएको छ ।

२. मूल पाठ

सपनीमा तिम्रो  
दर्शन मैले पाइन हो राम ।  
वारइ र वरिसका उदौचन्द्रप प्रभु राजा नि  
पाँचई र वसुकी हंला रानी हो  
क्याविधि लेख्यो मलाई राम  
उदौचन्द्र राजा नि

करम न कौन ये गति मेरा
मन मेरा धरधर रुन लाग्यो हो रामि ।
अवरिया राम फुलै र फल्यो सखी राम्
बेली त प्रभु चमेली
फुलै र फल्यो सखी हो ‾......
बेली प्रभु चमेली
अब फलला चम्पा डाली हो राम ।
यो फूल गाथी र गाथी
मैले के गरुँ स्वामी
सेज्जे त भयो ए सुन्ने खाली प्रभु जी
सपननीमा स्वामीको दरशन पाइन हो राम ।
मलेनीका आँगनीमा चन्दनको प्रभु विरुवा,
सोही डाली बसी बोल्न लाग्यो
कउवा हो राम
बोली बोल्लास् राम्
सुलच्छेनी प्रभु कउवा
मेरा राजा कति ए दुरम्
हो मनकोइला रानी
सपनीमा स्वामीको दरशन पाइन हो
अवरिया राम हत्केली छालै र काढेर
कागज प्रभु बनायम
हत्केलाको छाला र काढेर प्रभु हो
कागज प्रभु बनायम
रगतको मसी प्रभु बनायम
हमलिका लेखन राम्
लेखेर प्रभु पठायम्
मेरा राजा कति ए दुरम्
हो मनकोइला रानी
सपनीमा स्वामीको दरशन पाइन, हो राम्
अवरिया राम खसी त कटायौ रानी
कलेजी भूइया धरायौ
खसी त कटायौ रानी हो
कलेजी भूइमा धरायौ
कहुवालाई सम्चार पठायौ हो राम ।
संदेश ल्यायो कउवा भनी
चन्दनको विरुवा बसेर
तही राजा सामुन्ने खायो
हो मनकोइला रानी मनमेरा घरघर रुन लाए ।
अवरिया राम चैत मास राम्
वन भयो प्रभु खाकर,
चैत र मास हो राम्
वन भयो प्रभु खाकर
कदम चुनी चुनी खायो
खायो हो राम्।
ब्रहाचारी वैरागीले राम
तीर्थ मात्रै त ध्याए नि
अभागीलाई भाग्ये ए कैले थियो र नि हो
सपनीमा स्वामीको दरशन पाइन हो राम
अवरिया राम जेठ मैना अतुर बली,
जोवान चढेर आयो नि
पंखीले ठकाना बनायो राम् ।
सर्ब जिवा जिन्तु राम्
सबै घरमा आए नि
मेरा राजा कति ए दुरम् होला
ए मनकोइला रानी
सपनीमा स्वामीको दरशन पाइन हो राम ।
अवरिया राम सपुतलाई देख्यौ राम
केमधेनु त गाई नि
सपुतलाई देख्यौ राम हो
केमधेनु त गाई नि
तनैका पुजम चारै र पाउ हो राम
तिनैका घिव र दुधले
होम जग्गे प्रभु लगायम
तनैलाई धाउजन्यलामु प्रभुजी
ईश्वर तमरा लीला बुझिसक्नु छैन हो राम ।
अवरिया राम यो भवसागरमा
सिरस्टी प्रभु जमायम
यो भव सागरमा हो
लच्छे कोटि चौरासी जनम
सबै गइसक्यो नि
मेरा राजा कति यै दुरम वसे ए
उदैजी

मनमेरा भरघर रुन लाग्यो हो राम

३. कथानक

मनकोइला रानी पाँच वर्षकी हुँदा बाह्र वर्षको राजा उदयचन्दसँग विवाह गरेर दिइएको हुन्छ । एक दिन राजा रानीलाई छोडेर सिकार खेल्न जङ्गल जान्छन् । बाह्र वर्ष बित्दा पनि राजा घर फर्कँदैनन् । उमेर बढ्दै जाँदा बैंस चढ्दै जान्छ । रानीले राजालाई निकै सम्झिन्छिन् अनि चिन्ताले रुन थाल्छिन् । वसन्त ऋतु भएकाले बेली, चमेली, चम्पा आदि फूल फुल्न थाल्छन् । यी सम्पूर्ण फूलको सेज्जिया भए पनि मनकोइलाले स्वामीको दर्शन पाउन सकिनन् । त्यसै समयमा आँगनको नजिक चन्दनको बोटमा कौवा आइ कराउँछ । रानीले कागलाई शुभ लच्छिन बता भन्छिन् । उनले मेरा राजा कति टाढा छन् सपनीमा पनि देख्न पाएकी छैन भनिन् । उनले कागलाई राजा कहाँ छन् मलाई बताइदे भन्छिन् । त्यसपछि रानीले छालाको कापीमा रगतको मसीले औंलाको सहायता लिइ चिठी लेख्छिन् । उनले कागलाई चिठी लिएर राजालाई दिन लगाउँछिन् त्यति गर्दा पनि राजा आउँदैनन् । फेरि रानीले कागलाई बाटाखानाका लागि खसी काटी कलेजो पठाउँछिन् । अनि रानीले त्यो कलेजो राजा जुन सहरमा बसेका छन् त्यही सहरमा गएर मात्रै खानु भन्दै फेरि रुन थाल्छिन् । रानीले राजाको सम्झनामा कामधेनु गाईको दूध घीउले यज्ञ यज्ञादि गर्छिन् । ईश्वरको लीला विचित्रको रहेछ यो सृष्टि चौरासी जुनी बिति सक्यो । हे स्वामी ! किन आएनौ भनी रानी रुन थाल्छिन् अनि गाथा दुखान्तमा गएर टुङ्गिन्छ ।

४ पात्र

मनकोइलारानीको गाथामा मनकोइलारानी, उदयचन्द्र राजा र कालो काग पात्रका रूपमा चित्रित छन् । प्रस्तुत गाथामा मानवीय पात्रका रूपमा राजा र रानी छन् भने मानवेतर पात्रका रूपमा कालो काग रहेको छ । यिनै पात्रहरूको चरित्रचित्रण तल प्रस्तुत गरिएको छ ।

४.१ मनकोइला रानी

मनकोइलारानीको गाथामा मनकोइलारानी प्रमुख पात्र हो । ऊ अनुकूल, गतिशील, व्यक्तिगत, मञ्चीय र बद्ध पात्र हो । ऊ पाँच वर्षको हुँदा विदेसिएका पतिको विरहमा डुबेर बसेकी छे । राजालाई साह्रै माया गर्ने हुँदा बेली, चमेली, चम्पा फूल फुल्दा पनि ती सबैलाई निरर्थक देख्ने रानीले राजाको सम्झनामा बाटाभरि आँखा विच्छ्याएर बसेकी हुन्छे । राजा घर नफर्केपछि कागलाई दूतका रूपमा लिई शरीरको छाला कापी, रगत मसी र औंलाहरूलाई कलमको रूपमा लिएर पत्र लेखी काग मार्फत पठाउँछे । यसरी सहयोगी भूमिका खेलेको पात्र कागलाई खसी काटी मुटुकलेजो बाटो खर्चका लागी पठाउँछे ।

मनकोइलारानी अत्यन्तै पतिव्रता नारीका रूपमा चित्रित छ । पतिको विरहमा लामो समयसम्म डुबिरही । पति घर फर्किन्छ कि भनेर कामधेनु गाईको दूधघीउले देवदेवताको पूजा गर्छे । विधिको विधाता यस्तै रहेछ । चौरासी लाखको जुनीमा धेरै प्राणीको जन्म र मरण भैसक्यो तर यो वीचमा मेरा प्राण अझै आएनन् भन्दै रानीले विलौना गरिरहेकी छे । रानी पतिको वियोगमा छट्पटिरहेकी छे ।

४.२ उदयचन्द्र

उदयचन्द्र राजा प्रमुख पुरुष पात्रका रुपमा आएका छन् । उनी अनुकूल, गतिशील, अदृश्य र मुक्त पात्रका रूपमा चित्रित छन् । उनी बाह्र वर्षको कलिलो उमेरमा पढ्नका लागि विदेसिएर साहसिक रूप प्रदर्शन गरेका छन् । यिनी आफ्नी प्रियसीको सम्झना गरी घर नफर्कने पात्र हुन् । उनी सहरको कुनै कुनामा बेखबर रही गुप्त बस्ने पात्रका रूपमा चित्रित छन् । रानीले जति जप तप

धार्मिक अनुष्ठान गरे पनि दूतका रूपमा कागलाई माध्यम बनाएर छालाको कापीमा रगतको मसीले औंलाको कलम मार्फत चिठी लेखेर पठाए पनि घर नर्फकने पात्रका रूपमा राजा उदयचन्द्र गाथामा स्थापित छन् । उनी विदेशी भूमिको रसरङ्गका साथ रमाउने भुलक्कड पात्र हो की भन्ने कुरा अड्कल गर्न सकिन्छ । बाल्यकालीन समयमा विवाह गरेर बाबुआमाका साथ श्रीमतीलाई छाडेर पलायन भएका उदयचन्द्र राजा स्वार्थी प्रवृत्तिका रहेछन् भन्ने कुरा अड्कल गर्न सकिन्छ ।

४.३ कालो काग

काग मानवेतर प्राणी मध्येको प्रमुख पात्र हो । काग अनुकूल, स्थिर, बद्ध पात्रका रूपमा गाथामा चित्रित छ । मानवेतर प्राणी भए पनि मानवीय भाषामा नै रानीसँग कुरा गर्छ । रानीको त्यो पीडादायी अवस्थालाई देखेर दुखित भई सहयोग गर्दछ । रानीका दुःख निवारणका लागि राजाको खोजी गर्न विभिन्न मुलुक चाहार्छ तर फेला पार्न सक्दैन । ऊ दूरदर्शी पात्र भएकाले बाटा खर्च पनि रानीसगै लिएर जान्छ र राजारानीको भेट नभए पनि कागले सहानुभूतिपूर्वक सहयोग गर्छ । त्यसैले काग संवेदनशील पात्रका रूपमा गाथामा उल्लेख छ ।

समष्टिमा भन्दा यी तीनवटै पात्र प्रस्तुत गाथामा उल्लिखित छन् । तीमध्ये मुख्य चरित्रका रूपमा मनकोइला रानीलाई लिन सकिन्छ । यिनैको केन्द्रीयतामा प्रस्तुत गाथा चित्रित छ ।

५ उद्देश्य

प्रस्तुत गाथाको मुख्य उदेश्य मनोरञ्जन दिनु हो । यसले इतिहासमा भएको घटनालाई पनि चित्रण गर्न खोजेको छ । त्यसैले यो ऐतिहासिक गाथा हो भन्न सकिन्छ । अर्को कुरा हिन्दू नारीहरू पतिव्रता हुन्छन् भन्ने पनि देखाइएको छ । पति जति टाढा भए पनि लामो समयसम्म घर नफर्कदा उसैको यादमा बाँचिरहेका हुन्छन् । पति घर फर्कन्छन् भन्ने आशाले देव देवताको पूजा आजा गर्ने गर्दछन् । मानव जातिको मूल्य र मान्यता ह्रास भैरहेको अवस्थामा पन्छीले मानवीय व्यवहार गरी सहयोग गरेको चित्रण गर्दै मानवीय सवेदना क्षीण हुँदै गएको कुरा चित्रण गर्न खोजिएको छ भन्न सकिन्छ । आफ्नो कार्य सिद्धि हुन नसक्दा मान्छेको परिपूर्तिका लागि भगवान्को प्रार्थना गरी आफूलाई चित्त बुझाइरहेको हुन्छ भन्ने बोध पनि गर्न सकिन्छ ।

६ परिवेश

मनकोइला रानीको गाथाको परिवेश पश्चिम नेपालको गण्डकी र लुम्बिनी अञ्चल पर्दछ । यो गाथा बढी मात्रामा हेम्जामा गाइएको पाइएको छ । प्रस्तुत गाथा पोखरा हेम्जा निवासी हीरासिह गन्धर्वबाट सङ्कलन गरिएको हो (पराजुली, २०४८ : १९८) भन्ने कुराले पनि प्रस्तुत गाथाको परिवेश कास्की जिल्लाको एक स्थलमा केन्द्रित छ भन्ने कुरामा दुई मत छैन ।

७ द्वन्द्व

प्रस्तुत गाथामा बाह्य द्वन्द्व नदेखिए पनि आन्तरिक द्वन्द्व देखा पर्दछ । वैसालू अवस्थाकी मनकोइला रानी आफ्नो पतिको सम्झनामा व्यग्र देखिन्छिन् । पति घर नफर्कने कुरामा उनी शङ्का गर्छिन् । खोजीका लागि काग मार्फत पत्र पठाउने अवस्थाले भने द्वन्द्व सिर्जना गरेको छ ।

८ संवाद

मनकोइला रानीको गाथामा मानवीय र मानवेतर पात्रका बीच संवाद गरिएको छ । चन्दनको रुखमा आएर कराएको कागसँग मनकोइला रानीले बातचित गर्दछिन् । रानीको पीडादायी अवस्था देखेर सहयोग गर्ने कुरा कागले गर्दछ । चिठी लेख्न र पठाउने कुरामा काग र मनकोइलाका बीचमा संवाद चल्छ । त्यसैले संवादका दृष्टिले पनि मनकोइला रानीको गाथा उपयुक्त नै छ ।

९ भाषाशैली

मनकोइला रानीको गाथामा लुम्बिनी,

गण्डकी भेगतिर प्रचलित स्थानीय भाषिकाको प्रयोग भएको छ। यस्ता केही शब्दमा धरकन (धड्कन), दूरम (दूर), लगायम (लगायौँ), जनम (जन्म), सिरस्टी (सृष्टि) आदि छन्।

प्रस्तुत गाथाको भाषा सरल सहज र प्रवाहमयपूर्ण छ। यसमा स्थानीय भाषिकाका विशिष्ट शब्द र भिन्न रूपमा परिवर्तित शब्दको प्रयोग भए पनि तिनले सम्प्रेषणमा कुनै असर पुऱ्याएको छैन। यो सजिलो तरिकाले भाव र विचार प्रयोग भएको गाथा हो। यसमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ। संवादहरू छोटाछरिता र प्रसङ्गअनुकूल छन्। यस्ता संवादले कथानकलाई अगाडि बढाउन र चरित्रमाथि प्रकाश पार्न सहयोगी भूमिका खेलेको छ। यो गाथा मुक्त छन्दमा रचित छ। अन्तरअनुप्रासले यसलाई लयात्मक र सङ्गीतात्मक बनाएको छ। यसमा कतिपय पङ्क्तिहरूको पुनरावृत्ति गरिएको छ। जसमा 'सपनीमा स्वामीको दर्शन पाइन हो राम' रहेको छ। प्रस्तुत गाथा गद्य लयमा सृजना गरिएको भए पनि नीरस र बौद्धिक भाषाको प्रयोग भने गरिएको छैन। त्यसैले प्रस्तुत गाथाको भाषाशैली र प्रस्तुति सरल सहज र सुबोध्य किसिमको छ। सामान्य व्यक्तिले पनि सजिलै बुझ्न सक्ने किसिमको छ।

१० निष्कर्ष

लोकसाहित्यका विभिन्न विधामध्ये लोकगाथा पनि एक हो। लोकगाथा लोकको मौलिक परम्परामा मुखरित हुँदै आइरहेको छ। पश्चिम नेपालको गण्डकी र लुम्बिनी अञ्चलमा प्रचलित मनकोइला रानीको गाथा सामाजिक विषयवस्तुमा आधारित छ। पाँच वर्षको उमेरदेखि पतिसँग बिछोड भएकी मनकोइला रानीको मनोगत अवस्थाको चित्रण गरिएको छ। जतिजति उमेरावस्था चढ्दै जान्छ त्यति नै अवस्थामा पतिको विरहमा डुब्दै जान्छे। त्यसै अवस्थामा सहयोगीको भूमिका कागले गर्दछ। तर कागले जति खोजे पनि उदयचन्द्रलाई फेला पार्न सक्दैन। कागको प्रयास र पाठपूजा गर्दा पनि राजाको उपस्थिति नभएकाले रानी मनकोइला चिन्ताले व्याकुल हुन पुग्छे। ऊ सृष्टिको सृजना गर्ने विधातालाई पुकारा गर्दै विरहमा डुबेको प्रसङ्गले मानवीय संवेदना भावनाले भरिएर आउँछ। यस्ता उदेक लाग्दा अवस्थाहरू मनकोइला रानीको गाथामा उल्लेख छ। नेपालका हिन्दू नारीहरू जति नै पीडावोध भए पनि बुहार्तन खपेर बस्न सक्छन् भन्ने कुराले आदर्शीकरण गर्न खोजेको आभाष पाउन सकिन्छ। यस गाथाको भाषा सजिलै बुझ्न सक्ने किसिमको छ। गद्य लयमा लेखिएको प्रस्तुत गाथा साङ्गीतिक र गेयात्मक छ।

सन्दर्भग्रन्थसूची

थापा, धर्मराज, गण्डकी सुसेली, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, २०३०।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, नेपाली साहित्यको विवेचना, काठमाडौँ : पाठ्क्रम विकास केन्द्र, २०४१।

पराजुली, कृष्णप्रसाद, नेपाली लोकसाहित्यको आलोक, काठमाडौँ : वीणा प्रकाशन प्रा. लि., २०५०।

पराजुली, मोतीलाल, नेपाली लोकगाथा, पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९।

पोख्रेल, बालकृष्ण र अरू, नेपाली बृहत् शब्दकोश, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०४०।

श्रेष्ठ, तुलसीमान, कौरा नृत्यगीतको विश्लेषण, उन्मेष (८ अङ्क, ७५, २०६१)।

बन्धु, चूडामणि, नेपाली लोकसाहित्य, काठमाडौँ : एकता बुक्स डिस्टिब्यटर्स प्रा. लि., २०५८।

# मोदनाथ प्रश्रित

– यशु श्रेष्ठ

(मोदनाथ प्रश्रित बहुआयामिक, बहुप्रतिभाशाली, प्रगतिवादी स्रष्टा र द्रष्टा । साहित्य, संस्कुति, आर्युर्वेद, समाजशास्त्र, विज्ञान, मनोविज्ञान आदि गरेर उहाँका चौवन्नवटा कृतिहरू प्रकाशित छन् । उहाँ अहिले पनि लेखन कार्यमा सक्रिय नै हुनुहुन्छ । कृति लेखनसँगै विभिन्न राष्ट्रिय दैनिकहरूमा स्तम्भ लेखिरहनुभएका प्रश्रित राजनीतिक आकाशमा समेत विचारशील व्यक्तित्वको रूपमा परिचित हुनुहुन्छ । विद्यार्थी जीवनबाटै राजनीतिक गतिविधिमा संलग्न रहनुभएका उहाँले पटक पटक जेलजीवन बिताउनु भयो । उहाँ २०५१ सालमा 'शिक्षा मन्त्री'को हुनुभएकोथियो । प्रतिबन्धित राजनीतिक गतिविधिमा संलग्न रहेकाले सरकारी जागिरका लागि उहाँलाई प्रतिबन्ध नै लाग्यो । उहाँले साइनबोर्ड पेन्टिङ्ग, पत्रिकाका सम्पादन तथा शिक्षण पेशा अङ्गाली जीवनलाई अगाडि बढाउनुभयो ।

वि.सं. १९९९ साल असार ०६ गते अर्घाखाँची जिल्ला खिदिम, हर्रबोटमा जन्मनु भएका उहाँकी आमाको नाम बालिकादेवी पौडेल र बुबाको नाम पं घनश्याम हो । ६-७ बर्षको उमेरदेखि लेखनमा रुचि राख्दै आउनु भएका प्रश्रितले वि.सं. २०१० सालमा पहिलो कवितावाचन गर्ने मौका पाउनुभयो । कविताावाचन पछि विद्यालयका गुरु दधिराम मरासैनीले अबिरयात्रा सहित पगरी गुथाएर पाँच रुपैयाँ पुरस्कार पनि दिनुभयो । यसबाट उत्साहित उहाँले निरन्तर साहित्य साधना गरिरहनुभयो । वि.सं. २०२३ सालमा 'मानव' महाकाव्यका लागि 'मदन पुरस्कार' पाउनुभएका उहाँ सबैभन्दा कान्छो उमेरमा मदन पुरस्कार पाउने स्रष्टाका रुपमा पनि चिनिनुहुन्छ । उहाँलाई ' ओपन इन्टरनेशनल यूनिभर्सिटी फर कम्प्लिमेन्टरी मेडिसिन'ले मानार्थ 'पीएच.डी.'को उपाधी प्रदान गरेको छ । प्रस्तुत छ हाम्रा सहायक सम्पादक यशु श्रेष्ठले उहाँसँग विभिन्न विषयमा गर्नुभएको कुराकानीको सारसंक्षेप- सम्पादक)

**पहिलो पटक साहित्य सिर्जना गर्दाको क्षण ?**

कविता लेख्न अनौठो संयोग जुरेको भन्नुपर्‍यो । म हरिहर संस्कृत पाठशालामा पढ्थें । यस पाठशाला अहिलेको आवासीय विद्यालयजस्तो थियो । त्यहीँ बस्ने, खाना खाने व्यवस्था हुन्थ्यो । मेरा हजुरबा महापंण्डित दधिराम मरासैनी हेडसर हुनुहुन्थ्यो । मेरा बुबा चाहिँ प्रमुख शिक्षक । म बुबासँग बसेर पढ्ने गर्दथेँ ।

त्यहीबेलामा एउटा हल्ला चल्यो 'लौ देवता निस्कियो रे ।' हामी साथीसाथी मिलेर देवता हेर्न गयौं । स्कुलमा चाहिँ गयल भयौं । सरलाई नसोधी गएको भनेर सर रिसाउनु

भयो । 'तिमीहरूलाई खान पनि देवताले देओस्' भन्दै भात पनि खान दिनुभएन । त्यसपछि त निराश हुने कुरा भैहाल्यो ।

त्यही साँझ 'भगवान ! सरको मन फर्कियोस्' भन्ने मनसायले 'दशअवतार स्तुती' शीर्षक दिएर एउटा कविता लेखें । त्यो कविता टेवलतिरै त्यतिकै छोडेर कतै गइयो होला । त्यो बुबाले देख्नुभएछ । 'लौ छोराले त कविता पो लेखेछ' भन्दै हेडसर हजुरबुबालाई देखाउनु भएछ । हजुरबुबा कविता हेरेर छक्क पर्नुभएछ । 'लौ केटाले यस्तो राम्रो कविता लेखेछ । यसलाई त प्रोत्साहन गर्नु पर्छ भनेर विद्यार्थीहरूलाई भेला गराइ त्यहीं कविता वाचन गर्न लगाउनु भयो । त्यसपछि अबिरमाला लगाइ, पगरी गुथाएर, पाँच रूपैया पनि दिनुभयो । त्यसपछि त यस्तो हौसला बढ्यो कि लेखनी आजसम्म छुटेको छैन ।

**पत्रिकामा छापिएको पहिलो रचना ?**

२०१५ सालमा पाठशालामै 'संस्कृत छात्र संघ' भन्ने नाम दिएर एउटा संघको स्थापना गरियो । त्यसको संयोजक म आफैं थिएँ । त्यस संघबाट 'किरण' भन्ने पत्रिका प्रकाशन गर्न थालियो । त्यसको प्रधानसम्पादक पनि म आफैं नै थिएँ । त्यही पत्रिकाको लागि 'छात्र जीवन' शीर्षकको कविता लेखें र छापें ।

**आफ्नो रचनाको लागि पहिलो पटक पत्रिकाबाट पारिश्रमिक पाएको कुरा याद छ ?**

यस्तै गोरखापत्र, मधुपर्कहरूले त्यसवेलामा पारिश्रमिक भनेर केही रूपैयाँ दिन्थ्यो । त्यतैतिरबाट मलाई पनि पारिश्रमिक दिए होलान् । तर मलाई के याद छ भने शहरतिरका पत्रिकाले हाम्रो रचना नै छाप्दैन थिए । पठाएका रचना पनि खै कता पुऱ्याउँथे थाहा थिएन । 'शहरका ठूलाबडा मान्छेले हामीलाई के पत्याउँथे र ? यिनीहरूलाई एउटा महाकाव्य नै लेखेर देखाए पछि अलि पत्याउलान्' भन्ने ठानेंर महाकाव्य लेखें । हाम्रोतिर माधव प्र. देवकोटा हुनुहुन्थ्यो वरिष्ठ कवि । उहाँकै सिफारिसमा मदन पुरस्कारको लागि पठाएँ । त्यस पुस्तकले मदन पुरस्कार प्राप्त पनि गऱ्यो । त्यसपछि त शहरका पत्रिकाले मेरा रचनाहरू मागेरै छाप्न थाले । त्यतिमात्र हो र ? पहिला पहिला पठाएका रचनाहरू पनि खोजी खोजी छाप्न थाले ।

**पहिलो पुस्तक प्रकाशन गर्दा ?**

२०१५ सालतिरै तर 'किरण' पत्रिका प्रकाशन गर्नुभन्दा अगाडि नै मैले 'हितोपदेश' भन्ने संस्कृत पुस्तकको नेपालीमा अनुवाद गरेर पुस्तक छापेको थिएँ ।

मसँग यसो टीका लगाउँदा, यसोउसो गर्दा जम्मा भएको १६० रूपैयाँ थियो । यसैले पुस्तक छापेर ल्याउँछु भनेर पाल्पा आएँ । ओहो यहाँ त पुस्तक छाप्न ५०० लाग्छ भने । आफूसँग त्यत्रो पैसा थिएन । बुटवलतिर अलि सस्तो हुन्छ कि भनेर आउँदै थिएँ, बाटोमा एकजना पं. करुणानीधि पौडेलसँग भेट भयो । उहाँले मेरो लक्ष्य सुन्नुभयो । पुस्तक छाप्नलाई बनारसमा सस्तो पर्दछ । यसरी बनारस जाऊ, यसरी बस, खाऊ अनि पुस्तक छाप्न यहाँ जाऊ । पुस्तक छाप्न यति पैसा लाग्छ भनेर हिसाब गर्नुभयो र थप १० रूपैयाँ पनि दिनुभयो । त्यो लिएर म बनारस गएँ । उहाँले भनेकै जस्तो भयो त्यहाँ । त्यति पैसाले सम्पूर्ण काम गरेर १०००।- प्रति पुस्तक छापेर ल्याएँ । 'नविन हितोपदेश' भन्ने अनुवाद पुस्तक मेरो पहिलो पुस्तक भयो ।

**राजनीतिमा प्रवेश कसरी र किन ?**

हाम्रो जिल्लातिर काँङ्ग्रेसको प्रभाव ज्यादै थियो । बा पनि काँङ्ग्रेस हुनुहुन्थ्यो । उहाँहरूको प्रभाव ममाथि पनि पऱ्यो । म पनि काँङ्ग्रेस नै भएँ । तर पनि सुवर्ण शमसेरको साह्रै रवाफी चाला देखेर नेता त यस्तो छ । पार्टीमा काम गर्ने अरू त झन् कस्ता होलान् भन्ने लाग्यो र वामधारले आकर्षित गऱ्यो ।

त्यसबेलामा स्वतन्त्रता र नागरिक सम्मानका लागि पार्टीमा काम गर्ने जाँगर

पलाएर आएको थियो ।

**राजनीतिबाट टाढा हुँदा नि ?**

देशमा स्वतन्त्रता थिएन । नागरिकका लागि हक, अधिकार, सम्मान थिएन । त्यसको लागि पार्टीमा लागियो । पछि पार्टीलाई देशव्यापी बनाइयो । पञ्चायत फालियो । जनताले स्वतन्त्रताको सास फेर्न पाए । पार्टी कार्यकर्ताहरूपनि हजारौं भए । पार्टी स्थापित भयो तर मेरो साहित्य जीवन छुट्यो । अनि म 'राजनीतिबाट अलि टाढा बसेर साहित्यमा लाग्छु है साथी हो' भनेर यतातिर लागें । आवश्यक हुँदा राजनीतिक सल्लाह, सुझाउ दिइहालिन्छ । सक्रियता चाहिँ साहित्यमै हुन राजनीतिबाट अलि टाढा भएको हुँ ।

**साहित्य र राजनीति एकआपसमा कतिको मिल्ने विषय हो ?**

साहित्य भनेको समाज जान्ने, जनतालाई मजाले चिन्ने, समाजको चरित्र देखाउने र व्यक्त गर्ने साधन हो । फेरि साहित्य एक्लै साधना गर्ने विषय हो । राजनीति भनेको शक्ति, संगठन प्रदर्शन गरेर राज्यसंचालनमा गएर देश निर्माण गर्ने वस्तु । साहित्य र राजनीति खासै मिल्ने विषय होइनन् । थोरैले मात्र राजनीति र साहित्यलाई सँगसँगै लिएर हिँड्न सक्छन् ।

**पहिलो जेल जीवन ?**

पहिलो पटक २०२६ सालमा जेल परेको हुँ । बुटवल कलेजमा पढाउँथे । विद्यार्थीहरूलाई भट्कायो, आन्दोलन गर्न लगायो भन्ने आरोपमा जेल हाले ।

जेल पर्दा खासै केही लागेन । राजनीतिमा लागे पछि त्यस्तै हो भन्ने सोचियो । यस्तै हुन्छ भन्ने सोचिएकोले ठूलो कुरो लागेन ।

**तपाईँको पुर्खामा कोही साहित्यिक क्षेत्रमा हुनुहुन्थ्यो ?**

मेरा हजुरबुबा महापंण्डित दधिराम मरासैनी नै हुनुहुन्थ्यो नि । उहाँकै प्रभाव र प्रेरणाले अगाडि बढियो ।

**पहिलो दिन स्कुल जाँदाको अनुभव ?**

मैले चार वर्षको उमेरमा अक्षर आरम्भ गरेको हुँ । धुलौटे पाटीमा लेख्ने, खरीढुङ्गाले ढुङ्गैहरूमा लेख्ने गरेर सिकियो । एकदुई महिनामै क, का, कि, की सिकें । बुबा ' हरिहर संस्कृत पाठशाला'का प्रमुख शिक्षक हुनुहुन्थ्यो । तर त्यहाँ सानाहरूका लागि कक्षा थिएन । बुबाहरू पाठशालाकै छुट्टै घरमा बस्नुहुन्थ्यो । बुबाहरूसँगै बसेर पो पढें त । यही थियो मेरो शुरुको स्कुले जीवन ।

**रुँदाको अविष्मरणीय क्षण ?**

म रुने स्वभावको मान्छे होइन तर पनि एकपटक चाहिँ बेस्सरी रोएको सम्झना छ । भर्खर स्कुलको जीवन शुरुवात भएको थियो । बुबासँगै बसेर स्कुल पढ्थें । बुबा दिनभरि स्कुलमा पढाउँने । आफ्नै काम गर्ने । मसँग त खेल्ने, यताउता गर्ने मान्छे नै पो कोही नहुने । साह्रै दिक्क लागेर आयो । घरतिर भए त गाउँका केटाकेटीहरूसँग खेल्न पाइने । त्यसकारण त्यहाँबाट भागेर घर आएँ । आमाले फकाएर फेरि बुबासँगै स्कुलमा पठाउनुभयो । फेरि विद्यालयमा गए पनि उही त हो चाला । फेरि भागेर घरमै आउँथे । यसरी दुईचारचोटी त फकाएर स्कुलमै फर्काउनुभयो । त्यसपछि पनि नमानेपछि त आमाले खाँवामा बाँधेर, सिस्नुपानीले पिट्नुभयो । त्यसबखत खूब रोएँ ।

**जीवनमा गरेको कुनै बदमासी सम्झनु पर्दा ?**

विद्यालयमा हुँदा साथीहरूले सिन्कामा कपास बेरेर, पुरियाका रङ्गहरू प्रयोग गरी चित्रहरू कोर्ने गर्दथें । मलाई पनि चित्र बनाउन मन लाग्ने । साथीहरूसँगै बसेर चित्र बनाउन खोज्थें म । तर साथीहरू मलाई छेउमै पर्न दिदैनथिए । रङ्गको छिटा पर्छ । बिगार्छ खै के के भन्थे । मलाई भने त्यस्तै चित्र हेरेर बनाउने इच्छा जागृत भैरहन्थ्यो । बाबुहरि ज्ञवाली भन्ने एकजना विद्यार्थीले एकदमै राम्रो चित्र बनाउँदथे । उनले एउटा गणेशको

चित्र बनाएका थिए, जुन मलाई अत्यन्तै मन परेको थियो । 'त्यही चित्र हेरेर म पनि त्यस्तै चित्र बनाउछु, देऊ न' भनेर मैले मागें । चित्र बिगारिदिन्छ भनेर बाबुहरिले मलाई त्यो चित्र दिन मान्दैमानेन । त्यो चित्र एकजना भक्तिजी भन्ने विद्यार्थीले सिसामा राखेर पूजा गर्दथे । मैले त्यहीँबाट चोरेर लगें । अलिपर लगेर साछुं अनि त्यहीँ राखिदिन्छु भनेर लगेको थिएँ । अलि पर पुगेपछि त डर लाग्यो । अझै पर पुगेर मात्र साछुं भन्दाभन्दै घरै पुगें ।

चित्र हराएपछि मोदनाथले मागेको थियो । उसैले लगेको होला भन्ने भयो । भक्तिजीले चाहिँ 'मागेको भए दिन्थे नि' भने । मलाई बाबुहरि देखेर साह्रै रिस उठ्यो । उसलाई चाहिँ दुःख दिनैपर्छ भन्ने ठानें । त्यसपछि मैले कहिले उसको पेन्सिल नै फालिदिन्थें । उसले बनाएको चित्र नै च्यातिदिन्थें । उसको जे भेट्यो, त्यो फालिदिहाल्थें । उसले नागपूजाहरूमा बनाएर टाँसेको नागको फोटो, अरू चित्र, जे पनि च्यातिदिन्थें । दिउँसो नसके राती गएर पनि च्यातिदिन्थें । यसरी धेरै समय उसलाई दुःख दिइसकेपछि मात्र त्यो काम मैले छोडें ।

**बाबुआमासँग रिसाउँदा ?**

बुबासँग त रिसाइन । तर सिस्नुपानी लगाएर पिटेपछि आमासँग साह्रै रिसाएँ । माइला बा, माइली आमाले 'बच्चालाई त्यसो गर्नु हुँदैनथियो' भनेर मलाई माया गर्नुभयो । त्यसपछि मैले आफ्ना बा-आमालाई कान्छाबा, कान्छीआमा भनें अनि माइलाबा-आमालाई चाहिँ बा-आमा भन्न थालें ।

**कुनै नारीसँग आकर्षित हुँदा, प्रेम प्रस्ताव कसैलाई वा कसैले राख्दा ?**

सानैमा बिहे गर्ने चलन थियो त्यो बेलामा । त्यसैले प्रेम गर्ने, यताउता गर्ने केही हुँदैनथियो । सोझै केटी माग्यो, बिहे गऱ्यो । यो चाहिँ याद छ मलाई, मेरो लागि मागेको एउटी केटी थिई । गाउँमा हल्ला के थियो भने तिनले पाँच पैसाको ढ्याक निलेकी छ । अनि मैले 'धत् त्यस्ती पाँचपैसाको ढ्याक निल्नेसँग पनि बिहे गर्छन ?' भनेर उनीसँग बिहे गरिन ।

**अनि विवाह गर्दा नि ?**

घनश्याम गौतम मेरा साथी थिए । म उनकोमा गइरहन्थें । त्यतिबेलामा कविता लेख्ने, चित्र कोर्ने गर्दथें । उनकी बहिनी पनि थिइन् । मैले गणेशको चित्र बनाएको थिएँ । केटीले त त्यो मैले बनाएको हो भनेर पत्याइनन् बा । अगाडि नै बसेर बनाए पछि त प्रभावित नै भइन् । सासु, केटी सबै मैले बनाएको चित्र, कविताले प्रभावित भए । तिनै केटीलाई बिहे गरियो । पहिले नै चिनेकाले विवाह गर्दा त्यस्तो केही लागेन ।

**पहिलो पटक ससुराल जाँदा ?**

पहिले पहिले उनको घरमा जाँदा हलुकासँग गइन्थ्यो । साथी-साथीको नाताले जहिले पनि, जसरी पनि गइन्थ्यो । तर पछि चाहिँ अलि अप्ठेरो भयो । अलि औपचारिक भएर जानुपर्ने भयो ।

**बाबु बन्दा ?**

आर्युवेद पढ्दै थिएँ बनारसमा । 'छोरा भयो' भनेर खबर आयो । मिठाईहरू बाँडे । मेरा स्वभाव अचाक्ली दुःखी, वा अचाक्ली खुसी हुने नभएकोले त्यस्तो केही लागेन । ठीकै लाग्यो ।

**जीवनमा भोग्नु भएका तीता मीठा क्षणहरू सम्झनु पर्दा ?**

म कहिले पनि सुखमा धेरै उत्साहित हुने र दुःखमा धेरै निराश हुने स्वभावको मान्छे होइन । तर जिन्दगीमा तीतामीठा क्षण भने आउँदो रहेछ । २०१९ सालको यो घटना भने मलाई एकदम तीतो क्षण लाग्दछ । त्यो बेलामा म भारतको बनारसमा सस्कृतको मध्यमा जाँच दिने तरखरमा थिएँ । जाँच दिनको लागि फर्म भर्नु पर्दथ्यो तर मसँग फर्म भर्नको लागि पैसा नै थिएन । त्यही बेलामा भाइ पनि बिरामी भयो । साह्रै दुःखी भएर

केही उपाय लाग्छ कि भनेर घरमा आएँ । घरमा आउँदा पनि त्यही त हो । चारजना सन्तानलाई हुर्काइरहनु भएकी विधवा आमा, अवला श्रीमती, के पो गर्ने र ? केही नभनी त्यसै फर्किएँ । फर्किनलाई पनि पैसा थिएन । कहिले रेलमा पस्ने, टिकट माग्ने बेलामा झर्ने यस्तै गरेर अनेक उपाय लगाउँदै रेलमा लुकेरै बनारस गएँ । आफन्त, चिनेजानेका भन्नेहरूसँग सापट पैसा मागें । अहँ कसैले पनि दिएनन् । अगाडि के गर्ने ? भन्ने उपाय नै आएन । अन्तिम उपाय 'मर्छु' भन्ने नै हुने रहेछ । म आत्महत्या गर्नको लागि काशीको राजघाट पुलमा गएँ । पुल माथि गएर हामफाल्ने विचार गरेँ तर विधवा आमाको सम्झना आयो । ती अवला श्रीमतीको सम्झना आयो । मर्न सकिनँ ।

फर्किएर आएँ र एकजना धनी, आफन्त पर्नेसँग पैसा सापट मागें । दिएनन् । तिनीसँग धेरै पैसा थियो, त्यो मलाई थाहा थियो । त्यसैले चोर्ने विचार गरेँ । चावी मिलाएर रु ३०।- भारु चोरें । पछि कमाएर अवस्य तिर्ने छु भनेर मन बलियो बनाएँ । मैले पैसा कमाए पछि अलि धेरै पैसा लिएर उनलाई तिर्न गएँ । उनले रुँदै त्यो पैसा लिएनन् ।

त्यसरी चोरेको पैसाले फि तिरेर जाँच दिएँ । मध्यमामा विश्वविद्यालय टप गरें । त्यसपछि मासिक ९० ।- रुपैयाँ भारु छात्रवृति पाउन थालें । यो मेरो सबैभन्दा मीठो क्षण रह्यो । त्यो पैसाले आमा, परिवार सबैलाई कपडा किनिदिएँ । 'आमाको आँसु' कवितासङ्ग्रह छपाएँ ।

**जीवनलाई फर्केर हेर्दा ?**

सरकारी नोकरी गर्दै साहित्यमा लाग्छु भन्ने थियो तर अनुशासित राजनीति गरियो । शिक्षक पनि भएँ । आर्युवेद पढियो । पछाडि फर्कदाँ त्यो विश्वविद्यालय टप भएको सम्झन्छु । त्यतिबेला जति मीठो क्षण रह्यो, त्यति मीठो क्षण त संसद जित्दा, मन्त्री हुँदा पनि भएन । अनुशासित राजनीति गरे पछि त्यो पाइन्छ भन्ने नै थियो । खूब मच्चिएर खुसी हुने, खूब मच्चिएर दुःखी हुने स्वभाव रहेन । त्यसैले केही नहुँदा पनि जीवन चलाइयो । अलिअलि हुँदा पनि चलाइयो । यस्तै रहेछ जीवन जस्तो लाग्छ ।

**हाल के के गर्दै हुनुहुन्छ ? कस्तो लागिरहेको छ जीवन र समय ?**

यतिखेर जातजातिको कुरा उठेको छ । यसैले समाजमा समस्या ल्याएको छ । हाम्रो देशमा हजारौं वर्षदेखि जातजाति मिलेर बसेका थिए । जहिले जातजातिको कुरा उठेको थियो । मैले लेख पनि लेखेको थिएँ 'हाम्रो राष्ट्रलाई कबिलातिर नर्फकाऊ' । सबैलाई जोडेर एक राष्ट्र बनेर अगाडि बढेको परिप्रेक्षमा, अब फेरि उल्टो दिशातर्फ लाग्न थालेको महसुस भइरहेको छ । यसैले यो गलत प्रकृया नै हो ठानेर यसकै बारेमा लेख्दैछु । समाजको विकासकाबारेमा लेख्दै छु ।

प्रकुति झरी, जाडो, गर्मी हुँदै चलिरहन्छ । झरी, जाडो, गर्मी सबै कुरा ठीक मात्रामा भयो भने बालीनाली, मानिसको स्वस्थ्य सबै कुरा ठीकठीक नै चल्छ । यदि प्रकृतिमा उत्पात झरी, जाडो, गर्मी भयो भने बालीनाली वा धेरै कुरामा असर गर्दछ । त्यस्तै राजनीति पनि उत्पात नभइ, सिलसिलाबद्ध भइदिने हो भने समाज पनि सिलसिलाबद्ध रूपमा अगाडि बढ्थ्यो । तर अहिलेको समयमा राजनीति उत्पातपूर्ण, डाङ्डुङपाराको देख्छु । यसले समाजलाई पछाडि पार्दैछ भन्ने ठान्छु ।

**भन्न मन लागेको बाँकी कुरा ?**

समाज राम्रो, मान्छे असल बनिदेओस् भन्ने लाग्छ । समाजमा बाढी, पैह्रो, आँधी, तुफान आउँछ । फेरि साम्य हुन्छ । प्रकृया यस्तै हो । तर नेतृत्व पक्ष देश चिनेको, दुरदर्शी, अनुशासित भइदिए छिट्टै देश अगाडि बढ्छ । जे कुरामा पनि धेरै उत्तेजित हुनु हुँदैन, जसले हानी गरोस् । ●

# ‘नारीपूजा’ मा तारकिणीको काव्ययात्रा

– ऋषि देवकोटा

(क)

साहित्यको पारखी हुनुभन्दा पनि एक अध्येता हुनुको नाताले मैले तारकिणीद्वारा लिखित ‘नारीपूजा’ खण्डकाव्यको छेउकुना मिलार पढेँ । यस कृतिका लेखकको दृष्टिमा जूनकीरीको ठाउँमा जुनेली बनी देखिएका विद्वान् मित्र रामप्रसाद ज्ञवालीले तारकिणीलाई एकैछिनको भेटमा चिन्नुभएको र बाहिरी रूप, ढङ्ग एवं आन्तरिक काव्यचेतका बारेमा सँगाल्नुभएको तारकिणीको सरसर्ती विम्व सत्य लाग्यो । राष्ट्रकवि माधवप्रसाद घिमिरेको स्नेही कलमले व्यक्त गरेको शुभकामनाबाट तारकिणी पक्कै पनि अभिप्रेरित हुनुपर्ने आत्मानुभूति गरेँ । स्रष्टाले आफ्ना बलवुता सबै प्रयोग गरेर अति धेरै मेहनत गरेको कुरा उनकै यी वाक्यहरू– “भोकलाई भक्तिमा, शोकलाई शक्तिमा र रोगलाई सृजनामा ढालेर आज संसारमा एउटा पुष्प समर्पण गर्न पाएकोमा.... ।”, “आफ्नो अपार सीप, श्रम र समय खर्च गरेर आफैँभित्रको बजारबाट निकालेको.... ।” इत्यादिले प्रष्ट पार्दछन् ।

‘नारीपूजा’ सचित्र खण्डकाव्य हो । चित्रहरूमा काव्यकारको गहिरो मोह रहेको भए तापनि कुची खस्रोमस्रो नै लाग्दछ । तर अन्तरमनको चित्रकार तारकिणीको कुची वस्तुगत ढङ्गले नयाँपनको संरचना दिन सफल छ । चित्रकला र काव्यकला दुई फरक विधा र सीप भए पनि यस कृतिमा गोधूली र मिर्मिरे बनी घुलेका छन् । अर्थात् काव्यलाई कतै चित्रले संकेत गरेझैँ र कतै काव्य चित्रमा बोल्न खोजेझैँ दुवै आफैमा पूरक बनाउनु स्रष्टा तारकिणीको उद्देश्य रहेको बुझ्न गाह्रो पर्दैन । तर कुची र कलमलाई सँगसँगै लैजान स्रस्टा आत्मगत हुनैपर्ने देखिन्छ, प्रसस्त अभ्यास गर्नुपर्छ । संरचनाका कोणबाट हेर्दा बाईस (२२) अध्याय, चार हरफको एक श्लोक मान्दा जम्मा एक सय एक्काईस (१२१) श्लोक र ४८४ पंक्तिमा संरचित ‘नारीपूजा’ खण्डकाव्य ४४ पृष्ठ बाक्लो छ । यसर्थ खण्डकाव्यको बाह्य आकार र आयाममा खोट देखिँदैन । भित्री आयामबारे अबको अनुच्छेदमा छोटो चर्चा गर्नु उपयुक्त हुनेछ ।

शीर्षक र विषयवस्तुले मुख्य गरी नेपाली समाजका र समग्रमा संसारका नारीवर्गलाई विशेष बनाउँदै यस खण्डकाव्यले नारीत्व र मातृत्वको विशष्टतामा कोमल, सृजनशील, बलिदानी, त्यागी, सहनशीलजस्ता ध्रुवसत्य गुणहरूलाई श्रद्धापूर्वक काँध थापेको छ । यो नारीत्व गुण कुनै व्यक्ति नारीमा अमिल्दो होला, यसलाई अपवादको झोलामा हालेर काव्यलाई काव्यकै नजरले नियाल्नु उचित लाग्दछ । ‘पूजा’ अविधार्थमा स्तुति र चाकरीको पर्याय हुन सक्ला तर पूजालाई आदर र सम्मानस्वरूप लिन आग्रह गरिएबाट कसैलाई अति मानेर पुज्नु पाखण्डता र चरम जडता हुनेमा काव्यकार सचेत देखिएका छन् । खण्डकाव्यको प्रारम्भमा जीवनकी मूल

आमाप्रति भक्तिपूर्ण समर्पण गरेर काव्यभरि नारीमहिमा गायन गर्नुले उठान भएको विषय पठनीय र मननीय छ । त्यस्तैगरी जे भन्न खोजिएको छ, त्यसमा स्पष्ट हुन सकिन्छ । यस हिसाबले काव्य बोधगम्य, सरल र सरस छ ।

(ख)

यहाँ काव्यको आन्तरिक आयामबारे स्पष्ट हुनलाई यसका सबै (बाईस वटै) अध्याय र तिनको मूल भावबारे छोटकरीमा उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

- प्रथम अध्याय : प्रथम अध्यायमा विभिन्न सूक्तिपूर्ण काव्यांशमार्फत कवि सत्य र न्यायको संसार खोज्ने धुनमा निमग्न छन् । आफू काव्य सृजनाको महान् कार्यमा लागेको र झरी, बादल, चर्को घामरूपी अवरोधहरू आएमा वसन्तको पिपिरा ओइलाएझैँ हुनुपरे तापनि सुख-आनन्द नै सम्झिएर त्यहाँबाट बरु सकारात्मक प्रेरणा लिँदै सत्यवाणीहरू मार्फत सुनौलो सङ्घार खोलेर संसारमा फैलन चाहन्छन् । यो प्रयासलाई कसैले अवमूल्यन गर्न खोजेमा उनीहरूकै मूल्य कम हुने (आकाशमा थुक्दा आफ्नै मुखमा छिटा पर्ने) चुनौती दिँदै कसैले चालमा कलङ्क लगाउने दुष्प्रयास गरेमा त्यसतर्फ आफू नारी (लक्ष्मी) मार्फत सधैँ होसियार रहेको प्रारम्भिक दृढता व्यक्त गरिएको छ । यसको एउटा श्लोक यहाँ उद्धृत गर्न चाहन्छु :

"लाखौँ जाल र झेल दुष्ट छलले आफू त जित्छौ तिमी
फालिन्छौ जब एक न्याय-सतले संसार चिन्छौ तिमी
तिम्रो थूक गएर त्यो गगन के भिज्ला र मान्छे भन ?
थुक्दामा नभमा त पर्छ मुखमा आफ्नै, कुरा सम्झ न !"

- दोस्रो अध्याय : यसमा नारीसभ्यता र व्यवस्थाको माथ छिनाउँदैमा तथा तथ्य मेटाउँदैमा त्यो नमेटिने बरु भू-स्वर्गमा नारी (देवी)कै महिमाको कीर्तन हुने विश्वास गरिएको छ । संसारको सभ्यतासँगै अहिले नारीमाथि केही अन्याय भए तापनि यी सारा गलत रीति र नियमहरू फेरेर नयाँ व्यवस्था हुनुपर्ने विषयको खोजी गरिएको छ ।

- तेस्रो अध्याय : 'जननी' शीर्षकको यो अध्यायमा जननीले नै गर्भधारण, जन्मदान, जीवनदान गर्दै आफ्नो भोक, प्यास, निद्रा आदिको परवाह नगरी प्रेमसुधा पिलाएर दीर्घकालसम्मका लागि आशिक दिएकी हुन्छिन् । त्यसैले देवीस्वरूपा आमाको सधैँ वन्दना गर्नुपर्ने र उनको महिमागानमा लाग्नुपर्ने अभिप्रायका साथ मातृऋण तिर्न पुत्रले आमा (नारी)कै चरणमा प्राण बिसाउनसमेत प्रण गरिएको छ :

"बिर्सी त्यो करुणा, दया र ममता बन्ला र को बैगुनी ?
आमाकै महिमा गुनी रस पिई आजन्म बाँच्दै छु नि !
आमा ! प्राणसमेत ती चरणमा सुम्पन्छु है चाहिए,
सक्ला को जननी सबै ऋण तिरी, उन्मुक्त खै को भए !!"

- चौँथो अध्याय : यो अध्याय विचित्रमय नारीको पहिचान दिन श्रृङ्गार रसका सौन्दर्यसूचक वाणीहरूले ओतप्रोत भएको देखिन्छ । शारीरिक रूप र बाह्य सौन्दर्य तथा आकर्षकमात्र नभई सुगुणी, सन्तोषी, कर्मठ, पौरखी, सहृदयीजस्ता भित्री गुणले समेत युक्त भएकी नारीलाई पहिचान गरेर पनि ललिते पारामा 'तिमी को हौ' भनी प्रश्न तेर्स्याइएको छ । यसरी यो अध्याय उत्तिकै आकर्षक र रसमय पनि छ ।

- पाँचौँ अध्याय : यसमा समस्त नारीहरूले आफ्ना आधारभूत आवश्यकता पूरा गर्न र नारी-अधिकारहरू प्राप्त गर्नका साथै भविष्यको उज्यालोका आधार आफ्ना

कलिला मुनारूपी शिशुहरूको स्याहार र सुरक्षा गर्न नारीहरूमा 'जागरण'को आवश्यकता रहेको छ। नारीहरूको सुखको संसारमा साँढेशासनले अवरोध ल्याएको हो, त्यसैले नारीहरू गौरीका रूपमा जाग्दै नौलो स्वर्ग र सुख प्राप्त गर्न अग्रसर हुनु जरुरी छ भन्दै जागरणका लागि आह्वान गरिएको छ। यसको एउटा कवितांश हेरौँ :

"साँच्चै हे वनिता तिमी भुवनमा लक्ष्मी थियौ शक्तिमा
ठूलो चक्र यहाँ घुम्यो नि युगको दासी भन्यौ भक्तिमा ।"

- छैटौँ अध्याय : 'म पुरुष हुँ' शीर्षकको यस अध्यायमा पुरुषका थरीथरी कुरूपता र तिनले नारीमाथि गरेको अत्याचार हरूको उद्घाटन गरिएको छ। अहंकारी कामुक साँढेसरी छाडा पुरुषभावनाले सिधै नारीलाई चुस्नेजस्ता सबै हठहरू आफ्ना गल्ती भएको भावका साथ यस्ता दुष्कर्म र कुरूप मतिलाई क्षमा गरीदिन लक्ष्मीस्वरूपा नारीसामु शरणमा पर्दै नारीत्वलाई सम्मान गरिएको छ ।

- सातौँ अध्याय : यस अध्यायमा स्त्रीसुलभ प्राकृतिक हार्दिकता एवं स्त्री हुनाका कारणले जे-जति धर्म निर्वाह गर्नुपर्दछ, ती सबै अज्ञानता र बाध्यतावश देखिने व्यवहारहरू भएकाले सच्चा रूप र धर्म भएका नारी को हुन् भन्ने रहस्य र जिज्ञासाजनित 'तिनी को हुन्' भन्ने प्रश्नमार्फत खोजी गरिएको छ। साथै विचित्रस्वरूपा नारीको महान् उपस्थितिलाई समेत आजसम्म जगतले चिन्न नसकेको कुरा यसमा व्यक्त गरिएको छ :

"त्यो वैचित्र्य स्वरूप लाखसयको हेर्नोस् त को हुन् तिनी
आँखा चिम्म गरेर स्वास तिनको फेर्नोस् त को हुन् तिनी ?
मेरो श्रेष्ठ समाज आज सबले गन्नोस् त को हुन् तिनी
कैलै चिन्न सकेन हा जगतले भन्नोस् त को हुन् तिनी ??"

- आठौँ अध्याय : 'बहिनी' शीर्षकको यो अध्यायमा नाताको नभई प्रेमिकास्वरूपा बहिनीलाई जीवनको एक्लोपनमा साथ दिन पुकार गर्दै त्यस नवबोटरूपी काव्यकुञ्जमा आफू फुल्न चाहेकाले आफ्ना सबै ताप र पीडामा सञ्जीवनी बनिदिन समेत अनुनय-विनय गरिएको छ। साथै नारीको रसालु पौरखी साथबिनाको जगत् केवल मौरी बिनाको घारझैँ बन्ने कुरा यहाँ व्यक्त गरिएको छ :

"तिम्रो साथबिना अपूर्ण जग यो मौरीबिना घार हो
'मैलै जित्छु तिमी' भनूँ त बहिनी ठूलो त्यही हार हो ।"

- नवौँ अध्याय : यस अध्यायमा पुज्न लायक सर्वोच्च भगवान्, अन्तरगुणले युक्त, संसारकै मूल को होला भनी यस्ता विभिन्न प्रश्नहरू उब्जाएर अन्तमा त्यसको 'एउटै उत्तर' दुई अक्षरले बनेको सर्वस्व नै मानिएकी 'नारी' हुन् भनी जिज्ञासा समाप्त पारिएको छ ।

- दसौँ अध्याय : 'ढालीदेऊ' शीर्षकको यस अध्यायमा नारीलाई केवल दासी, चाकर र बच्चा उत्पादन गर्ने साधन ठान्ने पुरुषवादी युगको चक्र पल्टाउन देवीस्वरूपा नारीले दुवै लात्ती कसेर त्यो अत्याचारी शिर ढालीदेऊ भनी आग्रह गरिएको छ । त्यसो गर्न सकेमा मात्र नारीको शिर ठाडो हुने र उनको सम्मानमा पूजाका साथ सच्चा कीर्तन गाइनेछ भनी नारीलाई उत्प्रेरणा प्रदान गरिएको छ ।

- एघारौँ अध्याय : यस अध्यायमा पशुझैँ नीच-हेलित र दासीझैँ बन्धित बनेर रहेका, युगको चक्र घुमिसक्दा पनि त्यही अवस्थामा अत्याचार सहेर बसिरहन सक्ने नारी 'धैर्यकी स्वामिनी' हुन् । अब बेला आइसकेको छ, धैर्यको बाँध टुटाएर सङ्घर्ष गर्नुपर्दा नारीको जीत अवस्य हुने भएकाले नारीले आफ्नो शक्ति देखाउनु अत्यावश्यक भइसकेको भाव पोतिएको छ ।

● बाह्रौँ अध्याय : यस अध्यायमा सृष्टिको रथ तान्दै आएकी नारीले दुःख-सुखलाई पेल्दै फेरि नयाँ युगमा अलौकिक तेज बाल्दै अघि बढ्नु छ । काव्यकारको दिलमा उम्रिएको अमूर्त पिपिरारूपी सौन्दर्य पूणतः फक्रनका लागि जननीस्वरूपा नारीको आशिक आवश्यक भएको भाव प्रकट गरिएको छ ।

● तेह्रौँ अध्याय : यस अध्यायमा ब्रह्मा, विष्णु, क्राइष्ट, बुद्धजस्ता सुपुत्रहरूलाई प्राण तथा ज्ञानगुन दिनसक्ने, आफ्नो पौरख र सीपले धर्ती सिँगार्नसक्ने र क्रोध उत्पन्न भयो भने एकैछिनमा धर्ती बिगार्न पनि सक्ने शक्ति भरिएका ती 'आदर्श घडा' नारीहरू नै हुन् । त्यसैले नारीहरू धन्य छन्, पुज्य छन् र पुष्प वर्षा गरी पुज्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । यसको एउटा श्लोक हेरौँ :

"त्यत्रो पौरख हातमा छ जसको धर्ती सिँगारी दिने
त्यत्रो क्रोध र उग्रता छ क्षणमा धर्ती बिगारी दिने !
त्यत्रो शक्ति छ नर्तकी नव बनी धर्ती नचाई दिने
त्यत्रो जादु छ ए ! तुरुन्त पलमा धर्ती हँसाई दिने !!"

● चौँधौँ अध्याय : यस अध्यायमा नारीको जयजयकार गर्दै पूजा गर्न नै आफ्नो जन्म भएको स्वीकार्दै आफू (कवि)द्वारा ब्रह्माण्ड तथा सौर्यमण्डलको वर्णन गर्न सकिए तापनि महाकालीस्वरूपा नारीको वर्णन गर्न नसक्ने हुनाले त्यति महान् नारीरूप ' महालक्ष्मी'लाई जयजयकार गर्दै नाचगानका साथमा पुज्ने चाहना व्यक्त गरिएको छ ।

● पन्ध्रौँ अध्याय : संसारले ठूला मानेका र संसारलाई थामेको भनीएका ब्रह्मा, विष्णु, त्राईष्ट, कृष्ण इत्यादि महान् सपूतहरूलाई जन्म दिने मातृवात्सल्य प्रदान गर्ने र पालनपोषण गर्ने नारी नै हुन् । 'धर्तीवाहन' भनी लक्षार्थमा विद्युतीय झड्कासमान संसारलाई प्रभावित पार्नसक्ने ती नारी फेरि पनि पूजनीय छन् भनी महत्त्व दिइएको छ ।

● सोह्रौँ अध्याय : यस अध्यायमा प्रकृतिका मीठा फलफूलजस्तै नारी र उनको अन्तरबाट निस्कने रसालु छहराहरू संसार पाल्ने पीयूष हुन् । यदि ती छहराहरू सुके भने 'संसार नै मर्दछ' भन्ने आशय देखाउँदै पालनपोषणकर्ता, जीवन रसदायिनी नारी आदरयोग्य र पुज्य छन् भन्ने भाव व्यक्त गरिएको छ ।

● सत्रौँ अध्याय : यस अध्यायमा यो संसार, यहाँको विकास, सभ्यता, विज्ञान, वैज्ञानिक चमत्कार गर्ने सबै विद्वान्, दार्शनिकहरू नारीकै सुपुत्र हुन् । उनीहरूकै पंक्तिमा रही संसारको रहष्य अझै खोतल्ने तिर्खा अफूमा भएको तर यो ग्रीष्मको उग्रमरुमा हिँडेजस्तो वातावरणमा 'तिर्खा कहाँ मेटुछु ?' भनी संशय व्यक्त गरिएको छ । यसको एउटा श्लोक यहाँ उद्धृत गर्न चाहन्छु :

"नारीशक्ति थिएन ता यदि भने संसार घुम्थ्यो कहाँ
एक्काईस सदी विशाल जगमा विज्ञान चढ्थ्यो कहाँ ?
नरीशक्तिबिना त सृष्टिरथ यो बढ्दैन एकै रति
छैनन् सृष्टि भने मनुष्य र अरू हुन्थे कहाँ के-कति ??"

● अठारौँ अध्याय : स्वर्गीय आनन्द चोर्न (प्राप्त गर्न)का लागि नारीको यौवनभन्दा अरू केही नभएजस्तै राक्षसी हुङ्कार, पाखण्ड र अत्याचारको विनष्ट गरी समता सृजना गर्ने अस्त्रहार प्राप्त गर्दा अथवा संसारी उच्चता प्राप्त गर्दाको थकाइ मेटाउने माध्यम नारीरूपी मोहनी-जलबिना अरू 'मेरो यहाँ को छ र ?' भन्ने काव्यकारको नारीप्रति अगाध स्नेह रहेको भाव यहाँ व्यक्त गरिएको छ ।

● उन्नईसौँ अध्याय : यस अध्यायमा कलिलो किशोरवयमै आफू (कवि) बहिरो

बन्नुपर्दाको पीडा र भवितव्यतालाई धिक्कार्दै आमाले जुन स्नेह दिनुभयो, त्यो अरू कसैबाट प्राप्त नभएको, यहाँसम्म कि भगवान् भनिने कुनै अदृश्य शक्तिले पनि आफ्नो गुहार नसुनेको र आखिर आफ्नो तनमन वैलाएको पिपिराजस्तो हुँदा आमाकै स्नेहका कारण प्राण पाएको हुनाले तिनै ईश्वररूपी आमा (नारी) नै महान् हुन् भन्ने भाव व्यक्त गरिएको छ । जननीलाई नै सर्वोपरी मान्दै आफ्नो भविष्य अझै अज्वल बनाउन कुनै आदर्श परामर्श दिएर निरन्तर साथ दिइरहन काव्यकारद्वारा आमालाई पुकार गरिएको छ :

"जल्दो हिर्दय-वेदना घरिघरी भारी बिसाएँ जहाँ

वैलेको पिपिराजसै तन हुँदामा प्राण पाएँ जहाँ !

\+ + +

नौला भाव लिई खुला हिर्दयले पुज्दै छु आदर्श क्यै

प्यारो पुत्र बुझेर सज्जन हुने देऊ परामर्श क्यै !"

● बीसौँ अध्याय : 'श्रेष्ठ धर्म' शीर्षकको यस अध्यायमा मानिस भ्रान्तीमा परेर ढुङ्गा-मूर्ति, मन्दिर, मठादि पुज्दै धर्म खोज्छ, तर तिनै नारीपुत्रहरू संसारकै जेष्ठ, श्रेष्ठ, मोतीसमान नारी (जननी)लाई पुज्न जान्दैनन् । त्यस्ता अज्ञानी, कृतघ्न, पाखण्डी र दिल बन्द भएकाहरूले नारीलाई चिनेर पुज्नु नै श्रेष्ठ धर्म हुन्छ भन्ने कविको ठहर रहेको छ ।

● एक्काइसौँ अध्याय : यस अध्यायमा नारीको जस्तै कोमल, मायालु हृदय सबै पुरुषमा भइदिए मानिस अर्कै जमातमा हुने थियो । मर्त्यलोकका मानिसहरू पनि देवत्वले युक्त हुने थिए । पृथ्वी नै नौलो स्वर्गसमान भई 'नयाँ युग'को प्रारम्भ हुने थियो । शक्ति, घमण्ड र जालझेलको खेलले विनाश मात्र निम्त्याउँछ भन्नेजस्ता भावहरूमार्फत स्वर्णिम सपना बुनिएको छ ।

● बाईसौँ अध्याय : बाईसौँ अर्थात् अन्तिम अध्यायमा सबै नारीहरूले आ-आफ्ना कलङ्क फालेर नौलो मानवसभ्यता दिनुपर्ने र सबैले एकदिन मर्नैपर्ने यो संसारमा सत्य, सत्कर्म साँचेर मर्नुपर्ने, सच्चा मानवता र भ्रातृत्वलाई पूजा गर्न (सम्मान गर्न) जान्नुपर्ने भनी त्यसका लागि अग्रह गरिएको छ । अन्त्यमा नारीमात्रले जीवनरथ तथा सृष्टिरथ चल्न नसक्ने भन्दै रथका दुई समान पाङ्ग्रा (नारी-पुरुष) मिलेर नै जीवनलाई गति दिई हाम्रो नयाँ संसार (विश्व)लाई सन्दीप्त फूलझैँ उज्वल तुल्याएर फुलाउन समताभाव चाहिने निष्कर्षसहित खण्डकाव्यको बिट मारिएको छ । यसको एउटा अन्तिम श्लोक यस्तो छ :

"संसारी रथको उही छ गरिमा पाङ्ग्रा त दोटै छ नि

यौटा दुर्बल भो भने त रथ त्यो पाताल भासिन्छ नि !

तस्मात् एक भई बढौँ पुरुष औ नारी दुवै आज नै

हाम्रो विश्व नयाँ फुलोस् शिखरमा सन्दीप्तको फूल भै !!"

## (ग)

काव्यकार तारकिणी हाल बी.ए. अध्ययनरत जति कलिला विद्यार्थी हुन्, त्यति नै परिपक्वजस्ता लाग्ने एक दृढ स्रष्टा पनि हुन् । श्रवणशक्तिविहीन उनको फराकिलो भाषिक, बौद्धिक, दार्शनिक क्षमताका बारेमा उनीसँग त्यही स्तरमा भलाकुसारी गर्दा प्रत्यक्ष अनुभव गर्न सकिन्छ । उनका हालसम्म प्रकाशित कृतिहरू हुन्– 'आमाको वेदना' (कवितासङ्ग्रह २०६६, परिमार्जित दोस्रो संस्करण २०६७), 'नारीपूजा' (खण्डकाव्य २०६७), 'विश्वब्रह्माण्डका रोचक रहस्य' (रोचक ज्ञानहरूको सँगालो २०६७), 'बहिरो जीवन' (मुक्तकसङ्ग्रह २०६८) । यसका अतिरिक्त थुप्रै पत्र-पत्रिकाहरूमा छापिएका सयभन्दा बढी विभिन्न फुटकर लेख-रचनाहरू

हाम्रासामु छर्लङ्गिएका छन् । यी सबैमा उनको ज्ञान र शिल्प-शैली क्रमशः निखारिँदै आएको कुरा दिल खोलेर व्यक्त गर्न सकिन्छ । ‘नारीपूजा’ खण्डकाव्यमा तारकिणीले आफैले देखे-भोगेको जीवन, समाज र परिवेशबाट विषयवस्तु लिएको हुनाले यस काव्यमा प्रयुक्त आख्यान र चरित्र नेपाली ग्रामीण तथा शहरी समाजको पुरुषवादी परम्परामा देखिएका कमिकमजोरी र नारीवर्गले सहनुपरेको पीडा तथा अत्याचारका भावहरूले झाँगिएको छ । गम्भीर विषयवस्तु भए तापनि प्रस्तुतिको दायरा फितलोजस्तै देखिन्छ र भावधारा सीमित घेरामा भुमरीझैँ घुमेका छन् ।

यो खण्डकाव्य विभिन्न विचारहरूको एउटा बगैँचास्वरूप काव्य बन्न पुगेको छ । यहाँ प्रगतिवाद, आदर्शवाद, स्वच्छन्दवाद, रहस्यवाद, सुधारवाद, शास्त्रीयवाद, ईशवरवाद इत्यादि रूप आकारका विरुवाहरू छन् । ती विरुवाहरूमा पुराण, धर्म, दर्शन, संस्कृति, इतिहास, प्रकृति, समाज, पुरुषत्व, नारीत्व, मातृत्व, इत्यादि रङ्गका फूहरू फुलेका छन् र ती फूलहरूबाट माया-प्रेम, श्रृङ्गार, करुणा, भक्ति, विद्रोह, जागृति, त्याग, बलिदान, समर्पण इत्यादि गन्धको अनुभूति गर्न सकिन्छ । काव्यमा वर्गीय रूपमा नारीप्रति प्रेम गर्दै उक्त प्रेमलाई सफल बनाउन प्रेमका अनेक स्वरूपहरू देखा पर्दछन् । जस्तैः भक्तिभावको प्रेम, आदर्श र पुजनीय प्रेम, रसरागयुक्त प्रेम, कल्याण र मानवताका लागि प्रेम, शक्तिका लागि प्रेम, पुरुषजातिको अभिन्न सहयोगी हुनाले प्रेम, जननी गुणका लागि प्रेम, पुरुषअहम्तालाई निषेध गर्नका लागि प्रेम इत्यादि ।

काव्यतत्त्वका विभिन्न दृष्टिले हेर्दा खँदिलो विषयवस्तु, सरल-सरस भाषामा संस्कृत तत्सम शब्दहरूको प्रयोगले सामान्य पाठकलाई केही अल्मल्याउँला तर बोधगम्य छ काव्य । काव्यमा बाहिरी छन्द शार्दूलविक्रिडित बोल्दछ । लय र भावको शीतल गङ्गाप्रवाह एकातिर छ भने अर्कोतिर शास्त्रीय दमन, अत्याचार र अन्यायका विरुद्ध विद्रोहको आगो पनि धुँवाएको छ । काव्यका गहना विम्व र अलङ्कार, प्रतीकहरू त्यति झकिझकाउ छैनन् । वर्तमानमा विभिन्न विश्वदृष्टिकोणलाई समेटेर नारीपुरुषलाई परिपूरक शक्ति बनाउने समन्वयवादी विचारबाट अन्त्य भएको यस काव्यलाई सफलताको तक्मा दिएर काव्यकारलाई अग्रगमनका लागि हरियो कार्डको शुभ-कामना दिनु उपयुक्त हुन्छ । जेहोस् नेपाली काव्यसाहित्यको इतिहासमा यो खण्डकाव्यलाई एउटा उल्लेखनीय प्राप्ती मान्न सकिन्छ ।

केन्द्रीय बहिरा उच्च मा.वि.
नक्साल, काठमाडौं

· slj tf

# आमा

**– रेनुका गुरागाईं**

**दुई अक्षरको आमा तिमी**
**ममताकी खानी**
**सारा दुःख लुकाई आफ्नो**
**दिनरात खटनी ॥**

**घाम लाग्दा तेते बिचबिच**
**पानी पर्दा न्यानो**
**कसरी खै वर्णन गर्नु**
**शब्दै छैनन् आफ्नो ॥**

**रुँदासगै रोई दिन्छिन्**
**हाँसे हाँसिदिने**
**जति टाढा रहे पनि**
**माया गाँसी दिने ॥**

**माया तिम्रो अपरम्पार**
**वर्णन छैन जय शङ्कर**
**आमालाई राख मुटु माझ**
**गर सधैं जय जयकार ॥**

**– कीर्तिपुर**

· syf

# व्यग्रता

– इशा शाह

उनले आफूले सकेसम्म गरेकै हो । तर मैले कहिल्यै पनि आफ्नो बनाउन सकिन । वास्तवमा उनलाई भन्दा उनको शरीरलाई माया गर्थें क्यारे । त्यसैले मैले भनेको जस्तो भएन भने नकारात्मक हुन्थें, जे पनि भन्थें र गर्थें । उनी सिद्धान्तका कुरा गर्थिन् । आफूलाई मानवीय व्यवहार गर्न आग्रह गर्थिन् । तर म ... । आफूलाई त्यस्तो बनाउन सक्दिन थिएँ । किनभने म भित्र एउटा अहं थियो, उनलाई आफ्नो वशमा राख्नुपर्छ भन्ने सोचाई थियो । त्यसैले त्यस्तो हुन गएको हुनुपर्छ नत्र मेरो मनमा ऊ पनि मान्छे हो उसलाई पनि मैले माया गर्नुपर्छ भन्ने भावना किन कुनै दिन उब्जेन ?

एक दिनको कुरा हो म अफिस हिंड्न आँटेको थिएँ । उनले मलाई रोकिन् मैले अटेर गर्न खोजें तर उनले बाटै छेकिन । एक मन त पन्छाएर जान मन लाग्यो तर मैले त्यसो गर्न सकिनँ र सोधें के भयो ?"

"तिम्रो खुसीमा सबैभन्दा खुसी हुने मान्छे म, तर मप्रति सधैं यस्तो व्यवहार किन ?" उनले प्रश्न गरिन् ।

"मैले के गरें र ?" मेरो प्रत्युत्तर थियो ।

"अब गर्न के बाँकी छ र ?" उनले फेरि सोधिन् ।

"म अफिस हिंड्न लागेको, मलाई हतार भैसक्यो ।" मैले ढोकाबाट निस्कन खोज्दै भनें ।

"मेरो गर्धन चुलेसीमा राखेर निस्कन पाउँदैनौ ।" उनले रोक्न खोजिन् ।

"त्यसो भए मैले के गर्न पर्‍यो त ?" मैले ठुस्कँदै सोधें ।

"मारिदेऊ घाँटी थिचेर ।" उनले रुँदै भनिन् ।

"त्यस्तै इच्छा छ भने...." भन्दै मैले आफ्नो हातले उनको घाँटी अठ्याएँ । उनी अली शिथिल भएपछि एकातिर पन्छाएर म आफ्नो बाटो लागेँ ।

दिनभरि अफिसको काम । म घर सम्झने, घरको चिन्ता गर्ने मान्छे नभएकाले सबै भुलें । उनको स्थिति मेरो दिमागमा आउँदै आएन । साँझ घर फर्किएँ । ढोका ढक्ढक्याउँदा आफैं खुल्यो । भित्र पसें । अँध्यारो थियो । छामछुम गर्दै स्विच अन गरें । रिस उठ्दै थियो । कतै कोठामा सुतिरहेकी भए मैले जानेको छु भन्दै चोटाकोठा चाहारें । कतै भेटिनँ, ट्वाइलेट, बाथरुम, माथि तल सिङ्गै घर खोजिसक्दा पनि नभेटेपछि, मोबाइलमा फोन गरें । स्वच अफ थियो । त्यसपछि आएर कोठामा बसें । मेरो मनमा अनेक शंका, उपशंका उब्जिदै थियो । अनायस आँखा टेबलमा पर्‍यो । कलमले थिचेर एउटा कागज राखिएको थियो । सो कागजमा केही लेखिएको थियो । मैले नचाहेरै भए पनि त्यो कागज समातेर हेरेँ ।

विवेक

वास्तवमा तिम्रा बाबुआमाले तिम्रो नाम राख्नमा गल्ती गरेछन् । उनीहरूले पनि तिमीलाई आफूले चाहेअनुसार विवेकशील प्राणी बनाउन खोजेका थिए होलान् र नै तिम्रो नाम विवेक राखे । नत्र तिम्रो नाम 'नरपशु' राख्थे होलान् । तिम्रो नाम तिमीलाई पटक्कै

सुहाएन । त्यसैले तिम्रो नाम 'नरपशु' राख्नु । थाहा छ नि तिमीलाई नरपशुको अर्थ ? नरको अर्थ मान्छे र पशुको अर्थ त तिमीलाई मैले अर्थ्याउन नपर्ला । किनकि तिमीलाई अवश्य थाह छ त्यसैले तिमीलाई त्यही नाम ठीक हुन्छ ।

मेरो सारा सपनालाई कुल्चेर तिमीपछि लागेकी थिएँ । आफूलाई भन्दा बढी माया र विश्वास गरेकी थिएँ । मेरा रहर, इच्छा र आकाङ्क्षाको त के कुरा मलाई मानवीय व्यवहारसम्म गरेनौं । म तिम्रो पाइतालाको धुलो र मुट्ठीको झिंगाबाहेक केही बन्न सकिनँ । कहिले सोच्यौ म पनि मान्छे हो यसलाई माया गर्नुपर्छ भनेर ? मायाको त के कुरा मैले त दयासम्म पाइनँ । तिमीसँगै सुत्नुको औचित्य के ? तिम्रो शारीरिक भोक मेटाउने साधन मात्र हुँ म ? कहिल्यै मेरो शरीरभित्रको नारीलाई सोध्यौ तेरो इच्छा के छ भनेर ? अन्याय र अत्याचारको पनि एउटा सीमा हुन्छ, हद हुन्छ । मैले सहनुसम्म सहें । तिमीले जे गऱ्यौ, जति गऱ्यौ, त्यसको बदलामा मलाई गर्नु केही पनि छैन किनभने म तिमीजस्तो कायर मानसिकता बोकेर बाँचेको मान्छे होइन ।

मलाई तिमीले कमजोर सोच्यौ । तिम्रो सोचाइले मलाई कमजोर बनाए पनि म तिम्रो सोचाइ अनुरुपको चाहिँ निश्चय पनि छैन । म बाँच्न चाहने मान्छे । पढे–लेखेर केही गर्न सक्ने सक्षम जनशक्ति । त्यसैले केही गर्न सक्छु भन्ने भावना मसँग छ र केही गरेर देखाउँछु नै ।

तिमीले मलाई सकेसम्म थिच्न खोज्यौ । मैले पनि बाँच्नलाई तिमीसँग सम्झौता गरेकी थिएँ । तर तिम्रा अत्याचारले मेरो शरीरले मात्र होइन मनले पनि तिमीबाट बिदा लिन खोज्यो । विरक्तिएर स्वच्छन्द आकाशमा कावा खान खोजेको मन र मस्तिष्कलाई अब तिमीबाट टाढा लिएर जाँदैछु । अब मलाई तिम्रो सहारा त के सम्झना पनि चाहिँदैन ।

तिमी सोच्लाऊ, मैले तिमीलाई बरबाद पारें । तिम्रो सबै लिएर गएँ त्यो नसोच किनकि मैले मात्र मेरो दुई चारजोर लुगा र आफूलाई अत्यावश्यक पर्ने सामानबाहेक अरु केही लगेकी छैन । तिम्रो बैंक ब्यालेन्स, सुनचाँदी केही छोएको छैन । तिमी ढुक्क भएर बस किनकि तिमीलाई तिनैको माया र मोह थियो तिनको अगाडि म केही पनि होइन । मैले मेरा बाबुआमाले दिएका सामान पनि तिमीलाई नै छाडेर गएको छु त्यो मलाई चाहिँदा पनि चाहिन्न । तिमी नै राख किनकि म त्यस्ता सामान त्यागन सक्छु ।

तर एउटा कुरा तिमी र मेरोबीचमा अर्को एउटा नयाँ पाहुना आउन खोज्दै थियो । त्यसलाई मैले खुसी साथ स्वागत गर्न खोजेको थिएँ तर मैले सकिन र म एक्लैले जन्माउने आँट नभएकाले सोचें मेरो जिन्दगी त नरक बन्यो किन उसलाई पनि यो नरकमा ल्याऊँ ? त्यसैले फालिदिने अठोट गरेँ ।

अब तिमी तिम्रो इच्छाअनुसार बाँच, सुखद् जीवनको लागि शुभकामना !

अभिलाषा

पत्र पढिसकेपछि मलाई उनले घर छोडेर हिंडेको भन्ने पक्का भयो । तर कहाँ गइन् भन्नेचाहिँ थाहा पाउन सकिनँ ।

उनी माइत त पक्कै गइनन्, मेरै कारणले गर्दा उनको माइतीसँग त्यति राम्रो थिएन । त्यसैले मलाई थाहा थियो उनले त्यहाँ गएर आफ्नो दुःखेसो पोख्दिनन् । उनका माइती मसँगको सम्बन्धले यही दिन देख्न पर्छ भन्दै डराएका थिए । त्यसैले उनी मलाई सकेसम्म सम्हाल्न खोज्दै थिइन् तर म ! मैले भने आफूबाहेक अरुलाई राम्रो सोच्नै सकिनँ । आफ्नो स्वार्थले साँच्चै अन्धो बनेको थिएँ । क्षणिक सम्बन्धबाट जोडिएको नातालाई मैले

जीवन्त बनाउन सकिन किनकि मबाट कहिल्यै प्रयासै भएन, उनी त सकेसम्म सहदै थिइन्, धैर्यको बाँध टुटेछ क्यारे मसँगको सम्बन्ध तोडेर हिंडिन् ।

मैले मेरो अतीत सम्झिएँ, वास्तवमा म मान्छे अलि इखालु थिएँ । कसैले मलाई केही गर्‍यो भने त्यसको बदला जसरी भए पनि लिनै पर्ने स्वभाव थियो । अभिलाषाका बुबा कलेजमा पढाउँथे । एकदिन उनीसँग मेरा भनाभन पर्‍यो । साथीभाइले मलाई नै गलत भने त्यसपछि म एक्लिएँ । त्यसबेलाको मेरो जीवन सम्झँदा अहिले पनि चित्त दुख्छ । मैले मेरो आफ्नै गल्ती हो भनेर माफ मागन सकिनँ । मभित्रको अहंले त्यसो गर्न दिएन । बदलाको भावले जन्म लियो । त्यो कलेज छोडेर अर्कोमा भर्ना भएँ । संयोगले अभिलाषा पनि त्यहीं पढ्दिरहिछिन् । उनी मेरो पहिलो कलेजमा भनाभन भएको प्राध्यापककी छोरी हुन् भन्ने कुरा दुई वर्षपछि मात्र थाहा पाएँ । मभित्रको बदलाको आगो अभिलाषालाई देखेर दन्कन थाल्यो । उनी असाध्यै राम्री थिइन् । उनलाई देखेर नचाहने मान्छे कोही पनि थिएनन् । मलाई पनि सबैले त्यही सोचे तर मेरो नियत त्यस्तो थिएन । अभिलाषालाई शंका हुने ठाउँ दिइनँ र त घरमा मेरोतर्फबाट वकालत गरिन् । मसँग विवाहका लागि राजी गराइन् अभिभावकहरूलाई । उनका बुबाले त मलाई अझै पनि नराम्रो मान्थे । त्यसैले दाजु मसँग कुरा गर्न आए । अन्तमा उनका दाजुले भने "बुबाले त मान्दै मान्नुभएको थिएन, अभिको जिद्दीले गर्दा सबैले झुक्नुपर्‍यो ।"

उनको यो भनाइले झन् बलेको आगोमा घिऊ थप्ने काम भयो । तर म संयमित हुँदै थिएँ । विवाहपछिको उनको र मेरो सम्बन्ध शारीरिक मात्र थियो । आत्मीय बनाउने कोसिसमा उनी थिइन् तर मैले कहिल्यै कोसिस गरिनँ । त्यसैको परिणाम हो यो आज मलाई मेरो कलेजो नै ठण्डा भएझैं लागिरहेछ । जसलाई मैले कहिले माया गर्न सकिनँ । उनले मलाई छोडेर जाँदा मलाई फरक के पर्छ र ? म यस्तै के के सोच्दै थिएँ, हठात् मेरो मनमा उनको पेटमा भएको बच्चाको याद आयो । उनलाई मैले मेरो भन्न नचाहे पनि उनको पेटको बच्चा रहरले नभए पनि करैले मैले मेरो भन्नुपर्छ, जसले यो संसारमा जन्मनुभन्दा अघि नै मृत्युवरण गर्ने स्थिति आउँदैछ यस्तो हुनदिनुहुन्न भनेर मेरो मनले मलाई सम्झाउँदै थियो । मेरो मनले मलाई अभि कहाँ छिन् उनको पत्तो लगाएर उनीसँग माफी मागेर घर फर्काउनुपर्छ भन्दै थियो नत्र दुर्घटना हुनसक्ने कुरा गर्दै थियो । तर मेरो शरीर भने यो गर्न चाहिरहेको थिएन ।

मभित्र एउटा कोलाहल मच्चियो । रात छिप्पिँदै थियो । रुप, गुण, खान्दान आखिर उनमा के को कमी थियो र मैले उनको यस्तो अनादर गरें ? आखिर उनी नभए उनको ठाउँमा अर्को कोही त अवश्य नै आउलिन् । तिनलाई मैले सघाउन सकिनँ भने मेरो जिन्दगी ... । होइन मैले उनलाई फर्काउनै पर्छ र आफूलाई सुधारेर नयाँ आउने पाहुनालाई खुशीसाथ स्वागत गर्ने वातावरण पाउनुपर्छ । उनलाई खोजेर जसरी भए पनि फर्काएर ल्याउँछु । मैले उनलाई फर्काएर ल्याउनुपर्छ भन्दै म जुरुक्क उठें अनि एउटा दृढता बोकेर घरबाट निस्किएँ ।

•

· syf

# संयोग

– पार्वती शाही

खै ? कताबाट सुरु गरौँ म यो कलमको गतिलाई । लेख्ने हातहरू थर-थर कापिर हेछन् । मनमा एक पछि अर्को गर्दै विगतका धमिला तस्बिरहरूले सुनामी ल्याइरहेछन् । र त म यो क्षण यथार्थको धरातलमा भासिन पुगेकी छु । मलाई के थाहा ? संयोगबस मोबाइलमा आएको एक कल फोनले डेढ दशकदेखि गुम्सिएर बसिभूत विगतलाई साक्षात्कार गर्ला भनेर । अनायासैको जम्काभेटले वर्तमानमा नराम्रो थप्पड हानेको छ । विगत र वर्तमानलाई मनको तराजुमा राखेर तौलने प्रयत्न गर्ने कोशिस गर्दै छु । कृपया तिमी नरिसाउनु ल !

प्रिय कन्चन,

तिमीसँग हुन गएको मेरो जम्काभेट चिरपरिचित थिएन न त थियो पूर्व योजना अनुरूप नै । विवशताको भारी बोकी फरक गन्तव्यमा हिँडीरहेका हामी दुई यात्रीबीचमा सम्बन्धको झोलुङ्गे पुल सावित भई दिएको यो विकासको अवयव मोबाइल नेटवर्कलाई धन्यवाद नदिई रहन सक्तिनँ म अहिले ।

मेरो मोबाइलमा बारम्बार घण्टी बजिरहेको थियो । म अफिसमा थिएँ त्यसबेला । लगातारको घण्टीको टड्कारो कर्कस आवाजले काममा अवरोध पुऱ्याउँदै थियो । त्यसैले गोजिमा भएको मोबाइललाई छिटो-छिटो हातमा लिएर हेरैं तर अहिलेसम्म कहिले पनि नदेखेको अपरिचित नौलो नम्बर थियो त्यो । जहिले पनि अपरिचित नम्बरबाट फोन आउँदा मेरो मुटुको धड्कन तीव्र भएर जान्छ । खै ? किन हुन्छ त्यो त मलाई नै थाहा छैन । हो, अहिले पनि त्यही हविगत थियो मेरो । र, पनि निकै छोटो समयको मनोवादपश्चात जति सक्दो चाँडो रिसिभ गर्ने निर्णय गरैं । तर दुर्भाग्य के परेछ कुन्नि ? त्यो समय तिमीले खोजेको मान्छे म थिइन, तिमी त अर्कैको खोजीमा थियौ । मैले तिमीलाई यथार्थ भन्न चाहैं र तिमीले खोजेको मान्छे म नभएको जानकारी पनि दिए । तर पटक पटकको तिम्रो सोधाइले मलाई कता-कता भित्र चिमोटेजस्तो लाग्यो । पहिलो चोटी मेरो कानमा ठोक्किन गएको तिम्रो आवाजले सपनाबाट झल्यास्स बिउँझाएझैं गरिदियो । मेरो शरीरमा एक किसिमको तरङ्ग प्रसारित भयो । म अवाक भएँ, गला अवरुद्ध बन्यो । थरथराई रहेका आफ्ना ओठलाई दाँतले टोक्दै फेरि पनि तिमीसँग म तिमीले खोजेको मान्छे नभएको अनुरोध गरैं । तिमीलाई पत्यार लाग्यो या लागेन मैले यकिन गर्न सकिनँ । त्यो क्षण म छाङ्गाबाट खसेझैं भएँ । मैले मेरो वरपर, अगाडिको कुनै पनि चिजलाई देखिनँ । मानौं मैले त्यसबेला सबैलाई बिर्सी दिएँ । यो सब किन भयो ? थाहा छ कन्चन ? किनकि मेरो कानमा अनायासै ठोक्किन पुगेको तिम्रो आवाज चिर परिचितझैं लाग्यो । कता-कता सुनेजस्तो लाग्यो जुन अहिले पनि मेरो कानमा गुन्जायमान छ ।

समयको बहाव सँगै पुराना स्मृतिहरू मानसपटलबाट एकाएक धमिलिँदै जाँदा

रहेछन् । बल्झिएको घाउँमा समयले मलम लगाइदिँदो रहेछ । तर कन्चन, विस्मृतिमा उघ्राई रहेको विगतलाई तिम्रो यो आवाजले साच्चिकै बैशाखीको काम गऱ्यो । आजभन्दा १५ वर्षअगाडि देखि सुन्न नपाएको आवाज मैले आज सुन्न पाएकी थिएँ । मेरो मोबाइल कतिबेला मेरो हातबाट भुईमा खस्यो त्यो पनि मैले थाहा पाईन । दाँतले च्यापी राखेको ओठ जब बेजेडले टोकियो अनि बल्ल यर्थाथको धरातलमा फर्किएँ । हतार-हतार भुँईको मोबाइल टिपेर गोजीमा राखेँ । मैले कल्पना पनि गरेकि थिइनँ कि यो दुई मिनेटको समयावधिले मलाई यतिसम्म विचलित गराउँछ होला भनेर ।

कन्चन, तिमीलाई के थाहा ? म कुन परिस्थितिमा गुज्रिराखेकी थिएँ त्यो क्षण । मलाई लाग्छ त्यो क्षण, त्यो समय मेरा लागि धेरै नै महत्वपूर्ण भए पनि तिम्रा लागि सामान्य थियो होला र त त्यसपछि फेरि अर्को पल्ट यो भुल दोहऱ्याउन चाहेनौ । हो, त्यसपछिका प्रत्येक पल पनि मेरो लागि सारै कष्टकर भएर व्यतित भए । विगतका धमिला तस्बिरहरू नाटकको दृष्यजस्तै एकपछि अर्को गर्दै तछाड-मछाड भएर प्रतिबिम्बित हुन थाले । म मानसिक रूपमा सारै असक्त भइसकेकी थिएँ । मैले भोगेका बेचैनीलाई न त म तिमीलाई सुनाउन सक्थेँ न त मेरा सहपाठी माझ बाड्न नै । म अफिसबाट कति बेला घर पुगे मलाई नै थाहा भएन । मेरो कोठासँगैको अर्को कोठामा बस्ने साथीको भान्सामा प्रेसर कुकुरले जोरसँग सुस्केरा हाल्यो अनि मलाई कोठामा पुगेको थाहा भयो । कोठा पुगेर पनि मैले केही काम गर्न नै सकिनँ । साच्चै भन्नु पर्दा म त्यो रात राम्रोसँग निदाउन सकिनँ । म यति विचलित भएँ कि मैले अभिव्यक्त गरेका शव्दले पनि त्यति बोल्न सक्तैनन् होला ।

तारन्तारको मेरो बेचैनीलाई मैले सहन नसकी एकपल्ट जसरी भए पनि तिमीलाई भेट्ने निधो गरेँ । अस्तव्यस्त मेरो मनस्थितिलाई म यथास्थितिमा ल्याउन चाहन्थेँ । मेरो कानमा गुन्जिराखेको तिम्रो आवाजलाई दृष्यसँग एकाकार गर्न मन लाग्यो । मनमनै अनेक प्रश्नहरूको विजारोपण हुन थाल्यो । के त्यो आवाज भएको मान्छेको स्वरूप पनि उसैको जस्तो होला त ? कतै त्यो मान्छे उ नै त होइन ? आदि-आदि अनेक अनुत्तरित प्रश्नहरूले मलाई सताउन थाले र मैले तिमीलाई एक पटक जसरी भए पनि भेटेरै छोड्ने सङ्कल्प गरे । मेरो मानसपटलमा पर्न गएको भ्रमलाई च्यात्न चाहेँ । त्यसै दिन तिमीलाई नभेटी नछोड्ने दृढता मनमा साँचेर हतार हतार अफिसतिर लागेँ ।

सदाजस्तै अफिसमा कामको चटारो उत्तिकै थियो । मेरो ध्यान अफिसको काममा पटक्कै थिएन । म असरल्ल थिएँ । तर पनि मेरो कर्तव्य त मैले निभाउनु नै पर्दथ्यो । अलिबेर काम गरेजस्तो गरेर मलाई तिमीसँग फोन गर्ने तीव्र इच्छा जागृत भयो । केही समय मै मन थाम्न नसकी हिजो तिमीले मलाई कल गरेको नम्बरमा फोन डाइल गरेँ । नभन्दै फोन गयो, फोनको गतिसँगै मेरो मुटुको धड्कन पनि तीव्र हुँदै गयो । मेरो अनुहार तातो भएर आयो । तिमीले फोन रिसिभ गऱ्यौ । मैले भन्न चाहेको धेरै कुरा भए पनि त्यतिवेला केही भन्न सकिनँ, खाली यतिमात्रै भन्न सकेँ- “मैले तपाईंलाई आज जसरी पनि भेट्नु छ समय मिलाएर मलाई तुरुन्त कल गर्नुस् है ।” यति भनिसकेपछि मैले तुरुन्तै फोन काटी दिएँ ।

कन्चन, तिमीले त्यो समय के सोच्यौ ? कुन्नि । म त मेरो कुरो भन्न पाएकोमा सारै खुसी थिएँ । मनभित्र फेरि शङ्का र उपशङ्काको द्वन्द्व हुन थालेको थियो । तर पनि समयलाई सुस्केरासँग गन्दै तिम्रो फोनको प्रतीक्षामा थिएँ । तिमीले मेरो मनसायलाई

बुझेर हो वा नबुझेर हो पाँच मिनेट मै कल व्याक गऱ्यौ । हुन त तिमीलाई लाग्यो होला । एउटी केटी त्यो पनि आफै मलाई भेट्न बोलाउँदैछे भने म किन त्यो महत्वपूर्ण समयको भरपुर उपयोग नगरु । त्यसैले त ठीक चार बजे मैले भनेकै ठाउँमा आफ्नो हुलिया बताउँदै आई पुग्ने वाचा गर्दै फोन राख्यौं ।

तिमीलाई भेट्नुभन्दा पहिलेको समय जुन प्रतीक्षाको समय थियो त्यो, कसैको पखाईको समय थियो । मलाई सारै छटपटी भयो । घडीमा हेर्दा हेर्दै लाग्यो त्यो घडीको सुईलाई आफै दुई फन्को घुमाएर चारमा पुऱ्याई दिउ तर यतिले मात्रै म त्यो समय, त्यो क्षणलाई प्राप्त गर्न सक्दिनथेँ । तिम्रो बारेमा धेरै कुरो सोचेँ मैले त्यो २ घण्टाको समयमा । कतै तिमी त्यही मान्छे त होइनौं ? जोसँग आज भन्दा १५ वर्ष पहिलेका धेरै घण्टा, दिन, महिना र वर्ष बितेका थिए । जसलाई भेट्नका लागि भए पनि झिनो आशा मनमा पालेर अहिलेसम्म बाँचिरहेकी छु । सोच्दासोच्दै भित्ताको घडीले चार बजेको सङ्केत गऱ्यो । म हत्त न पत्त अफिसबाट बाहिरिएर अघि तिमीलाई दिएको लोकेसनमा पुगेँ, जुन मेरो अफिस नजिकै थियो । ठेलमठेल रोडको भिडलाई छिचोल्दै मेरा आँखा दौडिराखेका गाडीतर्फ तेर्सिन थाले, तिम्रो हुलियालाई खोज्न । नभन्दै एक छिनमै तिम्रो बाइक नजिकैको पार्किङ स्थलमा आएर टक्क रोकियो । तिमीले निकैबेर आफ्नो आँखालाई यताउति घुमायौ तर मलाई चिन्न सकेनौँ । हुन त कसरी पो चिन्न सक्थ्यौ र कन्चन, म त तिम्रो यात्रामा एक्कासि जम्काभेटमा परेकी अपरिचित पात्र पो थिएँ त । हेलमेटलाई हातमा झुन्डयाउँदै, लुगा टक्टकाउँदै गोजीबाट फोन झिकेर मलाई फोन डायल गर्नु पूर्व नै मैले तिमीलाई डाईल गरिदिएँ । तिमीलाई अव करै लागेर भए पनि मलाई खोज्न बाध्य पारेँ मैले । तिमीले नियालेर चारैतिर हेऱ्यौ । मैले हात हल्लाएँ । बल्ल तिमीले चिनेछौ क्यारे बनावटी हाँसोमा आफुलाई मिसाउँदै समर्थनको सङ्केत प्रस्तुत गऱ्यौं । एकछिन त सन्नाटा नै छायो हामीबीचमा । तर जे जस्तै भए पनि भन्ने पालो मेरो नै थियो किनकि तिमी त्यो ठाउँको लागि नयाँ थियौं । त्यसैले नजिकैको क्याफेमा जाने आग्रह मैले गरेँ, तिमीले स्वीकाऱ्यौ पनि ।

मभित्र त झन अब विगत र वर्तमानको युद्धको सुरुवात भईरहेको थियो । जुन म तिमीलाई त्यो परिस्थितिमा देखाउँन चाहन्नथेँ । मलाई खुसीले हो या के ले हो भित्रैबाट भक्कानो फुटेर आएको थियो । परेलीसम्म आई पुगेका आँसुलाई बल्लतल्ल भित्र फर्काउने प्रयास गरेँ । हो, तिमी त कन्चन, मेरो जिन्दगीको एकलासे यात्राको क्षणिक सहयात्रीको प्रतिरूप थियौ । जससँग आजभन्दा पन्ध्र वर्ष पहिले नै त्यो दोबाटोको चौतारी नपुग्दै अनायासै मेरो साथ छुटेको थियो । मनमनै सोचेँ भगवान पनि हुँदा रहेछन् र त मेरो पुकारा सुनेछन् । मलाई यतिबेला ऊ नभए पनि उजस्तै तिमीलाई भेटाईदिएको थियो त्यो क्षण मेरो भगवानले । त्यतिबेला मलाई तिमीले कसरी बुझ्यौँ ? म मन परेँ या परिनँ ? यो म तिम्रो साथी हुन लायक थिएँ या थिइनँ, त्यो मलाई थाहा छैन । हुन त हो, म मा तिमीमा जस्तो वैँशको लाली थिएन । न त यो सहरको उत्शृंखलताले गोडमेल भई पोसिएकी आधुनिक युवती नै थिएँ । तर एउटी नारीमा हुनु पर्ने सबै थोक म मा विद्यमान थियो र छ पनि ।

क्याफेको टेबलमा बस्दा मलाई तिमीलाई पढ्न धेरै सहज भएको थियो । तिमीले पनि मलाई एक तमास हेरिराखेका थियौं । बेला-बेला म तिम्रो हेराइलाई

उत्साहजनक बनाउन लजाई दिन्थैं पनि । सम्मुख भएर टेबलमा बस्दा मैले तिमीलाई नियालेर हेर्ने मौका पाएँ। तिम्रो मन्द मुस्कान, ती नसालु नयन, अनारका दानाभैँ मिलेका ती दन्त लहर र मिलेको जिउ डाल यी सारा कुराले मेरो वर्तमानलाई बिर्साइ दिएको थियो। थाहा छ ? कन्चन, त्यो समय, त्यो क्षण, मैले तिमीमा पन्ध्र वर्ष पहिले देखि हराएको मेरो त्यो माया पाएँ। जसलाई पाउनका लागि म अहिलेसम्म भौतारी रहेकी छु । पलप्रतिपल विगतका धमिला तस्वीरहरूलाई मुटुमा सजाएर तड्पिरहेकी छु। भिनो आशाको तान्द्रो बुनेर बाँच्नकै लागि भए पनि बाँचिरहेकी छु । कन्चन, त्यति बेला मैले तिमीलाई खुबै हेरैं। मेरा आँखाले अघाउन्जेलसम्म हेरैं । तिमीले सोध्यौ पनि किन मलाई त्यसरी हेर्दै छौं ? मैले कुनै अपराध त गरिनँ भनेर स्वाभाविक थियो तिम्रो सोधाई। पहिलो भेट मै आँखा जुधाउने आँट सबैलाई हुँदैन पनि। मैले तत्काल तिम्रो प्रश्नको उत्तर दिएर तिमीलाई स्पष्टिकरण दिएकी थिएँ। होइन, तिमी अपराधी होइनौं। तर मेरो सामुको यो तिम्रो हुलियाको अनि हिजोदेखि मेरो कानमा गुन्जिराखेको तिम्रो आवाज चिर परिचितभैँ लाग्यो । तिमीलाई मैले यो भन्दा पहिले कतै भेटेभै लाग्यो, त्यसैले हेरेको भनैं। सायद, तिमीलाई अचम्म लागेछ । क्यारे ! त्यतिवेला तिमी हाँस्यौ पनि।

हाम्रो मिलनको त्यो पन्ध मिनेटको समयवधिले मैले अहिले सम्म व्यतित गरेका पन्ध्र बर्षलाई तुहाई दिएको थियो। त्यस पछि हामी छुट्टियौ । अर्को भेटको आशा मनमा सङ्गालेर विदाईका हात हल्लायौँ। कन्चन, तिमीले हाम्रो अस्वभाविक मिलनलाई कसरी लियौ त्यो मलाई थाहा छैन तर मैले मेरो अनुभूति तिमीलाई सुनाउँन चाहे । थोरै भए पनि मेरो विगत र तिमीसँगको भेटबारे तिमीलाई परिचित गराउन चाहैं त्यसैले अहिले तिम्रो व्यस्त समयलाई मैले हस्तक्षेप गर्न खोजैं । कृपया, मलाई माफ गर्नु ल । तिमीलाई दुखाउँने र तिम्रो उपहास गर्ने कुनै हातलमा पनि मेरो मनशाय होइन र हुने छैन पनि । तिमी स्वतन्त्र छौ । जस्तो पहिला थियौ । मेरा अभिव्यक्तिले यदि तिमीलाई मित्रताको हात अगाडि बढाउनमा उत्पेरित गर्छ भने यसमा मेरो पूर्ण समर्थन नै रहनेछ। यदि तिमीलाई मन नै लागेन भने पनि मेरो तिमीप्रति कुनै गुनासो रहने छैन। साँच्ची कै भन्नुपर्दा कन्चन, तिम्रो आफ्नो जिन्दगी छ र मेरो आफ्नै किसिमको पट्यारलाग्दो वर्तमान छ। परिवन्धमा पारेर मेरो नियतिको शिकार तिमीलाई बनाई विवशताको भारी कदापि बोकाउँन चाहदिन म। तिमीसँग गुनासो गर्नु पर्ने कुनै ठाउँ पनि छैन । तिमी न त हिजो मेरो थियौ न त आज नै छौ तर परिस्थितिले भन्छौं या भाग्यले खै कसरी ? हाम्रो मिलन हुन पुग्यो । यसलाई त जिन्दगी कै एउटा अवसरका रुपमा लिएकी छु मैले ।

जिन्दगीका गाल्छेडालाई छिचोल्ने क्रममा अनायासै संयोगले भएको हाम्रो यो जम्काभेट मेरो मानसपटलमा सदा अविस्मरणीय भएर सजिने छ जसरी प्रन्ध बर्ष पछिले देखिका मेरा स्वर्णीम अतित सजीएका छन् ।

अब, अन्तमा, कन्चन, तिम्रो यसमा केही दोष छैन । तिमी तिमीसँग गाँसिएको तिम्रो सुन्दर नाम जत्तिकै निर्मल, स्वच्छ र पवित्र छौं। साँच्चिकै मनदेखि नै भन्छु तिमी कन्चन नै छौं र सदा कन्चन नै रहने छौं ।

•

• n3'syf

# नाच्ने बूढा

– इन्द्रकुमार श्रेष्ठ 'सरित्'

प्रत्येक जुलुस, सभा वा ऱ्यालीमा म उसलाई देखिरहन्थेँ । कपाल फुलेर सेतै भएको, हटिलो-मोटिलो ज्यानको र सधैं हूसिलो मुद्राको बूढा मान्छेलाई म सधैँ अग्रपंक्तिमा देख्दथेँ । सङ्गीत गुञ्जियो कि उनलाई नाच्न कसैले आग्रह गरिरहनु पर्दैन थियो । उनी आफै नाच्न तैयार भैसकेका हुन्थे । उनको काँधमा एउटा पुरानो झोला कहिल्यै छुट्दैन थियो । जुलुसमा आएका मान्छेहरू सबैले उनको नाम नजाने तापनि नाच्ने बूढा भनेर उनी चिनिइसकेका थिए ।

पार्टीको विशेष कामले सिन्धुली जान रिजर्भ गरिएको गाडीमा हामी चढ्दा नाच्ने बुढाअघि नै गाडीमा बसिसकेका रहेछन् । हामीले अभिवादनको न्यानो अनि जोशिलो हात मिलाएपछि हामी वल्लो र पल्लो सिटमा बस्न पुग्यौं । परिचयको आदानप्रदानपछि थाहा भयो उनको नाम दिगम्बर प्रधान रहेछ र पेशाले स्वास्थ्यकर्मी ।

धुलिखेल पुगेपछि हामी गाडीबाट ओर्लिएर चियाखाजा खान हतारियौं । तर दिगम्बरले केही नखाई बसेको देखेपछि मैले सोधें– "दिगम्बरजी तपाईं चियाखाजा लिनुहुन्न ?"

"म घरबाहिर केही खान्न, मित्र ! फलफूल बोकेको छु, भोक लागेपछि त्यही खान्छु उनले सहज रुपमा उत्तर दिए ।

'तर पार्टीको कामका लागि त तीन चार दिन लाग्न सक्छ । खानपिन बिना तपाईलाई त गारो हुने र'छ । – मेरो कुरा सुनेर मुसुक्क मुस्कुराए र मेरो हात दह्रोसँग समाउदै भने– "मित्र ! देश र जनताका लागि दश दश बर्ष भोकप्यास सबै बिर्सेर जनयुद्ध लडियो यो जाबो तीन दिन चार दिनको भोकप्यास कुन ठूलो कुरा हो र ? फेरि मैले भने नि मसूग फलफूल छ । स्वास्थ्यका कारणले म बाहिर पकाएको केही खान्न । पीर नगर्नुस्, मित्र । मलाई केही अप्ठ्यारो हुन्न ।"

आफू भोकै अनि प्यासै रहेर देश अनि जनताको भलो सोंच्ने व्यक्ति उल्टै मलाई पीर नगर्न ंअनुरोध गर्दैछन् । उनी गएरतिर मैले हेरिरहँदा आफ्नै आँखाले दिगम्बरलाई देख्दादेख्दै पनि अचानक एउटा प्रश्न मनमा उम्रियो–के सङ्सारमा यो विधि निःश्वार्थी र समर्पित मान्छे पनि हुन्छन् र ?

## मुक्तक

– असफल गौतम

**बिस्तारै लेखनीको गती दौडाउछु भन्यो मनले**
**विचारमा कलमको मसी पौडाउछु भन्यो भनले**
**कहिले के भन्छ दौडाउछु, कहिले के भन्छ पौडाउछु**
**यहाँको चलन देखेर कुन दिन बौलाउछु भन्यो मनले**

**– स्याङ्जा**

• n3'syf

# साँध

**– इन्द्रकुमार श्रेष्ठ**

आज पनि दुःखपुर चौतारोमा आशारामकै विषयमा पञ्चायती बस्नुपरेको थियो । त्यो समुदाय र समाजका मानिसहरू आजित थिए । कहिले आशारामले कसैलाई ठटाइदिन्थ्यो । कहिले कसैको घरै फोर्थ्यो । कहिले कसैको सामान लिएर नफर्काएको हुन्थ्यो । कहिले रुपियाँपैसा नतिरेको हुन्थ्यो । तर यसपटकको विषयचाहिँ जग्गा थियो । अर्थात् सेवकरामको पट्टि डेढहात जग्गा आशारामले मिचेको विषय ।

जहिले पनि आफूले गरेको बद्मासी, आफ्नो गल्ती र आफ्नो अन्यायका विषयमा जो चोर, उसैको ठूलो स्वरुका पारामा कराउने आशाराम, आज चाहिँ मौन थियो ।

सेवकरामले आफ्नो जग्गा मिचिएको कुरा हाउभाउका साथ स्पष्ट ढङ्गले त्यहाँ उपस्थितहरूका सामु राख्यो । भद्रजनहरूले पनि आशारामको बद्मासी बारेका विगतका घटनाहरू पनि दोहोऱ्याउँदै, ऊ बद्मास नै भएको निष्कर्ष निकाले । अहँ, आशाराम केही बोलेन । उपस्थित महानुभावहरूले, ऊ सुध्रिएको ठाने ।

अन्त्यमा आशारामलाई बोल्न लगाइयो । उसले हात जोडेर भन्यो, "हो, मैले डेढहात जग्गा मिचेकै हो । मेरै कारणले यसरी पञ्चायती पनि बस्नुपऱ्यो । सबैलाई दुःख भयो । म आफ्नो गल्ती स्वीकार्छु । यहाँहरूले बताउनुभएको कुरा सोह्रैआना ठीक छ । तर मैले पनि समय खर्चेर साँध लाइहालें, त्यो साँधचाहिँ नसारिदिनुहोला ।"

– कमलाकुञ्ज, ओखलढुङ्गा

• slj tf

## झरेछ फुल...

**– सरु जर्गाली**

दुर्घटनाग्रस्त सपनाहरू
विपनामा परिणत गर्न
अन्त्यहिन यात्राको माझबाटै
पशुपति धाँए, तुलसीको मठ पुजे
जति पुजे पनि,
मनका गमलामा सजाएका
जिन्दगीका फुलहरू फतक्कै
गलेर मनका संघार भरि झरेछन्
अनुपस्थितीमा तिम्रो ओठमा
विषादको रङ्ग पोतेर मुटु निचोरेर
ढुड.गेमनका बस्तीहरूमा
उन्मुक्तीका लागी शोकाकुल
परिवेशमा चर्काएर मनका फाँटहरू
भ्रमपूर्ण पुष्पहरू फक्रदैछन
निष्पट दिप्तीहरूमा
माधुर्य लोलीमा अल्झिएर
चौबाटोमा टक्क अडिए
छाती भरि माँयाको राप बोकेर
बिडम्बना ।
अन्जान थिए कि अग्निज्वालाको
राँको समिपै बाल्दै गरेको
तिम्रा ढोड.ग्रस्त प्रणयमा
नतमस्तक सपनाहरू मुटुभरि
संगालेर ।

· Joª\o

# दलीय हामयन्त्र

– बद्रीप्रसाद दाहाल

स्थानीय तहका विकास योजनालाई मह बनाएर चुस्नसम्म चुसे'छि धेरै थरी न्यायप्रेमीबाट वह पोखेकैले सर्बदलीय सयन्त्रविरुद्ध तुमुल ध्वनिको आवाज र आक्रोश उर्लियो । जिल्ला विकास समितिमा त्यो स्थानमा हावी भएका दलका नेता र कर्मचारी मिलेर विकासका योजनामा दिसा उस्किने गरी राइदाई मच्चाए'छि अख्तियारले यो भ्रष्ट यन्त्रलाई कोमामा पुऱ्याइदिएको थियो । विगतमा दलीय सङ्यन्त्र लोकतन्त्र र गणतन्त्रको मन्त्र हो भन्ने कथित जिल्लाका थरी तथा मुखियाले जिल्ला विकासलाई लैनो भैंसी बनाई घरघडेरी मोटर जोडे । श्रीमती र प्रेमिकाहरूमा अभिनन्दन र नगद पुरस्कार दिएर आमजनताका विकासलाई तिरस्कार गरेको समाचार छिरिलविरिल नै भयो । भागवण्डाको डण्डा घुमाएर ठण्डा बन्दै पार्टीको झण्डा ओडेका जण्डा खञ्चुरामहरूका हराम कुकृत्यदेखि जिल्ला र गाँउका ठाउँ-ठाँउ घृणा बलिरहेकैले त्यसलाई विघटन गरिएको होला जस्तो लागेको थियो । यतिखेर फेरि सरकार नामधारीले मृत सन्जीवनी ख्वाएर कोमामा मूर्छित दलीय हामयन्त्रलाई जागा बनाउने घोषणा आमजनताको राय माइदै नमाझी मन्त्री रायमाझीले प्राणवायु दिएको हुकुम प्रवाङ्गी गर्न थालेका छन् । केन्द्रीय नेताहरूको बकस र निगाहले जिल्लामा एकछत्र नेता बन्न पाएका "अल्प विद्या भयङ्करी" खालका यी छोटे जिह्लहरू राल बगाउँदै ताल न बेतालसित कुदेको देख्दा सतीले सरापेकै मुलुक रहेछ बा ! भन्ने र पत्याउनै पर्ने अवस्था भएको छ । चुनावसित उतर्सिएर सधै तदर्थवादमा जिन्दावाद भन्नेहरूले लोकतन्त्रको आत्मालाई भने मुर्दावाद नै बनाए बा ! जनतालाई मोहरी बनाएर बाघको छालामा स्यालको दाँइ फेरि चल्ने भयो ।

मुन्द्रे, कुण्डले, जुरे र दादाहरूले खोलेका क्लव, सङ्घ सङ्स्थाहरूको नाममा विकासका रकम धम्की, ढाढस चेतावनी, आफ्नो समर्थन हेर्दै ठूला दलका लुला थपनाहरूले आफूले समेत कमिसन खाने गरी जोप्पाई गर्ने बाँदरे चरित्र विगतका वर्षहरूमा बग्रेल्ती देखियो । युवा सङ्घहरूका नाममा जात्रा, सांस्कृतिक कार्यक्रम, खेलकूद, सरसफाई, वृक्षारोपण आदिका खोल हालेर निवेदनमार्फत रकम कुम्ल्याई कुखुराको साप्रा र तामसी झोलमा हाब्रो च्यातेको च्यात्यै छन् । एल् डि ओलाई तर्साएर, फकाएर , हप्काएर अनि माथिको फोन बाजा बजाएर दलीय प्रतिनिधिका भ्रष्ट पात्रहरू वर्ष दिनमै साहू बनेको राहु दुर्दृष्य अहिले पनि आँखामा ठुङ मार्न आईपुग्छन् । नक्कली उपभोक्ता समितिमा ससुरा, सासू साला, साली, भान्जा भिनाजुलाई थुपारेर कागजी बाघ खडा गरी बाटो खनेको, खाने पानी ट्याङ्की मर्मत गरेको, स्कूलमा जस्ता लगाएको, मन्दिर छाएको, हेक्टर हेक्टर जमिनमा वृक्षारोपण गरेको, ठाउँठाउँका पुल पुलेसो सँच्याएको आदि के के हो मा विकास समितिको कोष बेहोससित लुटेको लुट्यै गर्न पाईने रहेछ । यतिखेर सर्वदलीय हामयन्त्र फुक्का भएकैले अब मुक्कावबादुरहरू रैथाने अगुवाका हुक्का समात्न पुगिसके ।

'रुल अफ ल को' नारा दिएर शान्ति र सङ्विधान हाम्रो अभियान'को चम्किलो तारा देखाएर आ-आफ्ना स्वार्थ मारा गर्ने भ्रष्ट एलिटहरूको हाम यन्त्रलाई फेरि कामयन्त्र

बनाएर कुकाम गरेका छन्, देश हाँक्ने पढन्ते मूर्खहरूले । हुन त 'माम' सरकार (माओवादी र मधेशवादी) सुरुदेखि नै हामकै कुकाममा लागेर ठाम ठाममा अन्तरवस्त्र नै फुकाले । भ्रष्ट, ज्यानमारा, आततायी अपहरणकारी, गुण्डाहरू जम्मा गरेर बनाएको विद्यावारिधी महासयको जम्बो टोली जय शम्भो ! हाम्लाई सुविधा कम भो भनेर देश विदेश सयर गरी राष्ट्रकोष र विदेशी सौजन्यसमेत गुटुमुट्याएर नवकुबेर बन्ने खेती मजैले फस्टाएको छ । यहाँ राजनीति जस्तो ठूलो उद्योग अरु नभएकैले अन्य उद्योगधन्दा प्रायः समाप्तितिर गइसके । "माथि हामी लुट्छौं, तल सकेको गर" भनेर छाडा साँढे झैं अहिलेका केन्द्रीय पाँडेहरूले सबैलाई हाँडे बनाए गाँठे ! त्यसैले त यतिखेर सर्वदलीय हामयन्त्र, दलीय भात भान्छा समिति, विकासका फसल सिध्याउने कम्सल सलहका वथान जिल्ला विकासको गैरी खेततिर लर्को लागेका छन् ! खबरदार दलीय सङ्यन्त्र !!

· slj tf

## घाटनेर कङ्कालसँग

– दुर्गाप्रसाद पोखरेल

एउटा कङ्काल भेटियो
उसले मेरो अघि उभिएर गनाएको मुखले सोध्यो-
"तिम्रो देश अहिले कसले चलाउँछ ?"
मैले भने भने- "हामीजस्तै मान्छेले"
उसले अट्टहास गर्दै भन्यो -
'मान्छेले हाँकेको देश यस्तो हुन्छ ?'
यो हामीले हाँकेको देश हो
मान्छेको मूर्तिभित्र हाम्रो अस्तित्व छ ।
पत्यार लाग्दैन, हेर तिम्रा हरिया सपनाहरू
हाम्रा धुनीहरूमा काला बन्छन्
तिम्रा जीवनमुखी चाहनाहरू
मृत्युका सम्भोगहरूमा अधमराजस्ता देखिन्छन् ।
नियालेर हेर तिम्रो शासकमा हामी सवार छौँ
उसको बोलीमा श्मसानको खरानी उडिरहेछ
उसको हाँसोमा प्रलयको अट्टहास छ
उसको हिँडाइमा एक भयङ्कर त्रास छ
कङ्काल एकोहोरो बोलिरह्यो
म डर र विभत्सताका बीच
उसका सामु हात जोडेर उभिइरहें ।
कस्तो भाग्य हाम्रो ?
श्मसानको कङ्कालमा
जीवनको याचना गरिरहेछौँ
कङ्कालहरूले चलाएको देशमा
अभुतपूर्व उन्नति के गर्नु खै ?

• sljtf

# अन्तिम प्रश्न

– शर्मिला खड्का दाहाल

तिम्रो विचारको भग्नावशेषमा कतिखेर पुरिइसकेको रहेछु
मैले त मात्र प्रेमको महलमा
विश्वासहरू फुलिरहेको आभाषमा आफैलाई
भुल्याइरहेकी थिएँ ।
तिम्रो सम्झनाको ढुकढुकीले मेरो हृदयलाई ढक्ढक्याउँदा
म त्यहाँ बोल्नै नसक्ने खुसीहरू कैद गरिरहेको हुन्थेँ
तर तिम्रो त्यो अनुग्रह एउटा साँचोझैँ
अनुमतिको ताला खोल्न हरदम कुटील चलिरहेको चाल
बुझेर पनि बुझ्न नखोजेझैँ
म कतिखेर हृदयको खजानाखोलिसकेको हुन्थेँ
तिमी ती खजानाका लुटेरा हौँ भन्ने मेरो भावुक हृदयले
कहिल्यै बुझ्न सकेन ।
पहाडजस्तो मनले फूलजस्तो प्रेमलाई थिचेर
त्यो कार्वनझैँ पत्रैपत्रभित्र हिरा पनि हुनसक्छ
खोलाबाट किनारिएका विश्वासका चट्टानहरू
कुशल कालिगढीबाट बनेको प्रेमको मूर्ति
तिमी आफ्नो अस्तित्व बेचेर त्यसको ऋेता पनि हुन सक्छौ
समयको धरातलमा अनेकौँ वृतचित्र कोरिन पनि सक्छ
सद्भाव, सदाचार र सहविचार
परीक्षामा लेख्न छुटेका प्रश्नको उत्तरझैँ
जीवन प्रश्नैप्रश्नको खण्डहरमा परिणत भएको
यथार्थलाई स्वीकार्दै
तिमी मेरा यी अनुभूतिहरूलाई अनुभूत गर्न सक्छौ ?
यो मेरो जीवनको अन्तिम प्रश्न
मसँगै उभिएर मसँगै हराएको छ
किनकी
जीवन अनुभूतिभन्दा पर केही रहेनछ ।

•

**सम्भव भएसम्म मुलुककै स्रोत र साधनको प्रयोग गरी मुलुकलाई आर्थिक एवम् औद्योगिक रूपमा टेवा पुऱ्याउने बानी बसालौं ।**

**नेपाल सरकार**

**सूचना तथा सञ्चार मन्त्रालय**

**सूचना विभाग**

# साग बेच्ने प्रोफेसर र कमारा राख्ने शरणार्थी

– राममणि दुवाडी

कुनै पनि कामलाई कसरी हेर्ने भन्ने कुरा व्यक्ति वा समाजले त्यसप्रति अूगालेको मूल्य, मान्यता वा दृष्टिकोणमा निर्भर गर्दछ । उही कामलाई कहीँ सम्मानले हेरिएको पाइन्छ भने कहीँ घृणाको दृष्टिले । एउटाले वाध्यताको रूपमा गरेको कामलाई अर्कोले आत्मसम्मानको रूपमा पनि लिएको हुन्छ । घरमा कोही साथी वा पाहुना आएको बेला घरमुली आफैले चिया वा खाना पकाएको देख्दा अनौठो मानेर हेर्ने मानिस हाम्रो समाजमा प्रशस्तै देखेको–भेटेको छु । हाम्रो समाजमा विभिन्न कामलाई सानो र ठूलो वा इज्जतिलो र बेइज्जतपूर्ण काम भनेर वर्गीकरण गर्ने चलन अद्यापि छँदैछ । यो विश्वास भनौ वा अन्धविश्वासले अन्य धेरै मुलुकका समाजमा पनि जरा गाडेको पाइन्छ । यस्तै विषयहरूसूग सम्बन्धित दैनिक जीवनका सामान्य भन्दा सामान्य कामलाई अन्य मुलुकमा कसरी हेरिदो रहेछ भन्ने कुराको दुइटा विपरीत उदाहरणबाट यो लेख अघि बढाउन खोजेको छु ।

करिव २ वर्ष अघिको कुरा हो । म एउटा कामको सन्दर्भमा संयुक्त राज्य अमेरिका पुगेको थिएँ । न्यूयोर्कबाट गाडीमा करीव ७–८ घण्टाको दुरीमा मेरो एकजना आफन्त एउटा विश्वविद्यालयमा पढ्थे । नजिकको आफन्त भएकोले उनले मलाई केही दिन सँगै बस्न र घुम्नका लागि निम्तो दिएका थिए । लामो समय पछि नजीकको आफन्तसँग भेट हुँदा हामी दुवै पक्ष खुशीले थियौं । ती मेरा आफन्तले फुर्सद निकालेरै भएपनि हामीलाई हरेक दिन कतै न कतै घुमाउन, देखाउन लैजान्थे । आफू पनि नौलो ठाउँको नौला व्यवहार, नौलो चालचलन, नौलो संस्कृति, नौलो मूल्य मान्यता देखेर कहिले दङ्ग त कहिले अचम्म मान्थें । खास गरी त्यहाँको मानिसमा पाइने काम प्रतिको निष्ठा र समयको पूर्ण सदुपयोग गर्ने सोच ज्यादै सकारात्मक लाग्यो । हाम्रो संस्कृतिमा सुपाच्य नमानिने बानी व्यहोराहरू पनि त्यहाँ धेरै पाइन्थे तापनि फरक समाजमा फरक मूल्य मान्यता रहनु स्वाभाविकै हो । तर  कामलाई साना र ठूलाले गर्ने भनेर छुट्याउने, ठूलो ओहदामा पुगेकाले घर, करेसाबारी वा टोल समुदायको काम गर्दा इज्जत घटेको ठान्ने वा अरू कसैले त्यस्तो काम गरेको देख्दा खिसी गर्ने बानी त्यहाँ पटक्कै देखिएन ।

एकदिनको कुरा हो, त्यहां पनि हाम्रै जस्तो शनिवारे, आइतवारे हाट लाग्ने ठाउं हुंदा रहेछन् । हाट बजारमा कसैले आफ्नै वारीमा फलाएका फलफूल तथा हरियो तरकारी त कसैले आफ्नै घरमा बनाइएका विस्कुट कुकिज लगायत विभिन्न वस्तुहरू बेच्न ल्याउदा रहेछन् । हाटबजारमा पनि उनीहरू ग्राहकलाई तानातान नगरी शान्तसंग आफूतिर ग्राहक आउने प्रतिक्षा गर्दा रहेछन् । म र मेरा आफन्त पनि हाटबजार हेर्न र मन पर्ने ताजा चिजविज किन्ने मनसायले त्यहां पुग्यौं । अमेरिकामा पुगेर पनि शनिवारे हाट देख्न पाएकोमा दङ्ग पर्दै हामी सामान हेर्दै र चाहिने सामानको मोलतोल गर्दै अघि बढ्यौं । यत्तिकैमा हामी एउटा ६० काटेका पुरूषले ताजा सागसब्जी र हरिया मकैका घोगा बेच्न बसेका ठाउँमा पुग्यौं । मेरा आफन्त र ती मान्छेले हात

मिलाएर सामान्य अभिवादन साटसाट गरे । त्यसपछि मेरा आफन्तले मसँग ती साग बिक्रेताको परिचय गराए। ती व्यक्ति त स्थानीय केन्टस्टेट युनिभर्सिटीका भौतिक शास्त्रका त्यस्ता सुप्रसिद्ध प्राध्यापक रहेछन् जसको मातहतमा नेपाल जस्ता धेरै देशबाट उक्त विश्वविद्यालयमा अध्ययन गर्ने धेरै प्रतिभाशाली व्यक्तिहरूले विद्यावारिधी (PHD) सम्पन्न गरेका रहेछन्। अनुसन्धान र अध्यापनबाट बचाएको सीमित समय परिवारको मेहनतलाई करेसाबारीको काममा लगाएर आनन्द बटुल्न र विश्वविद्यालयको आम्दानीले पुगनपुग खर्च जुटाउन उनी विहान बेलुका बचेको केही समयलाई आफ्नै आवास गृहको करेसावारीमा मौसमी तरकारी वा मकै फलाएर शनिवारे हाटबजारमा बेचेर केही रकम जुटाउँदा रहेछन् ।

उनीमात्र नभएर उनीजस्तै उच्चपदस्थ थुप्रै व्यक्तिहरू त्यसरी हाटबजारमा सामान बेच्न बस्दा रहेछन् । उनको लवाइ र बोलीचाली हेर्दा विश्वविद्यालयको प्रोफेसर भनेर अनुमान गर्न पटक्कै सकिदैनथ्यो । उनको त्यो महानता, सरलता र कामप्रतिको निष्ठा देखेर म नतमस्तक भएं र तुलना गरें आफ्ना देशका ठूलाबडा भनिएका मानिसको व्यवहार र चिन्तनसंग ती सरल तर महान गुरूको बोलीचाली र व्यवहारमा न त प्रोफेसर हुनुको घमण्ड कतै झल्कन्थ्यो न त बारीमा फलाएको तरकारीफलफुल हाटबजारमा तरकारी बेच्दाको संकोच नै । हाम्रै देशमा पनि आफ्नो पदीय दायित्व र कामलाई उच्च सम्मान गर्ने उदाहरणीय व्यक्तित्वहरू प्रशस्तै पाइन्छन् । तर नया पुस्ताको ठुलो जमातमा परम्परागत कामप्रति देखिने बढ्दो वितृष्णा हाम्रो लागि चिन्ताको विषय बनेको छ । शहरको त कुरै छाडौं, गाउघरमा समेत एस.एल.सी. सम्म पढेकाले पनि बाबुबाजेले गर्दै आएको खेतबारीको काम र गाईभैसी पाल्ने काम चटक्कै छाडी बाबुआमा वा श्रीमतीले दुध बेचेर कमाएको पैसा नजीकको चौतारो, दोबाटो वा चौबाटोमा तास वा क्यारमबोर्ड खेलेर वा रेष्टुरामा कोक, फेन्टा, चिया वा मदिरामा उडाएर आफूलाई ठूलो मानिस बनेको सपना देख्ने नयाँ पुस्ता प्रशस्त छन् । यसले हाम्रो समाजको भोलीको स्वरूप कस्तो होला भन्ने अनुमान गर्न सकिन्छ ।

केही यूरोपियन देशहरूमा त समाजमा सबैभन्दा इज्जतदार वर्गको रूपमा किसानलाई मानिदो रहेछ । कसैसंग परिचय दिदा सके आफैलाई किसान देखाउन चाहने, त्यो नभए मेरा बा आमा किसान थिए भन्न पाउदा पनि गर्व गर्ने, त्यति पनि नभए मेरा ५ वा ७ पुस्ता अगाडिका बाजेबराजु किसान थिए रे भनेर पनि गर्व गर्ने मानिसहरू मैले प्रशस्तै देखें, भेटें र कुरा गरें । उनीहरू आफूलाई देशको मन्त्री, सांसद भन्दा किसानको रूपमा देखाउन पाउंदा बढी सम्मानित ठान्दा रहेछन्। हुन पनि सबै काम त्यत्तिकै पुजनीय हुन्छन् । खांचो पर्दछ केवल त्यसलाई हेर्ने सफा दृष्टिकोणको । वास्तवमा कामप्रतिको निष्ठा र समयको सदुपयोगले नै ती देशहरू आज संसारमै उन्नतिको शिखरमै पुगेको पाइन्छ ।

यसको ठीक विपरित, केही अर्काथरी समाजका मानिसमा रहेको काम प्रतिको विपरीत दृष्टिकोण कस्तो हुंदो रहेछ भन्ने एउटा अर्को दृष्टान्त पनि प्रस्तुत गर्न सान्दर्भिक ठान्दछु ।

पूर्वी अफ्रिकी देश इथिओपियामा केही दशक पहिले विभिन्न कारणले लामो समयसम्म गृहयुद्ध चर्कियो र जातिय हिंसाको कारण उक्त देश इथिओपिया र इरित्रिया गरी दुई अलग देशको रूपमा विभाजित भयो । युद्धकालमा त्यहांका केही मानिस शरणार्थी बनेर अमेरिका र युरोपका विभिन्न देशमा पुगे । त्यहां पुग्ने शरणार्थीलाई ती राष्ट्रले गांस बासको व्यवस्था गरी केही वर्षपछि आफ्नो देशको नागरिकता पनि दिए । इथिओपियन शरणार्थीलाई मानवताको नाताले गांस, बास र नागरिकता दिने ती यूरोपियन देशहरू केही वर्ष पछिनै तेश्रो विश्वबाट शरणार्थी भित्र्याउनु आफ्नो गल्ती भएको महसुस गर्न थाले ।

यसको एउटा कारण के पाइयो भने अर्काको देशमा छिरेको केही वर्ष नबित्दै शरणार्थीहरू भित्रै पनि हुने र नहुने अर्थात सम्पन्न र विपन्नको दुई समूह देखिन थाल्यो । किनकि राजनैतिक शरणार्थीको नाममा त्यहां गरीव मात्र आएका थिएनन् । आफ्नो देशमा रहदा घरमा नोकर चाकर पाल्ने र मोजमस्ती, ऐस आराम गर्ने बानी त छुटेको थिएन । इथिओपियका केही सम्पन्न परिवार पनि देशको अस्थिरता र लुटपाटको भयले शरण ाार्थीको आवरणमा आफू, आफ्नो परिवार र आफ्ना केही नोकरचाकरलाई पनि शरण ाार्थीको रूपमा यूरोप छिराउन सफल भएका थिए । तिनले आफै शरणार्थी भएर पनि खाना पकाउने, लुगा धुने लगायतका काम आफूले नगरी तिनबाट गराउन थाले । यो उनीहरूको आफनै देशबाट आयातीत सामन्ती संस्कार थियो । जवकि डेनमार्क, स्विडेन, नर्वे जस्ता स्केण्डिनेभियन देशहरूमा मानिसलाई कमारा कमारी राख्ने चलनलाई मानवता विरूद्धको अपराधको रूपमा लिइन्थ्यो । शरणार्थीहरूको यस्तै व्यवहारले गर्दा ती स्केण्डिनेभियन देशका नागरिकहरूमा भविष्यमा सकभर शरण ाार्थी नै नलिने र लिनै परे पनि यस्ता पक्षहरूमा विशेष ध्यान पुर्‍याउनुपर्ने दवाव सरकारमाथि पर्न थाल्यो ।

त्यसकारण, कामलाई कसरी हेर्ने भन्ने विषय आर्थिक सम्पन्नता र विपन्नता भन्दा पनि समाजको मूल्य, मान्यता र दृष्टिकोणमा निर्भर रहने विषय हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ र यस्ता मूल्य, मान्यता र दृष्टिकोण ालाई सरकारको उपयुक्त नीति कार्यान्वियनका अतिरिक्त समाजका लोकप्रिय नेता, अभिनेता, कलाकार, उच्चपदस्थ व्यक्ति तथा समाजले आदर्श मानेका व्यक्तिहरूको चिन्तन, आचरण ा र व्यवहारलाई समाजसमक्ष उदाहरणको रूपमा प्रस्तुत गरेर सकारात्मक दिशामा परिवर्तन गरी नमूना सोच र संस्कृति निर्माण ा गर्न सकिन्छ ।

• slj tf

# आमाको व्यथा

**– उमेश चौलागाई**

**विगत सम्झी वर्तमान नियाल्न नसकेर**
**आमाको आँखाबाट तप्पतप्प आँसु खसेको छ**
**सक्तिनन् आमा यथार्थ आफू बताउन**
**आफ्नै सन्तानहरूको लाश, आफ्नै अगाडि**
**आफ्नै छाती माझमा पुरिएको छ**

**सक्दिनन् आमा छाती खोस्री र खनी**
**ति वितेका सन्तानको, अमृत छर्न लाशमा**
**मध्य रातमा वारुद र गोलीले छाती चिराचिरा पार्छ**
**त्यसैले,**
**सक्दिनन् आमा कतै पनि ,**
**आनन्दसँग रात बिताउन बासमा**

**मस्त निदाएको मध्यरातमा**
**आफ्नो छातीमा कसैले टेक्दा**
**ऐया र आ...थ..हा भन्दै धरमराउँदै**
**आँखा मिच्दै–मिच्दै, आमा उठ्दा**
**छक्क पर्छिन् आफ्नै छोराहरू आपसमा**
**बन्दुक, गोली, वमले**
**एक अर्को सँग लडेको देख्दा**

**चिच्याउँछिन् आमा हार गुहार माग्छिन्**
**छर छिमेकमा मात्र हैन,**
**टाढा टाढाको पनि गाउँमा**
**एकैछिन् रोकिएर आमा सोच्छिन्**

**आफ्नै छोराहरू आपसमा लड्दैछन् ,**
**सहयोग माग्ने कसको लागि ?**
**मिलीजुली बसीदिए हुन्थ्यो आफ्ना सन्तान**
**यही सोचाईले पिरोल्दै छ आज आमालाई ।।**

**कुलेश्वर, काठमाडौं**

# आँसुको फूलभित्र यशु श्रेष्ठ




• मिना पौडेल

यशु श्रेष्ठ नेपाली साहित्यमा परिचय गराइरहनुपर्ने नाम होइन। उनले बालसाहित्यमा सक्रिय रहेर दर्जन जति बालकथा कृतिहरू प्रकाशित गरिसकेका छन् । उनी सम्पादन क्षेत्रमा पनि क्रियाशिल छन्। यतिखेर उनी प्रस्तुत कृतिमार्फत कथाकारका रुपमा समेत उपस्थित भएका छन्। प्रौढसाहित्यको पहिलो सङ्ग्रह भए पनि उनका कथाहरू रोचक र उपलब्धि मुलक छन् ।

प्रस्तुत कथा सङ्ग्रह आँसुको फूलमा विभिन्न भावभूमी र विषय क्षेत्रमा स्रोह कथाहरू छन् । ती कथाले हाम्रा समाजका विकृतिहरूलाई यथार्थरुपमा छर्लङ्ग पारेका छन् ।

यस कथासङ्ग्रहमा पात्रहरूको चरित्रलाई पनि जीवन्त रुपमा प्रस्तुत गरिएको छ । सङ्ग्रहमा समेटिएका १६ कथाहरू अवशेष, दुखोको घर, मान्छे र मान्छेहरू, रामदयाल चाचा, फर्किएको जीवन, वेश्वा, मान्छे र परिस्थिति, चाँदेखोला, छोरा, मुक्ति, दाइजो, लडाई, आधाआधा अनुहार, पिङ्की र प्रेम, ऊ, उही थियो आदि हुन् । १६ कथाको सञ्चयन हो आँसुको फूल। केही राजनीतिक र अधिक सामाजिक विषयभूमिका कथा नेपाली समाज बोक्छन्, बोल्छन् । आफैंमा पीडाको अभिव्यक्ति गर्छन् । यशु श्रेष्ठले नेपाली समाजकै दुःखका अनेक आयमलाई कथा बनाएका छन् ।

उनी कतै आँसुको फूलभित्र जीवनको खोतल्छन् त कतै भन्ज्याङ्को फेदमा बसी कुरुपता सम्भन्छन्। यसैगरी कतै अठोटको दियो बालेर अगाडि बढ्ने सङ्घर्षको बाटो रोज्न पनि प्रोत्साहित गर्दछन् । अन्त्यमा कथाकार यसु श्रेष्ठलाई यति राम्रा कथाहरू लेख्नु भएकोमा धन्यवाद र अभ्क अरू कथाहरूमा उहाँलाई धेरै सफलता मिलोस भन्न चाहन्छु । •